# साहित्यकार तुलसीप्रसाद न्यौपानेको कथाकारिता

त्रिभुवन विश्वविद्यालय
मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत
स्नातकोत्तर तह (एम्.ए.), द्वितीय वर्षको
दसौँ पत्रको प्रयोजनार्थ
प्रस्तुत

## शोधपत्र

**शोधार्थी**
**रमेश रोका**
शैक्षिक सत्र : २०६७/२०६९
त्रि.वि. दर्ता नं.: ९-२-५७९-६-२००८

नेपाली विभाग
**वीरेन्द्र बहुमुखी क्याम्पस**
भरतपुर, चितवन
२०७२/२०१६

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवन नेपाली विभागअन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षका छात्र रमेश रोकाले **साहित्यकार तुलसीप्रसाद न्यौपानेको कथाकारिता** शीर्षकको शोधपत्र मेरा निर्देशनमा तयार पार्नुभएको हो । परिश्रम र लगनका साथ तयार पारिएको प्रस्तुत शोधकार्यबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०७३/१२/१५

____________________________

**डा. एकनारायण पौड्याल**
सहप्राध्यापक
वीरेन्द्र बहुमुखी क्याम्पस
नेपाली विभाग
भरतपुर, चितवन

# कृतज्ञता ज्ञापन

प्रस्तुत **साहित्यकार तुलसीप्रसाद न्यौपानेको कथाकारिता** शीर्षकको यो शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवनको नेपाली विभाग, स्नाकोत्तर तह, द्वितीय वर्षको पाठ्यांश परिपूर्तिका निम्ति दसौं पत्रको प्रयोजनार्थ तयार गरिएको हो । यो शोध पत्र मैले मेरा आदरणीय गुरु सहप्राध्यापक डा. एकनारायण पौड्यालको कुशल निर्देशनमा तयार पारेको हुँ । यस क्रममा आफ्नो ब्यस्त समयका बावजुद पनि यथाशक्य समय निकालेर अत्यान्तै सरल, सहज तथा आत्मियतापूर्वक मलाई सही निर्देशन दिनुभएकोमा म उहाँप्रति हृदयदेखि नै आभार प्रकट गर्दछु । यसै गरी उपर्युक्त शीर्षकमा अध्यन र विश्लेषण गर्न स्वीकृति प्रदान गर्नुहुने त्रिभुवन विश्वविद्यालय, वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभागका विभागीय प्रमुख समादरणीय गुरु प्रा. डा. होमनाथ सापकोटाप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

यस शोधपत्रको तयारीका क्रममा आवश्यक पर्ने पुस्तकहरू, पत्रपत्रिकाहरू र अन्य सामग्रीहरू सङ्कलन गर्ने र उपलब्ध गराइदिने कार्यदेखि लिएर जिज्ञासाको उत्तर दिएर पूर्ण सहयोग गर्नुहुने शोधनायक तुलसीप्रसाद न्यौपाने ज्यू तथा न्यौपाने परिवारका अन्य सदस्यहरूप्रति पनि हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा मलाई व्यक्तिगत रूपमा सहयोग गरेर आजीवन बिर्सनै नसक्ने गुन लगाउने जीवनसङ्गिनी बिमला दुलाल, सहपाठीसाथी सन्तोष काफ्ले, भाइ विवश जोशी र पढ्ने प्रेरणा दिनुहुने आदरणीय गुरु बुद्धिबिलास धिताल, चेतनाथ पन्त पूजनिय माता-पिता तथा दिदी-भेनाप्रति पनि हार्दिक कृतज्ञता प्रकट गर्दछु । साथै शोधपत्र तयार गर्ने क्रममा प्रत्यक्ष-अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने सबै सहयोगीहरूलाई पनि हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

अन्यमा **साहित्यकार तुलसीप्रसाद न्यौपानेको कथाकारिता** शीर्षकको यो शोधपत्र आवश्यक मूल्याङ्नका लागि त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, चितवनको नेपाली विभाग समक्ष प्रस्तुत गर्दछु ।

मितिः २०७३/१२/१५

..............................

**रमेश रोका**

# विषयसूची

## परिच्छेद एक

## शोधपरिचय


| | |
|---|---|
| १.१ विषयपरिचय | १ |
| १.२ समस्याकथन | १ |
| १.३ शोधको उद्देश्य | २ |
| १.४ पूर्वकार्यको विवरण र समीक्षा | २ |
| १.५ शोधको औचित्य, महत्त्व र उपयोगिता | ५ |
| १.६ शोधकार्यको सीमाङ्कन | ५ |
| १.७ सामग्री सङ्कलनविधि | ५ |
| १.८ सैद्धान्तिक ढाँचा र शोधविधि | ५ |
| १.९ शोधपत्रको रूपरेखा | ६ |


## परिच्छेद : दुई

## साहित्यकार तुलसीप्रसाद न्यौपानेको जीवनी र व्यक्तित्व


| | |
|---|---|
| २.१ विषयप्रवेश | ८ |
| २.२ जीवनी | ८ |
| २.२.१ वंशपरम्परा र नामकरण | ८ |
| २.२.२ बाल्यकाल र उपनयन | ९ |
| २.२.३ शिक्षारम्भ | ९ |
| २.२.४ वैवाहिक तथा पारिवारिक स्थिति | १० |
| २.२.५ आर्थिक अवस्था | ११ |
| २.२.६ उच्चशिक्षा | ११ |
| २.२.७ पेसा | १२ |
| २.२.८ लेखनमा प्रेरणा र प्रभाव | १३ |
| २.२.९ रुचि तथा स्वभाव | १३ |
| २.२.१० अविस्मरणीय घटना | १४ |

२.२.११ भ्रमण १५
२.२.१२ संघ सस्थासँगको आवद्धता १५
२.२.१३ सम्मानतथा पुरस्कार १६
२.२.१४ चिन्तनविचार र दर्शन १७
२.३ व्यक्तित्व १८
२.३.१ बाह्य व्यक्तित्व १८
२.३.२ आन्तरिक व्यक्तित्व १८
२.३.२.१ साहित्यिक व्यक्तित्व १९
२.३.२.२ साहित्येतर व्यक्तित्व २५
२.४ निष्कर्ष

## परिच्छेद : तीन

## विधातत्वका आधारमा कथाहरूको विश्लेषण

३.१ विषयप्रवेश ३२
३.२ कथातत्वको परिचय ३२
३.३ कथाहरूको विश्लेषण ३४
३.३.१ 'संस्कार' कथाको विश्लेषण ३४
३.३.२ 'लीना' कथाको विश्लेषण ३५
३.३.३ 'आमा बन्ने रहर' कथाको विश्लेषण ३६
३.३.४ 'छोराको चिट्ठी' कथाको विश्लेषण ३७
३.३.५ 'सुर्खेतकी सुन्दरी' कथाको विश्लेषण ३८
३.३.६ 'आन्दोलन' कथाको विश्लेषण ४०
३.३.७ 'जीवन' कथाको विश्लेषण ४१
३.३.८ 'ऊ एक्लै रुन्छे' कथाको विश्लेषण ४२
३.३.९ 'धूपीको फेदमुनि' कथाको विश्लेषण ४३
३.३.१० 'पाँच वर्षअघिको परिचित आवाजपछि' कथाको विश्लेषण ४५
३.३.११ 'धोखा' कथाको विश्लेषण ४६
३.३.१२ 'दरवारकी कली' कथाको विश्लेषण ४७
३.३.१३ 'विवशता' कथाको विश्लेषण ४८

३.३.१४ 'दबाव' कथाको विश्लेषण ५०
३.३.१५ 'रूपनारायण' कथाको विश्लेषण ५१
३.३.१६ 'कान्छा मुखिया अकमक्कै भए' कथाको विश्लेषण ५२
३.३.१७ 'प्रतीक्षा' कथाको विश्लेषण ५३
३.३.१८ 'भूतको कथा' कथाको विश्लेषण ५४
३.३.१९ 'सङ्गीत मोह' कथाको विश्लेषण ५५
३.३.२० 'असत्य प्रभुत्व' कथाको विश्लेषण ५७
३.३.२१ 'जवाफ' कथाको विश्लेषण ५८
३.३.२२ 'संस्कार' कथाको विश्लेषण ५९
३.३.२३ 'लोग्ने स्वास्नी' कथाको विश्लेषण ६०
३.३.२४ 'मृत्यु किन?' कथाको विश्लेषण ६१
३.३.२५ 'अधुरो सपना' कथाको विश्लेषण ६२
३.३.२६ 'अन्तर वेदना' कथाको विश्लेषण ६३
३.३.२७ 'मनस्थिति' कथाको विश्लेषण ६४
३.३.२८ 'बिर्सिएको व्यथा' कथाको विश्लेषण ६५
३.३.२९ 'पाँच रुपयाँको नोट' कथाको विश्लेषण ६७
३.३.३० 'उसैको दुलाहा हो क्यारे' कथाको विश्लेषण ६८
३.३.३१ 'ऊ साह्रै राम्रीछे' कथाको विश्लेषण ६९
३.३.३२ 'कागको कथा' कथाको विश्लेषण ७०
३.३.३३ 'रमेश' कथाको विश्लेषण ७१
३.३.३४ 'प्रत्युत्तर' कथाको विश्लेषण ७३
३.३.३५ 'रामु' कथाको विश्लेषण ७४
३.३.३६ 'रेखा' कथाको विश्लेषण ७५
३.३.३७ 'रोदिघरमा' कथाको विश्लेषण ७६
३.३.३८ 'मन भाँचिएपछि' कथाको विश्लेषण ७८
३.३.३९ 'भ्रमित' कथाको विश्लेषण ७९
३.३.४० 'पहले' कथाको विश्लेषण ८०
३.३.४१ 'एउटा युवक' कथाको विश्लेषण ८१

३.३.४२ 'चिट्ठाको टिकट' कथाको विश्लेषण ८२
३.३.४३ 'मसानघाटमा' कथाको विश्लेषण ८३
३.४ निष्कर्ष ८४

## परिच्छेद : चार
## तुलसीप्रसाद न्यौपानेका कथागत प्रवृति

४.१ विषयप्रवेश ८६
४.२ यौनमनोवैज्ञानिक कथाकार ८७
४.३ नारीवादी कथाकार ९३
४.४ घटनाप्रधान कथाकार ९६
४.५ प्रगतिवादी कथाकार ९८
४.६ सामाजिक यथार्थवादी कथाकार १०१
४.७ सरल, सहज भाषाशैली प्रयोग गर्ने कथाकार १०३
४.८ राजनैतिक क्षेत्रका विकृतिलाई मुख्य विषयका रूपमा अवलम्बन गरी लेख्ने कथाकार १०४
४.९ पात्र चयनगत विविधता अवलम्बन गर्ने कथाकार १०५
४.१० सूक्ष्म परिवेश चित्रण गर्ने कथाकार १०७
४.११ विषयगत विविधतामा रुचि राख्ने कथाकार १०९
४.१२ निष्कर्ष १११

## परिच्छेद : पाँच
## सारांश र निष्कर्ष

५.१ सारांश ११२
५.२ निष्कर्ष ११३

सन्दर्भसूची ११७

परिशिष्ट ११९

# सङ्क्षिप्तशब्दसूची

| | |
|---|---|
| आइ.ए. | इन्टरमिडिएट अफ आर्टस् |
| आइ.एस्सी. | इन्टरमिडिएट अफ साइन्स |
| इ.पू. | इसापूर्व |
| इ.सं. | इस्वी संवत् |
| उ.मा.वि. | उच्च माध्यामिक विद्यालय |
| एम.बि.बि.एस. | ब्याचलर अफ मेडिसियन एण्ड ब्याचलर अफ सर्जरी |
| ए.सी. | एयर कन्डिसन |
| एम.ए. | मास्टर अफ आर्टस |
| को.ले.नि.का. | कोष तथा लेखा नियन्त्रण कार्यालय |
| त्रि.वि.वि. | त्रिभुवन विश्वविद्यालय |
| ना.सु. | नायव सुब्बा |
| नि. | निर्देशक |
| ने.क.पा. | नेपाल कम्युनिस्ट पार्टी |
| ने.का. | नेपाली काङ्ग्रेस |
| ने.भा.प्र.स. | नेपाली भाषा प्रकाशिनी समिति |
| ने.रा.प्र.प्र. | नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान |
| पा.लि. | प्राइभेट लिमिटेड |
| बी.बी.सी. | ब्रिटिस ब्रोडकास्टिङ कर्पोरेसन |
| बी.एड. | ब्याचलर अफएजुकेन |
| बी.एल. | ब्याचलर अफ ल |
| वि.सं. | विक्रम संवत् |
| भ.न.पा. | भरतपुर नगरपालिका |
| भी.सी. | भिक्टोरिया क्रस |
| यु.ए.इ. | युनाइटेड अरब इमिरेट्स |
| यु.एस.ए. | युनाइटेड स्टेट्स अफ अमेरिका |
| रा.प.अ. | राजपत्र अङ्कित |
| रा.यो.आ. | राष्ट्रिय योजना आयोग |
| लो.से.आ. | लोक सेवा आयोग |
| शा.ने.वा.नि. | शाही नेपाल वायुसेवा निगम |
| सम्पा. | सम्पादक |
| स्व.वि.यु. | स्वतन्त्र विद्यार्थी युनियन |

# परिच्छेद एक

# शोधपरिचय

# परिच्छेद : एक

# शोध पारिचय

## १.१ विषयपरिचय

साहित्यकार तुलसीप्रसाद न्यौपानेले कथा, कविता, गीत, यात्रासंस्मरणात्मक निबन्धका साथै समालोचनामा कलम चलाएका छन् । उनले समाजसेवाका साथै शिक्षाको विकासका क्षेत्रमा पनि योगदान दिएको पाइन्छ । साहित्यकार न्यौपानेका हालसम्म क्रमशः **मनको लहर** (२०६४), **मान्छेका कथा** (२०६४), **महादेशीय यात्रा** (२०६६), **पुस्तान्तर** (२०६६), **नसम्झिएका कथाहरू** (२०७०) र **बिर्सिएका कविताहरू** (२०७०) गरी जम्मा छवटा पुस्तकाकार कृतिहरू प्रकाशित छन् । यस्तै स्थानीय एवम् राष्ट्रिय स्तरका विभिन्न पत्र-पत्रिकाहरूमा न्यौपानेका विभिन्न लेख, रचाना र समालोचनाहरू प्रकाशित छन् ।

उपर्युक्त कृतिहरूको अध्ययन गर्दा न्यौपाने गोरखादेखि काठमाडौँ हुँदै देशका विभिन्न ठाउँहरू घुम्दै नयाँ-नयाँ अनुभव, भोगाइ तथा अध्ययनबाट साहित्यका क्षेत्रमा अगाडि बढेका कुशल व्यक्तित्व भएको छर्लङ्ग हुन्छ । २०६७ सालसम्ममा उनका पुस्तककार कृतिका रूपमा दुईवटा कथासङ्ग्रह, एउटा समालोचना र एउटा यात्रासंस्मरण प्रकाशन भएपछि उनको जीवनी व्यक्तित्व र कृतित्वको विषयमा शोधपत्र भएको छ । साहित्यकार न्यौपानेको जीवनी व्यक्तित्व र कृतित्वका विषयमा शोध भए कथाकारितामा भने सैद्धान्तिक रूपमा विश्लेषण भएको पाइँदैन । त्यसकारण प्रस्तुत शोधमा उनको कथाकारितालाई समेटेर कथागत प्रवृत्ति निरूपण गर्ने उद्देश्य राखिएको छ । अतः यस शोधको शीर्षक **तुलसीप्रसाद न्यौपानेको कथाकारिता** चयन गरिएको छ ।

## १.२ समस्याकथन

साहित्यकार तुलसीप्रसाद न्यौपानेको कथाकारिता शीर्षकसँग सम्बद्ध भएर गरिएको शोधकार्यका निम्नलिखित समस्याहरू रहेका छन् :

क) तुलसीप्रसाद न्यौपानेको जीवनी र व्यक्तित्व के-कस्तो रहेको छ ?

ख)	तुलसीप्रसाद न्यौपानेको कथागत प्रवृत्ति के कस्तो  रहेको  छ ?

ग)	कथातत्वका दृष्टिले तुलसीप्रसाद न्यौपानेको कथा के-कस्तारहेका छन् ?

यिनै समस्याको समाधानार्थ यो शोधकार्य गरिएको छ ।

## १.३ शोधकार्यको उद्देश्य

उल्लिखित समस्याहरूमा केन्द्रीत भई तुलसीप्रसाद न्यौपानेको कथाकारिताको अध्ययन गर्नु मूल उद्देश्य रहेको छ :

क)	जीवनी व्यक्तित्वको सामान्य अध्ययन गर्नु,

ख)	तुलसीप्रसाद न्यौपानेका कथा प्रवृत्तिबारे अध्ययन गर्नु,

ग)	तुलसीप्रसाद न्यौपानेको कथालाई कथा तत्त्वका आधारमा विश्लेषण गर्नु ।

यो शोधकार्य यिनै उद्देश्यहरू परिपूर्तितर्फ केन्द्रित रहेको छ ।

## १.४ पूर्वकार्यको विवरण र समीक्षा

साहित्य लेखनका आधारमा तुलसीप्रसाद न्यौपाने नेपाली साहित्यका क्षेत्रमा कथाकार, कवि, गीतकार, समालोचक र यात्रा संस्मरणात्मक निबन्धकारका रूपमा देखिएका छन् । उनले नेपाली तथा विदेशी सङ्घ-संस्थामा रहेर खोजमूलक अध्ययन तथा व्यक्तिगत रूपमा पनि समाजसेवा गरेका छन् । यसबाट न्यौपानेको ब्यक्तित्व बहुमुखी रहेको देखिन्छ र कतिपय लेखकहरूले तुलसीप्रसाद न्यौपानेको उनको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा चर्चा गरेका छन् । यहाँ तिनै विविध पुस्तक र पत्रपत्रिकामा छापिएका लेख, टीका-टिप्पणीको कालक्रमिक विवरण प्रस्तुत गरिएको छ ।

दीननाथ शर्मा पण्डित (२०५४)ले **नेपाली साहित्यमा गोरखा,** (पृ.३५) मा न्यौपानेलाई नेपाली साहित्यको आधुनिक कालमा पद्य र गद्य दुवै विधामा कलम चलाउने प्रतिभा भनी चिनाएका छन् । यसरी शर्माले न्यौपानेलाई नेपाली साहित्यको आधुनिक कालमा पद्य र गद्य दुवै विधामा कलम चलाउने प्रतिभा भनी चिनाएता पनि गद्य विधामा रहेका प्रवृति के-के हुन् उल्लेख गरेका छैनन् ।

नारायणप्रसाद खनाल (२०६१) ले **गोरखाको डायरी** (पृ. १८८) मा न्यौपानेलाई विभिन्न सङ्घ-संस्थासँग आबद्ध व्यक्ति, गीतकार, कवि, निबन्धकारका साथै अनुवादकका रूपमा चिनाएका छन् । खनालले न्यौपानेलाई विभिन्न सङ्घ-संस्थासँग आबद्ध व्यक्ति, गीतकार, कवि, निबन्धकारका साथै अनुवादकका रूपमा चिनाए तापनि न्यौपानेले प्रकाशन गरेका गद्य विधाका रचनालाई केलाउने प्रयास गरेको पाइँदैन ।

सत्यमोहन जोशी (२०६१) ले **महादेशीय यात्रा** *दुई शब्द*मा न्यौपानेलाई नेपाली यात्रासाहित्यमा उज्ज्वल भविष्य बोकेर यात्रा वृतान्तमा नयाँ शैली र प्रस्तुतीकरण विधिमा गतिशील बन्दै अघि बढ्नुमा न्यौपानेको योगदान छ भनेका छन् । यसरी जोशीले न्यौपानेलाई नेपाली यात्रासाहित्यमा उज्ज्वल भविष्य बोकेर यात्रा वृतान्तमा नयाँ शैली र प्रस्तुतीकरण विधिमा गतिशील बन्दै अघि बढ्नुमा न्यौपानेको योगदान छ भने तापनि गद्य विधामा प्रयोग गरिएका शैलीको कुनै चर्चा उल्लेख गरेका छैनन् ।

तारानाथ शर्मा (२०६१) ले **महादेशीय यात्रा**को *सार्थक र पठनीय यात्रात्मक प्रस्तुति* मा न्यौपानेलाई मानिसहरूका अन्तरङ्ग, वार्तालाप र पारस्परिक क्रियाकलापहरूले मनमा उत्पन्न गरेका अनुभव र अनुभूतिहरूको स्वतन्त्र साहित्यिक प्रस्तुति दिन सक्ने साहित्यकारका रूपमा चिनाएका छन् । यसरी शर्माले न्यौपानेलाई मानिसहरूका अन्तरङ्ग, वार्तालाप र पारस्परिक क्रियाकलापहरूले मनमा उत्पन्न गरेका अनुभव र अनुभूतिहरूको स्वतन्त्र साहित्यिक प्रस्तुति दिन सक्ने साहित्यकारका रूपमा चिनाए पनि गद्य विद्यामा छुट्टै चर्चा गरेका छैनन् ।

सीताराम अधिकारी (२०६४)ले **मनका लहर**को *'मन्तव्य'*मा तुलसीप्रसाद न्यौपाने नेपाली साहित्यिक खेलाडी बन्न पुगेको उल्लेख गरेका छन् । यसरी अधिकारीले न्यौपाने नेपाली साहित्यिक खेलाडी बन्न पुगेका छन् भने तापनि साहित्यको गद्यविधाका लेख रचनाबाट कति चर्चा कमाएका छन् उल्लेख गरेका छैनन् ।

कमला न्यौपाने (२०६४)ले **मनका लहर**को *प्रकाशकीय*मा न्यौपाने नेपाली साहित्यमा राष्ट्रिय चिन्तन र इमान्दारितालाई महत्त्व दिने व्यक्ति हुन् भनेकी छिन् । यसरी न्यौपानेले न्यौपानेलाई नेपाली साहित्यमा राष्ट्रिय चिन्तन र इमान्दारितालाई महत्त्व दिने व्यक्ति हुन्

भनी चिनाए तापनि उनको कुन सङ्ग्रहको कुन-कुन कथामा राष्ट्रिय चिन्तन र इमान्दारितालाई प्रस्तुत गरेका छन् उल्लेखगरेकी छैनन् ।

तुलसीप्रसाद भट्टराई (२०६४)ले **मान्छेका कथा** कथासङ्ग्रहको *मान्छेका कथाभित्रको कथा*मा तुलसीप्रसाद न्यौपानेलाई मान्छेका बाहिरी र आन्तरिक भावको प्रतिनिधित्व गरेर कथा लेख्ने कथाकारका रूपमा चिनाएका छन् । यसरी भट्टराईले न्यौपानेलाई मान्छेका बाहिरी र आन्तरिक भावको प्रतिनिधित्व गरेर कथा लेख्ने कथाकारका रूपमा चिनाए पनि उनको कथागत प्रवृति उल्लेख गरेका छैनन् ।

दीपक न्यौपाने (२०६४)ले **मान्छेका कथा**को *प्रकाशकीय*मा न्यौपानेलाई समाजमा घटेका घटना र पात्रहरूद्वारा गरिने सुखद अभिव्यक्तिबाट समाजलाई अगाडि सार्ने कथाकारका रूपमा चिनाएका छन् । यसरी न्यौपानले न्यौपानेलाई समाजमा घटेका घटना र पात्रहरूद्वारा गरिने सुखद अभिव्यक्तिबाट समाजलाई अगाडि सार्ने कथाकारका रूपमा चिनाए तापनि उनको कुन-कुन कथाभित्रकस्तो प्रवृति छ भनी देखाउने प्रयास गरेको देखिदैन ।

कुलप्रसाद कोइराला (२०६६) ले **नेपाली साहित्य र गोरखाली स्रष्टाहरू**मा न्यौपानेलाई मनोवैज्ञानिक कथाकार, समीक्षक र निबन्धकारका रूपमा चिनाएका छन् । यसरी कोइरालाले न्यौपानेलाई कथाका साथसाथै अन्यविधामा पनि कलम चलाउने व्यक्तिका रूपमा चिनाएका छन् तर उनका कुन-कुन कथा मनोविज्ञानमा आधारित छ भनी कथामा केन्दित भएर प्रवृत्ति निरूपण गरेका छैनन् ।

गोविन्द अधिकारी र सुरेन्द्र देवकोटा (२०६६) ले **पुस्तान्तर**को *उकालो लागिरहँदा*मा न्यौपानेलाई परिवर्तनप्रति जनताको नाडी छाम्ने कामदेखि लिएर यान्त्रिक मनोरञ्जन दिन सक्ने कथाकारका रूपमा चिनाएका छन् । यसरी अधिकारी र देवकोटाले न्यौपानेलाई परिवर्तनप्रति जनताको नाडी छाम्ने कामदेखि लिएर यान्त्रिक मनोरञ्जन दिन सक्ने कथाकारका रूपमा चिनाए पनि कुन कथामा कुन वर्गलाई बढी जोड दिएका छन् निरूपण गरिएका छैनन् ।

तुलसीप्रसाद न्यौपानेका बारेमा लेखिएका विभिन्न लेखहरूमा उनलाई सामान्य कवि, मनोवैज्ञानिक कथाकार, गीतकार, निबन्धकार, राष्ट्रवादी चेत भएका साहित्यकार, समीक्षक, समाजसेवी आदि व्यक्तित्वको रूपमा देखाइएको छ । उनको व्यक्तित्वको विविध चर्चा भए

पनि कथाकारिताका बारेमा विशेष अध्ययन हुन नसकेकाले तुलसीप्रसाद न्यौपानेको कथाकारिताको खोज गर्नु वाञ्छनीय देखिन्छ ।

## १.५ शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता

सामान्यतया फुटकर कविताबाट आफ्नो साहित्यिक यात्रा प्रारम्भ गरेका तुलसीप्रसाद न्यौपानेका हालसम्म तीनवटा कथासङ्ग्रहहरू प्रकाशित छन् । उनको कथाकारिताको अध्ययन गरिने भएकाले कथात्मक विधामा रुचि देखाउने पाठकका निम्ति औचित्यपूर्ण रहेको देखिन्छ । कथाकारिताको अनुसन्धान गरिने भएकाले यो शोधकार्य कथाक्षेत्रमा लाग्ने सम्पूर्णका लागि महत्त्वपूर्ण रहने देखिन्छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधकार्य तुलसीप्रसाद न्यौपानेका सम्पूर्ण कथासङ्ग्रहका आधारमा उनको कथाकारिताको अध्ययनमा केन्द्रित रहेको छ । यसमा विधातत्त्वका आधारमा सङ्गृहीत कथाहरूको विवेचनासमेत प्रस्तुत गरिएको छ । यसबाहेक अन्य विधाका कृतिको अध्ययन नगर्नु यसको सीमा रहेको छ ।

## १.७ सामग्री सङ्कलन विधि

प्रस्तुत अनुसन्धानमा प्राथमिक र द्वितीयक सामाग्रीको उपयोग गरिएको छ । यस क्रममा न्यौपानेका कथाकृति र उनीसँग लिइएको लिखित अर्न्तवार्तालाई प्राथमिक स्रोत सामाग्रीका रूपमा र उनका बारेमा लेखिएका टिप्पणी, समालोचना आदि सामाग्रीहरू द्वितीय सामाग्रीका रूपमा लिइएको छ ।

## १.८ सैद्धान्तिक ढाँचा र शोधविधि

सङ्कलित सामग्रीहरूलाई सैद्धान्तिक रूपले विश्लेषण गर्नका लागि वर्णनात्मक एवम् विश्लेषणात्मक विधि र आवश्यकताअनुसार आगमन तथा निगमन विधिको प्रयोग

गरिएको छ । यस शोधकार्यमा सैद्धान्तिक र व्यावहारिक समालोचना पद्धतिको समेत उपयोग गरी तथ्यपरक र वस्तुपरक तरिकाले अध्ययन गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

शोधपत्रलाई सन्तुलित र व्यवस्थित ढङ्गबाट प्रस्तुत गर्नका लागि निम्नानुसार परिच्छेदहरूमा विभाजन गरिएको छ :

**परिच्छेद एक : शोधपरिचय**

यस परिच्छेदमा विषयपरिचय, समस्या कथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता, शोधकार्यको सीमाङ्कन, सामग्री सङ्कलन विधि, सैद्धान्तिक ढाँचा र शोधविधि एवम् शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

**परिच्छेद दुई : साहित्यकार तुलसीप्रसाद न्यौपानेको जीवनी र व्यक्तित्व**

यस परिच्छेदमा विषय प्रवेश, वंशपरम्परा र नामकरण, बाल्यकाल र उपनयन, शिक्षारम्भ, वैवाहिक तथा पारिवारिक स्थिति, आर्थिक अवस्था, उच्च शिक्षा, पेशा, लेखनमा प्रेरणा र प्रभाव, रूची र स्वभाव, अविस्मरणीय घटना, भ्रमण, संघ-संस्थासँगको आबद्धता, सम्मान तथा पुरस्कार, चिन्तन विचार र दर्शन आदि यस परिच्छेदमा साहित्यकार तुलसीप्रसाद न्यौपानेको व्यक्तित्व भित्र बाह्य व्यक्तित्व, आन्तरिक व्यक्तित्व-साहित्यिक व्यक्तित्व (निबन्धकार व्यक्तित्व, कथाकार व्यक्तित्व, समालोचक व्यक्तित्व, कवि व्यक्तित्व गीतकार व्यक्तित्व) र साहित्येतर व्यक्तित्व ( सामाजिक व्यक्तित्व, प्रशासनिक व्यक्तित्व र राजनीतिक व्यक्तित्व) र निष्कर्ष विषयहरू प्रस्तुत गरिएको छ ।

**परिच्छेद तीन : विधातत्त्वका आधारमा कथाहरूको  विश्लेषण**

यस परिच्छेदमा तुलसीप्रसाद न्यौपानेका तीनवटा कथासङ्ग्रहमा सङ्गृहीत कथाहरूलाई कथातत्त्व (शीर्षक, कथावस्तु, चरित्रचित्रण, परिवेश, भाषाशैली र उद्देश्य) का आधारमा विश्लेषण गरी अन्त्यमा निष्कर्ष प्रस्तुत गरिएको छ ।

**परिच्छेद चार : तुलसीप्रसाद न्यौपानेका कथागत प्रवृत्ति**

यस परिच्छेदमा तुलसीप्रसाद न्यौपानेका कथागत प्रवृत्ति निरूपण गरिएको छ । यस क्रममा उनलाई यौनमनोवैज्ञानिक कथाकार, नारीप्रधान कथाकार, घटनाप्रधान कथाकार, प्रगतिवादी कथाकार, अनुवादक कथाकार, सामाजिक यथार्थवादी कथाकार, सुधारवादी कथाकार, सरल, सहज भाषाशैली प्रयोग गर्ने कथाकार, राजनैतिक क्षेत्रका विकृतिलाई मुख्य विषयका रूपमा अवलम्बनगरी कथा लेख्ने कथाकार, पात्रचयनगत विविधता अवलम्बन गर्ने कथाकार, सूक्ष्म परिवेश चित्रण गर्ने कथाकार विषयगत विविधतामा रुचि राख्ने कथाकार, कथाकारका रूपमा चिनइएको छ । अन्त्यमा प्रवृतिगत निष्कर्ष प्रस्तुत गरिएको छ ।

**परिच्छेद पाँच : सारांश र निष्कर्ष**

यस परिच्छेदमा अघिल्ला परिच्छेदको सारांश दिइएको छ र अन्त्यमा उनका कथागत प्रवृतिको निष्कर्ष प्रस्तुत गरिएको छ ।

# परिच्छेद : दुई

# साहित्यकार तुलसीप्रसाद न्यौपानेको जीवनी र व्यक्तित्व

# परिच्छेद : दुई

# साहित्यकार तुलसीप्रसाद न्यौपानेको जीवनी र व्यक्तित्व

## २.१ विषय प्रवेश

तुलसीप्रसाद न्यौपानेले साहित्यका विविध विधामा कमल चलाएका छन् । सामाजिक, सांस्कृतिक, शैक्षिक, राजनीतिक, साहित्यिकजस्ता धेरै क्षेत्रमा एउटै व्यक्ति संलग्न हुने पनि गर्दछ, ती क्षेत्रहरू व्यक्तिको आन्तरिक व्यक्तित्व अन्तर्गत पर्दछ भने बाहिरबाट झ्वाट्ट हेर्दा कुनैपनि व्यक्तिमा देखिने भौतिक संरचना बाह्य व्यक्तित्वमा पर्दछ । कुनैपनि व्यक्तिमा रहने बाह्य र आन्तरिक व्यक्तित्वमा बाह्य व्यक्तित्व प्रारम्भिक आकर्षणको आधार हो भने आन्तरिक व्यक्तित्व ऊ बाँचेको समाजमा उसलाई परिभाषित, स्थापित, एवम् सम्मानित गर्ने महत्त्वपूर्ण आधार हो । यहाँ साहित्यकार तुलसीप्रसाद न्यौपानेको जीवनी र व्यक्तित्वका विविध पाटाहरूलाई आन्तरिक र बाह्य दुबै कोणबाट अध्यन गरिएको छ ।

## २.२ जीवनी

### २.२.१ वंशपरम्परा, जन्म र नामकरण

तुलसीप्रसाद न्यौपानेका पुर्खाहरू मध्यपश्चिमको कर्णाली अञ्चलअन्तर्गत जुम्ला जिल्लाको 'नयाँ पाने' भन्ने ठाउँबाट द्रव्यशाह लिगलिगकोटमा राजा भएको बखतमा बसाइँसराइको सिलसिलामा लिगलिगकोट आसपासमा आएर बसेका हुन् । 'नयाँ पाने' बाट आएका कारणले त्यसैको अपभ्रंशस्वरूप 'न्यौपाने' थर रहन गएको तुलसीप्रसाद न्यौपानेले बताएका छन् । रङ्गनिधि न्यौपानेका पनाति, प्रजापति न्यौपानेका नाति तुलसीप्रसाद न्यौपानेको जन्म पिता बलभद्र न्यौपाने र माता रत्नकुमारी न्यौपानेको कोखबाट वि.सं. २००४ साल चैत्र ७ गते मङ्गलबारका दिन गोरखा जिल्लाको पालुङ्टार-७, न्यौपाने खोलामा भएको देखिन्छ । आफ्ना माता-पिताका सातजना सन्तान मध्ये दोस्रो सन्तानका रूपमा जन्मेका यिनको नाम जन्मकुण्डली र शैक्षिक प्रमाण-पत्रमा पनि 'तुलसीप्रसाद न्यौपाने' नै रहेको छ । तुलसीप्रसाद न्यौपानेका माता-पिताले छोरालाई मृत्युभयबाट

मुक्तिका लागि सानोमा 'भोटे' भनेर बोलाउने गरेको कुरा पनि तुलसीप्रसाद न्यौपानेले बताएका छन् । यिनै व्यक्ति नेपाली साहित्यको फाँटमा तुलसीप्रसाद न्यौपानेका नामले परिचित छन् ।

### २.२.२ बाल्यकाल र उपनयन

तुलसीप्रसाद न्यौपानेको बाल्काल सुखद वातावरणमा नै बितेको देखिन्छ । बारपीर्के, हिरामनीटार, लुइँटेल भन्ज्याङ, बरडाँडा आदिको सुरम्य प्राकृतिक परिवेशमा गाई, भैँसी, बाख्रा चराएर बाल्यकाल बिताएका न्यौपानेले त्यस ठाउँसँग आफ्नो ज्यादै आत्मीय सम्बन्ध रहेको कुरा बताएका छन् । छापथोक पाखो, अर्चले, हात्तीगौडा, थानसिङ आदि ठाउँमा घाँस-दाउरा गर्नु न्यौपानेको बाल्यकालको दिनचर्या नै भएको थियो । वनमा घाँसपात गर्न जाँदा होस् या गाईवस्तुको गोठालो हुँदा होस् न्यौपानेले आफ्ना बाल्यकालीन साथीहरू एकराज, युवराज, रामजी, काशीनाथ, रामे आदिसँग डन्डीबियो, पाङ्ग्रा, कपर्दीजस्ता खेलहरू खुब रुचिसाथ खेलेको बताएका छन् । तुलसीप्रसाद न्यौपानेको उपनयन हिन्दू सनातन परम्परागत संस्कारअनुसार २०११ सालमा न्यौपाने खोलास्थित आफ्नै घरमा नै सम्पन्न भएको जानकारी प्राप्त भएको छ ।

### २.२.३ शिक्षारम्भ

तुलसीप्रसाद न्यौपानेका पिता बलभद्र न्यौपानेको गोरखाको लुइँटेलमा घर भई काठमाडौँमा सरकारी जागिर गरी बस्ने गजेन्द्रराज देवकोटा, महेन्द्रराज देवकोटाहरूसँग सम्पर्क रहेको देखिन्छ । उनीहरूकै सङ्गतबाट छोरालाई पढाउनुपर्दछ भन्ने प्रेरणा पाएर सामान्य साक्षर आफ्ना पिताले धुलौटोमा तुलसीप्रसाद न्यौपानेलाई सावाँ अक्षर सिकाएको देखिन्छ । त्यसपछि साहित्यकार राजेश्वर देवकोटाका पिता हरिभक्त देवकोटाले आफ्नै पिँढी र आँपपीपल बोहोरा गाउँको देवीको मन्दिरमा न्यौपाने लगायत अन्य विद्यार्थीहरू राखेर शिक्षा दिएको जानकारी प्राप्त भएको छ । त्यसपछि सरोज देवकोटाका पिता दुर्गाभक्त देवकोटाले लुइँटेल भञ्ज्याङ्को पौवामा पठन-पाठन सुरु गरेपछि उनीबाट पनि तुलसीप्रसाद न्यौपानेले शिक्षा ग्रहण गरेको जानकारी प्राप्त भएको छ ।

बोहोरा गाउँको मन्दिर र लुईंटेल भन्ज्याङको पाटीमा शिक्षा आर्जन गरेपछि तुलसीप्रसाद न्यौपाने गोरखा सदरमुकामको हाल टुँडिखेल माथिल्लोपट्टि रहेको आधार स्कुलमा १०/११ वर्षको उमेरमा तीन कक्षामा भर्ना भएर पाँच कक्षा उत्तीर्ण गरेपछि बिरामी परेर न्यौपानेले पढाइ बिचैमा छाडी घरमा फर्केर एक वर्षजति खेतीपाती गरेर बिताएका थिए । केही समयपछि काठामाडौँ गएर जागिर खाँदै तुलसीप्रसाद न्यौपानेले कक्षा फड्किएर एकैचोटि आठ कक्षामा महेन्द्र प्रौढ हाइस्कुलमा भर्ना भएर वि.सं. २०२० मा एस.एल.सी. (प्रवेशिका परीक्षा) तृतीय श्रेणीमा उत्तीर्ण गरेको जानकारी प्राप्त भएको छ ।

## २.२.४ वैवाहिक तथा पारिवारिक स्थिति

गोरखा जिल्लाको पश्चिमी भागमा अवस्थित पालुङ्टारको भण्डारथोक निवासी टीकादत्त पौडेल र सरस्वती पौडेलकी एक मात्र छोरी कमला पौडेलसँग २०१३ साल फागुनमा तुलसीप्रसाद न्यौपानेको मागी विवाह भएको थियो । एउटै उमेरमा विवाह बन्धनमा बाँधिएका न्यौपाने दम्पतिका हाल एक छोरा र एक छोरी रहेका छन् । छोरा दीपक न्यौपाने त्रि.वि.वि. कीर्तिपुरमा अर्थशास्त्र विषयमा एम.ए. दोस्रो वर्षमा अध्ययन गर्दा गर्दै पत्नी अस्मिता सहित वि.सं. २०५९ मा बेलायत गएको देखिन्छ । तुलसीप्रसाद न्यौपानेका छोरा दीपक बेलायतको अल्डर सोटमा व्यापार व्यवसायमा संलग्न छन् भने बुहारी अस्मिता बाइ-ल्याङ्ग्वेज टिचिङमा कार्यरत रहेकी छिन् । न्यौपानेकी एक मात्र छोरी सुजाता युनिभर्सिटी अफ फिलिपिन्सबाट सोसियोलोजी विषयमा मास्टर डिग्री गरी टिम कन्सल्ट प्रा.ली. काठमाडौँमा कार्यरत रहेकी छन् यस्तै तुलसीप्रसाद न्यौपानेको पारिवारिक वृत्तको शोधखोज र अध्ययन गर्दा उनका पिता/माताका अन्य दुई छोरा र एक छोरी रहेको जानकारी प्राप्त भएको छ ।

तुलसीप्रसाद न्यौपानेका पिता बलभद्र न्यौपानेको ७६ वर्षको उमेरमा वि.सं. २०३६ साल फागुनमा रातिमा घरमै सुतिरहेको मौका पारेर छिमेकी महेश्वर पौडेल र न्यौपानेकै घरमा काम गर्न बसेको अर्जुन भन्ने मिलेर घाँटी दबाई विभत्स हत्या गरेको जानकारी प्राप्त भएको छ । यो दुःखद घटनाले मर्माहत भएका तुलसीप्रसाद न्यौपानेले दुई वर्षपछि वि.सं. २०३८ सालमा मातृशोकको पीडा पनि भोग्नुपरेको शोधनायकले बताएका छन् । यसरी केही

सुख, केही दुःख, केही संयोग, केही वियोग, केही पीडा, केही सन्तोषबाट न्यौपानेको पारिवारिक अवस्था गुज्रिएको जानकारी प्राप्त भएको छ ।

### २.२.५ आर्थिक अवस्था

मध्यम वर्गीय किसान परिवारमा जन्मेका तुलसीप्रसाद न्यौपानेको पिता-पुर्खाहरूको पेसा कृषि नै भएको बुझिन्छ । करिब ३० रोपनी खेत र पाखो जग्गा भएका न्यौपाने परिवारका सन्तान न्यौपानेको जागिरे जीवन सुरु भएपछिको आर्जनले करिब ७० रोपनी जति पाखो जग्गा पुर्ख्यौली थलोमा, ललितपुरको झम्सीखेलमा करिब डेढ रोपनी पाखो जग्गामा निर्मित तीन तले घर र चितवनको भरतपुर नगरपालिकाअन्तर्गत हाकिमचोकनेर चार कट्ठा जग्गामा निर्मित तीन तले र अर्को दुई तले पक्की घर जोडेको शोधनायकले बताएका छन् ।

### २.२.६ उच्चशिक्षा

२०२० सालमा प्रवेशिका परीक्षा उत्तीर्ण गरेपछि तुलसीप्रसाद न्यौपाने महेन्द्र प्रौढ हाइस्कुलका तत्कालीन प्र.अ. सिद्धिविक्रम जोशीले खोलेको महेन्द्ररत्न कलेज, ताहाचलमा मानविकी तथा सामाजिकी संकायअन्तर्गत आइ.ए. प्रथम वर्षमा भर्ना भएर अध्ययन गरेको र २०२३ सालमा द्वितीय श्रेणीमा आइ.ए. उत्तीर्ण भएको न्यौपानेले बताएका छन् । न्यौपाने पाटन कलेज, पाटनमा अर्थशास्त्र र राजनीतिशास्त्र विषय लिएर स्नातक तह (बी.ए.) मा भर्ना भई वि.सं. २०२५ मा द्वितीय श्रेणीमा उत्तीर्ण गरेको जानकारी प्रप्त भएको छ । न्यौपानेको यसपछिको समय भने विद्यार्थी जीवनले भन्दा जागिरे जीवनले प्राथामिकता पाएको देखिन्छ ।

राष्ट्रिय योजना आयोगमा शाखा अधिकृत पदमा नियुक्ति भएपछि तुलसीप्रसाद न्यौपानेको प्राइभेट परीक्षार्थीका रूपमा इ.सं. १९७३ मा नेपली विषयमा एम. ए. र सन् १९७५ मा वी.एल. उत्तीर्ण गरेको जानकारी प्राप्त भएको छ । यस्तैमा सन् १९७७ मा यु.एस.ए. बाट प्राप्त छात्रवृत्तिमा अमेरिकामा पढ्न जाने अवसर पाएपछि सन् १९७९ मा कनेक्टिकट विश्वविद्यालयबाट ‘आर्थिक विकास र योजना’ विषयमा एम. ए. तह उत्तीर्ण

गरेको कुरा न्यौपानेले बताएका छन् । यसबाहेक पनि न्यौपानेले मनिलाको 'एसियन इन्स्टिच्युट अफ मेनेजमेन्ट' नामक संस्थाबाट एक महिने तालिम र यु.एस.ए. को हार्टफोर वि.वि. बाट इन्स्टिच्युट अफ पब्लिक मेनेजमेन्टमा तीन महिने डिप्लोमा तालिम पनि प्रप्त गरेका छन् ।(शोध नायकसँगको कुराकानी तथा प्रमाण पत्रबाट)

## २.२.७ पेसा

तुलसीप्रसाद न्यौपानेले सुरुमा २०१७ सालतिर ने.का.का तत्कालीन विश्वबन्धु थापाको निजी सचिवालयमा टाइपिस्टको जागिर गरेको देखिन्छ । राजा महेन्द्रले वि.सं. २०१७ साल पौष १७ गते चालेको कदमपछि टाइपिस्टको जागिर छुटेकाले न्यौपानेले पुरातत्व विभागअन्तर्गत हनुमान ढोकाको मुद्रा सङ्ग्राहलयमा गाइडको रूपमा काम गर्न पुग्दछन् । वि.सं. २०२१ सालमा साझा केन्द्रको स्थापना भएपछि (ना.सु.सरह) भएर काम गर्न थालेको बताउँछन् । वि.सं. २०२३ मा साझा केन्द्रअन्तर्गत खोलिएका साझा प्रकाशनमा उनको जागिर सरुवा भएको उनले बताएका छन् । यही साझा प्रकाशनमा कार्यरत रहँदा संस्थाका अध्यक्ष कमलमणि दीक्षित र मेनेजर क्षेत्रप्रताप अधिकारीसँग मतभेद बढेपछि तुलसीप्रसाद न्यौपानेलाई वीरगञ्ज सरुवा गरिएको देखिन्छ जुन कुरामा विमति जनाउँदै न्यौपानेले साझा जागिरबाट राजीनामा दिएको बताएका छन् ।

२०२५ सालमा डाक्टरहरूको मेडिकल एसोसिएसनअन्तर्गत 'मेडिकल जर्नल पब्लिकेसन' मा केही समय, २०२६ देखि २०२७ सालसम्म 'समीक्षा' साप्ताहिकमा कर्मचारी अनि गाउँफर्क राष्ट्रिय अभियानद्वारा प्रकाशित 'अभियान' पाक्षिक पत्रिकामा सम्पादक भएर न्यौपानेले काम गरेका र २०३० सालमा तत्कालीन श्री ५ सरकारको तर्फबाट लो.से.आ.ले लिएको खुल्ला परीक्षामा 'शाखा अधिकृत' मा उत्तीर्ण भई रा.यो.आ. मा पदस्थापना भएको बताएका छन् । त्यसपछि २०४० मा न्यौपाने खुल्ला प्रतिस्पर्दाद्वारा नै रा.प.अ. द्वितीय श्रेणी उपसचिवमा बढुवा भएको देखिन्छ भने २०५९ मा सह-सहिवमा बढुवा भएपछि तुलसीप्रसाद न्यौपानेले स्वैच्छिक अवकाश लिएको जानकारी प्राप्त भएको छ । यसरी तुलसीप्रसाद न्यौपानेको जागिरे जीवन पूर्वाद्धमा निकै असन्तुलित देखिए पनि रा.यो.आ.को शाखा अधिकृतमा पदस्थापना भएपछि धेरै नै सन्तोषजनक देखिन्छ ।

### २.२.८ लेखनमा प्रेरणा र प्राभाव

तुलसीप्रसाद न्यौपाने आइ.ए. पढ्दै गर्दा आनन्दकुटी विद्यापीठले आयोजना गरेको निबन्ध प्रतियोगितामा भाग लिएर प्रथम स्थान र गोल्डमेडल प्राप्त गरेपछि साहित्यलेखन कार्यमा लाग्न सर्वप्रथम प्रेरण मिलेको कुरा बताएका छन् । विद्यालय तथा कलेजमा विभिन्न साहित्यकारहरूका लेख रचना पढेपछि पनि न्यौपानेमा साहित्यिक अभिरुचि बढेको देखिन्छ । त्यस्तै आफूलाई कलेज स्तरमा नेपाली पढाउने गुरु कृष्णचन्द्रसिंह प्रधानको प्रेरणाले पनि आफू साहित्यिक क्षेत्रमा लागेको कुरा तुलसीप्रसाद न्यौपानेले बताएका छन् । साथै विजय मल्ल, हरिभक्त कटुवाल, परशु प्रधान, वासु शशी आदिसँगको भेटघाट र बस-उठ पनि न्यौपानेमा साहित्यिक प्रेरणा जगाउने कारक हुन् भन्ने जानकारी प्राप्त भएको छ । आफ्नो रचना कृतिका रूपमा प्रकाशन गर्न प्रेरणा दिने काम चाहिँ न्यौपानेकै गुरु प्रा. राममणि रिसाल र सीताराम अधिकारीबाट भएको भन्ने कुरा शोधनायकले बताएका छन् । यसरी हेर्दा तुलसीप्रसाद न्यौपानेमा साहित्य सिर्जनामा व्युत्पत्ति र अभ्यासले भूमिका खेलेको देखिन्छ । न्यौपानेका कथा विधाको अध्ययन गर्दा विश्वेश्वरप्रसाद कोइराला र परशु प्रधानका विषयवस्तु र शैलीबाट प्रभावित भएको देखिन्छ ।

### २.२.९ रुचि तथा स्वभाव

तुलसीप्रसाद न्यौपाने वर्तमानमा नेपाल सरकारको सह-सचिव पदबाट निवृत एक सामाजिक, बौद्धिक र साहित्यिक व्यक्तित्व भए पनि उनको बाल्यकालको रुचि खेलप्रति निकै भएको देखिन्छ । विशेष गरेर बालदौँतरीहरूसँग कपर्दी, डण्डीबियो, लाखेनाच, घोचेलौरी, बाघचाल, पाङ्ग्रा जुधाइ आदि खेलहरू न्यौपानेले बडो रुचिकासाथ खेल्ने गरेको पाइन्छ । आफूले नखेले पनि फुटबल न्यौपानेलाई सबभन्दा बढी मनपर्ने खेल भएको कुरा बताएका छन् । नाटक मञ्चनमा न्यौपानेले विभिन्न पात्रहरूको भूमिका निर्वाह गरेको जानकारी पनि प्राप्त हुन्छ । न्यौपाने नाटक अभिनय गर्दा विशेष गरी नारीपात्रको भूमिका निर्वाह गर्न बढी रुचाउँथे भन्ने जानकारी प्राप्त भएको छ । रुचिकै कुरा अन्तर्गत तुलसीप्रसाद न्यौपाने खानामा सामान्य नेपाली खाना गुन्द्रुक, दालभात, तामा, मस्यौरा, रायोको साग मन पराउछन् भने लवाइमा दौरा, सुरुवाल, कोट, टोपी औपचारीक कार्यक्रममा जाँदा र

अनौपचारीक रूपमा घरमा रहँदा चाहिँ हल्का कपडा कुर्था सलवार, ट्र्याकसुट जस्ता कपडा न्यौपाने मन पराउछन् । विशेषतः न्यौपाने सर्ट-पाइन्ट कोट र टाईमा टिप-टप भएर हिड्न अझ सौखिन रहेको कुरा बताउँछन् ।

तुलसीप्रसाद न्यौपानेको स्वभावको कुरा गर्दा उनी स्वाभिमानी, निर्भिक, स्वावलम्बी, मेहनतकस, परोपकारी, अध्ययनशील, भ्रमणशील, प्रकृतिप्रेमी, समयपालक, स्पष्टवक्ता रहेको जानकारी प्राप्त भएको छ ।

## २.२.१० अविस्मरणीय घटना

कुनै घटनाले मान्छेका जीवनमा खुसीको भाव सञ्चार गर्दछ भने कुनै घटना सम्झँदा पनि कहालि लाग्दो हुन्छ । तुलसीप्रसाद न्यौपानेको जीवनमा पनि यस्ता दुवै खालका घटनाहरू घटेका छन् । २०३६ साल फागुन महिनामा तुलसीप्रसाद न्यौपानेका पिता बलभद्र न्यौपानेको ७६ वर्षको उमेरमा आफ्नै घरमा सुतिरहेको बेलामा रातमा घाँटी दबाएर हत्या, ममतामयी आमा रत्नकुमारी न्यौपानेको पित्तथैलीको क्यान्सरबाट असामयिक निधन, तुलसीप्रसाद न्यौपानेको लागि जीवनपर्यन्त नपुरिने घाउ भएर रहेको छ । न्यौपानेकी बहिनीको जुकाको औषधिको अभावमा वाल्यकालमा नै जुन निधन भयो त्यो घटना पनि तुलसीप्रसाद न्यौपानेका लागि ज्यादै दुःखद भएको, वाचनशिरोमणि पं. नारायणप्रसाद पोखरेलजस्ता धार्मिक, समाजसेवी र आध्यात्मिक व्यक्तिको आततायी ढङ्गले जुन हत्या भयो त्यसले पनि आफूलाई निकै दुःखी बनाएको कुरा तुलसीप्रसाद न्यौपानेले बताएका छन् ।

२०२१ सालमा देशमा मुलुकी ऐन लागु भएपछि जातीय भेदभावको अन्त्यमा सहयोग पुगेको खुसियालीमा संस्कृत छात्रावास तीनधाराका विद्यार्थीहरूले राष्ट्रिय नाचघर जमलमा राँगो काटेर भोजको आयोजना गरेको सो भोजमा टी. आर. विश्वकर्मा र हिरालाल विश्कर्मालाई भान्से बनाएर छात्रावासमा ब्राह्मण परिवारका विद्यार्थीहरूलाई पनि भोज खुवाएको घटना तुलसीप्रसाद न्यौपानेलाई ज्यादै सुखद र रोचक लागेको कुरा बताएका छन् । यसै गरी तुलसीप्रसाद न्यौपाने २०३० सालमा लो.से.आ. बाट परीक्षा उत्तीर्ण गरी रा.यो.आ. मा पदस्थापन हुन पाउँदाको क्षण पनि आफ्नोलागि सुखद र अविस्मरणीय रहेको बताउँछन् । जागिरकै सिलसिलामा इ.सं. १९७७ मा अमेरिकी छात्रवृत्तिमा कनेक्टिक्ट

विश्वविद्यालयमा अध्ययन गर्न जाने अवसर प्राप्त गर्दा, वि.सं. २०४९ मा नेपालको प्रतिनिधित्व गरी ए.डि.वि. मा दुई वर्षका लागि चयन हुन पाउँदाका क्षणहरू आफ्ना लागि ज्यादै सुखद अनुभूति भएको कुरा शोधनायकले बताएका छन् ।

### २.२.११ भ्रमण

तुलसीप्रसाद न्यौपानेको भ्रमण क्षेत्र ज्यादै व्यापक छ । सरकारी सेवाको माथिल्लो तहमा कार्य गरेका न्यौपाने सरकारी कामको जिम्मेवारी वहन गर्ने सिलसिलामा र व्यक्तिगत काम विशेषले नेपालका ७० जिल्लामा र  विश्वका पाँचवटा महादेशका तीसभन्दा बढी भारत, बङ्गलादेश, चीन, मलेसिया, सिंङ्गापुर, इन्डोनेसिया, फिलिपिन्स, यु.ए.इ. बहराइन, जापान, यु.एस.ए., क्यानडा, बेलायत, फ्रान्स, स्वीट्जर्ल्यान्ड, जर्मनी, अस्ट्रिया, हङ्गेरी, नेदरल्याण्ड, बेल्जियम, पोर्चुगल, स्पेन, इजिप्ट, कतार, इटाली, ग्रीस, दक्षिण कोरियाजस्ता) मुलुकहरू भ्रमण गरेको जानकारी प्राप्त भएको छ ।

न्यौपानेको वि.सं. २०३२ सालमा स्थलमार्गबाट वनारस गएको भ्रमण नेपाल बाहिरको पहिलो भ्रमण भएको हो भने त्यसपछि इ.सं. २९६७ मा युनेस्कोले आयोजना गरेको पुस्तक सम्बन्धि गोष्ठीमा साझा प्रकाशनका तर्फबाट भाग लिन हवाइमार्गबाट भारतको नयाँ दिल्लीतर्फ गएका र इ.सं. १९७४ मा युनेस्कोद्वारा नै जापानमा आयोजित सेमिनारमा साझा प्रकाशनका सञ्चालकका हैसियतमा तुलसीप्रसाद न्यौपाने पहिलोपटक समुद्रपारी भ्रमणमा गएको जानकारी प्राप्त भएको छ । यसबाहेक न्यौपानेले मुलुकहरूको भ्रमण सरकारी तथा व्यक्तिगत रूपमा पटक-पटक गरेको शोधनायक आफैँ बताउँछन् ।

### २.२.१२ संघ-संस्थासँगको आबद्धता

तुलसीप्रसाद न्यौपाने वि.सं २०२१ नेपाल रेडक्रस सोसाइटीमा, वि.सं. २०२१ सालतिर 'गोरखा नाटक समिति' का अध्यक्ष, वि सं. २०४२ मा रोटरी क्लब पाटनका सदस्य, अध्यक्ष र डिस्ट्रिक्ट गभर्नर, वि.सं. २०५३ मा लायन्स क्लब अफ काठमाडौँका सदस्य, अध्यक्ष र डिस्ट्रिक्ट पदाधिकारी, यसैगरी तुलसीप्रसाद न्यौपाने विश्वसम्बन्ध परिषद्को आजीवन सदस्य, नेपाल-जापान एल्मुनाइ एसोसिएसनका आजीवन सदस्य, नेपाल

हर्ट फाउण्डेसनको आजीवन सदस्य, नेपाल-ब्रिटेन सोसाइटीको कोषाध्यक्ष (वि.सं. २०५३ देखि हालसम्म निरन्तर) डण्डपाणि अर्ज्याल प्रतिष्ठान गोरखाको उपाध्यक्ष, टिम कन्सल्ट प्रा.लि. को अध्यक्ष, पाइनकोन ऋण तथासहकारी संस्थाको अध्यक्ष, वरिष्ठ नागरिक गृह गोदावरीको उपाध्यक्ष, शिवमालिका मन्दिर हाकिमचोक भरतपुरको सल्लाहकार सदस्य, गोरखा-काठमाडौँ प्रजातान्त्रिक समाजको अध्यक्ष (वि.सं. २०६१) साझा प्रकाशन सञ्चालक समितिमा सदस्य लगायत विभिन्न संघ-संस्थासँग आबद्ध भएको कुरा बताएका छन् ।

## २.२.१३ सम्मान तथा पुरस्कार

तुलसीप्रसाद न्यौपानेले कथा, कविता, समालोचना, निबन्ध, यात्रा निबन्धजस्ता विधामा कलम चलाए पनि उनका लेखहरू समयमै सङ्कलित र सङ्गृहीत हुन नसकेका छिटफुट मात्रामा पत्रिकामा प्रकाशित हुने अनि आफ्नै डायरीमा हस्तलिखित रूपमा मात्र सीमित रहेकाले उनको साहित्यिक व्यक्तित्व समग्रमा पाठक समक्ष आउन कमी नै भएको देखिन्छ । सरकारी सेवाबाट स्वेच्छिक अवकाश लिएपछि मात्र छरिएर रहेका आफ्ना कृतिहरूलाई सङ्कलन गरी सङ्गृहीत गर्ने काम गरेको देखिन्छ । उनको साहित्यिक योगदानको कदर गर्दै यथोचित सम्मान प्राप्त भएको देखिदैन । साहित्य र साहित्येतर जुन क्षेत्रबाट भए पनि उनले प्राप्त गरेका सम्मान तथा पुरस्कारलाई यहाँ उल्लेख गर्ने जमर्को गरिएको छ :

तुलसीप्रसाद न्यौपाने महेन्द्ररत्न कलेज ताहाचलमा आइ.ए पढ्दै गर्दा आनन्दकुटी विद्यापीठले आयोजना गरेको निबन्ध प्रतियोगितामा प्रथम स्थान हासिल गरेर गोल्डमेडल प्राप्त गरेका र पाटन कलेज पाटनले आयोजना गरेको साहित्यिक गोष्ठीमा पनि आफू सम्मानित भएको कुरा शोधनायकले बाताएका छन् ।

प्रशासनिक निकायमा कार्यरत रहँदा पन्ध्र वर्ष सेवा अवधि र पच्चीस वर्ष सेवा अवधि पूरा गरेको अवसरमा तुलसीप्रसाद न्यौपानेलाई सरकारले सम्मानपत्रसहित तक्मा प्रदान गरेको जानकारी प्राप्त भएको छ । यसैगरी तुलसीप्रसाद न्यौपानेले जागृत समाज नेपालबाट सम्मानपत्र, मालिकादेवी मन्दिर समिति भरतपुर, चितवनको आजीवन सदस्यता, दण्डपाणि अर्ज्याल केन्द्र गोरखाबाट आजीवन सदस्यताको प्रमाणपत्र, सरस्वती युवा परिवार

ललितपुरबाट सम्मान तथा प्रमाणपत्र, सरस्वती युवा परिवार ललितपुरबाट सम्मानपत्र आदि सम्मान तथा प्रमाणपत्र प्राप्त गरेको शोधनायकले बताएका छन् ।

## २.२.१४ चिन्तन, विचार र दर्शन

गोरखाको सामान्य ग्रामीण कृषक परिवामा जन्मे-हुर्केका तुलसीप्रसाद न्यौपाने आफ्नो जीवनमा उच्च आर्थिक एवम् भौतिक प्रगति गरे पनि उनमा त्यसबाट उत्पन्न आडम्बरको लेस कत्ति पनि पाइँदैन । खुल्ला एवम् उदार स्वभावका धनी न्यौपाने जहिले पनि आफूलाई गाउँ-गाउँ र गाउँले जनताको चिन्ता र ममता लागिरहेको कुरा बताउँछन् । सबै मानिसहरू शिक्षित होउन्, सबैको एकैनास समुन्नति होस्, बिजुली, मोटरबाटो, खानेपानी, शिक्षालय, स्वास्थ्य सुविधा, सिँचाइ जस्ता सुविधाबाट कोही पनि नेपाली वञ्चित् हुन नपरोस् भन्ने मानवतावादी एवम् विकासवादी दृष्टिकोण, भ्रष्टाचार र शोषणरहित समाजको चाहना, अहिंसावादी तथा गान्धीवादी चिन्तनाबाट प्रभावित देखिन्छन् । बिगतमा दश वर्षसम्म भोग्नुपरेको रक्तपात नेपाल र नेपालीका लागि दुर्भाग्यपूर्ण भएको कुरा न्यौपानेले बताएका छन् ।

वास्तवमा सबै मानिसहरू परोपकारी र चरित्रवान् भइदिने हो भने कसैले पनि भोक भोकै मर्न र अन्यायमा पर्न नपर्ने उनको निष्कर्ष छ । यस्तो उदार र आदर्श भावबाट प्रेरित न्यौपाने कसैले खान लाउन नपाएको देख्दा तुरुन्तै द्रवीभूत भई आफूले सकेको दान दिने, जीवनमा थुप्रै धार्मिक स्थलहरू घुमेर तीर्थव्रत अनि मठ-मन्दिरका निर्माणमा आर्थिक सहयोग, रूढिवादी कुसंस्कार र परम्परावादी अन्धविश्वासका घोर विरोधी देखिन्छन् । मठमन्दिर, पूजापाठ, तीर्थव्रतहरू मानिसलाई सदाचार र आदर्शमा बाँध्ने नैतिक बन्धन हुन्, सामाजिक, सांस्कृतिक, धार्मिक एवम् आध्यात्मिक मुल्य मान्यतालाई अन्धाधुन्ध समर्थन र विरोध नगरी  समयानुकूल परिवर्तन गर्दै लानुपर्ने कुरामा उनी जोड दिन्छन् ।

राजनीतिक रूपमा वी.पी.कोइरालाको प्रजातान्त्रिक समाजवादबाट प्रभावित तुलसीप्रसाद न्यौपाने जुनकुनै एकदलीय तानाशाही निरङ्कुशताको विरुद्धमा देखिन्छन् । वर्तमान एक्काइसौँ शताब्दीमा आएर मानिसका लेखन स्वतन्त्रता, प्रकाशन स्वतन्त्रता, वाक्-स्वतन्त्रता, राजनीतिक स्वतन्त्रता, धार्मिक स्वतन्त्रता कहीँ कतैबाट पनि हनन् हुनुहुँदैन भन्ने विचारका पक्षपाती तुलसीप्रसाद न्यौपाने प्रतिस्पर्धामूलक बहुदलीय लोकतान्त्रिक परिपाटीमा

विश्वास गर्दछन् र यसबाट नै स्वतन्त्र र समानतामूलक न्यायपूर्ण आदर्श समाजको निर्माण हुन सक्दछ भन्ने कुरा बताउँछन् ।

## २.३ व्यक्तित्व

यस खण्डमा तुलसीप्रसाद न्यौपानेको आन्तरिक र बाह्य व्यक्तित्वलाई प्रस्तुत गरिएको छ -

### २.३.१ बाह्य व्यक्तित्व

कुनै पनि मानिसलाई बाहिरबाट झ्वाट्ट हेर्दा देखिने साङ्गोपाङ्गो जीउडालको भौतिक संरचना नै उसको वाह्य व्यक्तित्व हो । तुलसीप्रसाद न्यौपानेको बाह्य व्यक्तित्व निकै आकर्षक र लोभलाग्दो छ । ६९ वर्ष उमेर, पाँच फिट दुई इन्चको मध्यम उचाइ, कसिलो शरीर, शरीर अनुकूलको मोटाइ, गहुँगोरो वर्ण, अलि-अलि मात्र कपाल फुलेको शीर, गोलो उज्यालो र पुष्ट मुखमण्डल, बाटुला र चम्किला आँखा, ठूलो र पुष्ट ललाट, सर्ट, पाइन्ट, कोट र टाइमा सजिन मन पराउने चिन्तनशी प्रष्ट र मृदुभाषी साथै फुर्तिलो जिउडाल नै तुलसीप्रसाद न्यौपानेको बाह्य शारीरिक व्यक्तित्व हो । आफूलाई अहिलेसम्म कुनै पनि दीर्घरोगको उपचार गर्न नपरेको कुरा स्वयम् शोधनायकले बताएका छन् ।

तुलसीप्रसाद न्यौपाने अरूका कुरा रूचिपूर्वक सुनेर र त्यसबारेमा स्पष्ट एवम् निर्भिक रूपमा आफ्ना कुरा सङ्कोच नमानी अरू समक्ष राख्ने प्रष्टवक्ता मानिन्छन् । आफ्नो स्वाभिमानमा सधैँ अडिग रहने तुलसीप्रसाद न्यौपानेसँग साक्षात्कार गर्ने जो कोही व्यक्ति उनका कुरा गराइबाट छिट्टै प्रभावित हुन्छन् । हँसिलो चेहरा र मुस्कुराइरहने स्वभाव भएका तुलसीप्रसाद न्यौपानेको झ्वाट्ट हेर्दा देखिने प्रभावशाली व्यक्तित्वले नै उनको भलादमीपन, शिष्टता, भद्रता र शालीनताको परिचय दिन्छ ।

### २.३.२ आन्तरिक व्यक्तित्व

कुनै पनि व्यक्तिभित्र अन्तर्निहित गुण, प्रतिभा क्षमता वा विशेषतालाई आन्तरिक व्यक्तित्व भनिन्छ । समाजमा नै व्यक्तिको व्यक्तित्व निर्माण हुने भएकाले समाजमा भोगेका,

सुनेका, देखेका र अनुभव गरेका क्रिया-प्रतिक्रियाबाट जुन अन्तर्बोध व्यक्तिमा जाग्दछ त्यसकै सेरोफेरोमा उसको व्यक्तित्व बन्दछ । साहित्यकार तुलसीप्रसाद न्यौपानेको समग्र व्यक्तित्व र कृतित्वको मूल्याङ्कन गर्दा उनमा बहुमुखी प्रतिभा रहेको पाइन्छ । तुलसीप्रसाद न्यौपानेको नेपाली साहित्यमा आगमनपश्चात् समाज र राष्ट्रिय उत्थानमा परेको सकारात्मक कुरा बुझ्नका लागि न्यौपानेकै जीवनका विभिन्न पाटाहरूको विस्तृत अध्ययन गर्नुपर्ने देखिन्छ अन्यथा न्यौपानेको साहित्यिक सेवा र योगदान ओझेलमा पर्न सक्दछ । यसैकारणले तुलसीप्रसाद न्यौपानेको आन्तरिक व्यक्तित्वका पाटाहरूलाई साहित्य र साहित्येतर दुई भागमा विभाजन गरी अध्ययन गर्ने जमर्को गरिएको छ ।

### २.३.२.१ साहित्यिक व्यक्तित्व

२०२१ सालदेखि नेपाली साहित्यको क्षेत्रमा कलम चलाउँदै आएका तुलसीप्रसाद न्यौपाने जीवन- जगत्का विविध विषयमा काल्पनिकताको जलप लगाउँदै तयार पारिएका सुन्दर अभिव्यक्तिहरू नै साहित्य हो भन्न रुचाउँछन् । आफूले साझा प्रकाशनमा जागिर खाँदा अनुभव गरेको साहित्यिक वातावरण र आफूलाई आइ.ए. मा नेपाली पढाउने गुरु कृष्णचन्द्रसिंह प्रधानको प्रेरणाबाट साहित्यिक क्षेत्रमा कलम चलाउन थालेको बताउने तुलसीप्रसाद न्यौपानेको लेखनकार्य निबन्ध विधाबाट सुरु भएको पाइन्छ । तापनि कथा, समालोचना, कविता, यात्रानिबन्ध आदि उनका साहित्यिक विधा क्षेत्रहरू हुन् । यात्रानिबन्धमा सिद्धहस्त देखिने तुलसीप्रसाद न्यौपानेको रूचिको अर्को विधा कथा हो भने समालोचनात्मक लेख र फुटकर कविताहरू पुस्तकाकार रूपमा प्रकाशित भइसकेका छन् भने थप कथासङ्ग्रह छिटै बजारमा आउने कुरा पनि सोध नायकले बताएका छन् ।

महेन्द्र रत्न कलेज ताहाचालमा आइ.ए. प्रथम वर्षमा अध्ययनरत हुँदा आनन्दकुटी विद्यापीठले आयोजना गरेको निबन्ध प्रतियोगितामा सहभागी भएर प्रथम स्थान प्राप्त गर्न सफल निबन्ध 'महात्मा गान्धी र शान्ति' नै तुलसीप्रसाद न्यौपानेको पहिलो साहित्यिक रचना हो जुन रचना निबन्ध प्रतियोगिताको आयोजकले पत्रिकामा छपाउन दिएका तर आफू सो पत्रिका कुन थियो भन्नेबारे थाहा नभएको, न्यौपानेका लेखहरू **गरिमा, गोरखा गौरव, मधुपर्क, गोरखापत्र**को शनिबारको अङ्क आदि पत्रिकामा फट्टफुट्ट प्रकाशित हुने गरेको

तुलसीप्रसाद न्योपानेले बताएका छन् । पत्रिकामा प्रकाशित सबै लेखहरू प्राप्त हुन नसके पनि डायरीमा लिखित रूपमा रहेका लेखहरूलाई विधागत वर्गीकरण गरी किताबी रूपमा २०६४ मा सर्वप्रथम प्रकाशित **मनका लहर** नामक कृति विभिन्न विधा मिश्रित लेखहरूको सँगालो हो भने अन्य कृतिहरूमा **मान्छेका कथा** (कथासङ्ग्रह), **पुस्तान्तर** (संयुक्त कथासङग्रह), **महादेशीय यात्रा** (यात्रा संस्मरणत्मक निबन्ध), **बिर्सिएका कविताहरू** (कवितासङ्ग्रह) र **नसम्भिएका कथा** (कथासङ्ग्रह) पर्दछन् । नेपाली साहित्यको फाँटलाई हराभरा बनाउन उल्लेखनीय योगदान दिने बहुमुखी प्रतिभा तुलसीप्रसाद न्यौपानेको समग्र साहित्यिक व्यक्तित्वलाई विविध विधामा वर्गीकरण गरेर अध्ययन गरिएको छ ।

### क) निबन्धकार व्यक्तित्व

२०२१ सालमा आनन्दकुटी विद्यापीठद्वारा आयोजित अन्तरकलेज निबन्ध प्रतियोगितामा महेन्द्ररत्न कलेज, ताहाचलको तर्फबाट सहभागी भएर 'महात्मा गान्धी र शान्ति' शीर्षकमा लेखिएको निबन्ध नै तुलसीप्रसाद न्यौपानेको पहिलो निबन्धात्मक एवम् साहित्यिक कृति हो । जुन निबन्धात्मक कृतिमा न्यौपानेले प्रथम स्थान हासिल गरी गोल्ड मेडल समेत प्राप्त गरेको कुरा शोधनायकले बताएका छन् । यस समयदेखि बीजारोपण भएको उनको निबन्धात्मक साहित्यिक प्रतिभाको विस्तार 'यात्रा निबन्ध' सम्म पुगेको देखिन्छ । तुलसीप्रसाद न्यौपानेद्वारा लिखित २०६४ वैशाखमा प्रकाशित **मनका लहर** नामक साहित्यिक लेखहरूको सङ्ग्रहमा न्यौपानेका भावात्मक, विचारप्रधान, अनुभूतिजन्य निबन्धहरू सङ्गृहीत गरिएका छन् । यसमा सङ्गृहीत निबन्धहरूमध्ये *अध्ययनशील जीवन-उपलब्धिको साधन* २०२९ साल आश्विन २१ गते **गोरखापत्र**को शनिबारको अङ्कमा पृष्ठ सङ्ख्या सात छापिएका पहिलो निबन्ध हो । यस निबन्धमा अध्ययनशील प्रवृत्तिले नै मानवजीवन सफल हुने सन्देश दिएको छ । यस्तै २०६१ को **गोरखा गौरव** बार्षिक पत्रिकामा तुलसीप्रसाद न्यौपानेले विशाल नेपालको निर्माणमा राजा र प्रजा दुवैको उल्लेखनीय योगदान रहेको ऐतिहासिक तथ्यलाई अगाडि सारेका छन् ।

यसै गरी २०६२ को **गोरखा गौरव** बार्षिक पत्रिकामा पनि **मनका लहर**मा सङ्ग्रहित *भिक्टोरिया क्रसद्वारा सम्मानित नेपालीहरू* नामक वीररसप्रधान निबन्ध

प्रकाशित भएको थियो जहाँ बेलायती सैनिकमा भर्ना भएर नेपालीहरूले देखाएको साहस, वीरता र इमान्दारिताको चर्चा गरिएको छ । *काठमाडौँदेखि टोकियोसम्म* र *काठमाडौँदेखि वासिङ्टनसम्म* नामक दुईवटा यात्रा निबन्ध **मनका लहर**मा सङ्ग्रहित गरेर प्रकाशित गराइसकेका तुलसीप्रसाद न्यौपानेको **महादेशीय यात्रा** नामक पुस्तक उनको यात्रा निबन्धको सशक्त उदाहरण हो जहाँ उनका विश्वका पाँचवटा महादेशका तीसवटा भन्दा बढी देशहरूको यात्रा संस्मरण उल्लेख गरिएको छ । २०६६ सालमा पहिलोपल्ट प्रकाशित यस **महादेशीय यात्रा** नामक कृतिले साहित्यकार तुलसीप्रसाद न्यौपानेको निबन्ध यात्रा साहित्यिक प्रतिभाको राम्रो परिचय दिन्छ । यस सङ्ग्रहले पाठकलाई आफ्नै आसनमा बसी-बसी विश्वभ्रमण गराउँदछ । छिमेकी मुलुक भारतको धार्मिक, आध्यात्मिक, राजनीतिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक, प्राकृतिक, प्रशासनिक, शैक्षिक क्षेत्रको चर्चामा सबैभन्दा बढी स्थान खर्चिएका निबन्धकार न्यौपानेले चीन, जापान, बङ्गलादेश, थाइल्यान्ड, फिलिपिन्स, इन्डोनेसिया, सिङ्गापुर, मलेसिया, कतार, यु.ए.इ, बराइन, अमेरिका, क्यानडा, इजिप्ट, अष्ट्रेलिया, न्युजिल्यान्ड, बेलायत, फ्रन्स, स्पेन, पोर्चुगल, जर्मनी, हङ्गेरी, अष्ट्रिया, बेल्जियम, लक्जेम्वर्ग, इटाली, नेदरल्याण्डस्, स्वीटजर्ल्याण्ड र ग्रीसको राजनीति भौगोलिक, प्राकृतिक, शैक्षिक, वैज्ञानिक, आदि (न्यौपाने, ४६-५७) क्षेत्रसँग सम्बन्धित जल्दाबल्दा विषयवस्तुको ज्ञान पाठकलाई गराउदछ । उक्त कृतिले नेपाली साहित्यमा पुऱ्याएको उल्लेखनिय योगदानलाई कदरगर्दै हरि साहित्यिक सांस्कृतिक केन्द्र गोरखाले प्रमाण-पत्रसहित सम्मान गरेको छ ।

माथि उल्लेखित पुस्तकाकार निबन्धसङ्ग्रह बाहेक तुलसीप्रसाद न्यौपानेका निबन्धहरू विभिन्न पत्रिकाहरूमा प्रकाशित भइरहेको देखिन्छ । २०६६ को **गोरखा गौरव**मा तुलसीप्रसाद न्यौपानेको *आन्देलनका बीसवर्ष* नामक ऐतिहासिक विषयवस्तुमा आधारित निबन्ध प्रकाशित भएको छ जुन निबन्धमा नेपालको प्रजातान्त्रिक एवम् लोकतान्त्रिक आन्दोलनको चर्चा गरिएको छ । यसरी नेपाली साहित्यको अरू विधामा भन्दा निबन्ध विधामा आफ्नो समय बढी खर्च गर्ने निबन्धकार तुलसीप्रसाद न्यौपाने यात्रा निबन्धमा वस्तुपरक शैली अँगाल्न पुगेका छन् ।

## ख) कथाकार व्यक्तित्व

वि.सं. २०२३ देखि नेपाली साहित्यको कथा विधामा कलम चलाउन थालेका तुलसीप्रसाद न्यौपानेको निबन्ध पछिको दोस्रो सशक्त विधा कथा हो । कथाहरू लेख्ने, पत्रपत्रिकाहरूमा छपाउन दिने तर छापिएपछि सङ्कलन गरेर नराख्ने बानीले गर्दा तुलसीप्रसाद न्यौपानेका कथाहरू कुन पत्रिकामा कुन मितिमा छापिए केही लेखाजोखा नभएको कुरा स्वयम् कथाकार तुलसीप्रसाद न्यौपाने बताउछन् ।

**मधुपर्क, गोरखापत्र, गरिमा** जस्ता पत्रिकामा छापिएका उनका केही कथाहरू र अप्रकाशित केही कथाहरू सङ्कलन गरी पुस्तककार कृतिका रूपमा पहिलो **मान्छेका कथा** (२०६४), **पुस्तान्तर** दोस्रो संयुक्त कथासङ्ग्रह (२०६६) र तेस्रो **नसम्झिएका कथाहरू** (२०७०) मात्र प्रकाशन हुन् आइपुगेको छ **मान्छेका कथा** नामक यससङ्ग्रहमा कथाकार तुलसीप्रसाद न्यौपानेका एक्काईसवटा कथाहरू सङ्गृहित भएका छन् जसमध्ये उन्नाइसवटा कथाहरू मौलिक छन् भने दुईवटा कथाहरू अनूदित छन् । अङ्ग्रेजी कथाकार मार्कट्वेनरको **असत्यको प्रभुत्व** र अङ्ग्रेजी कथाकार मोपासाँको **जवाफ** कथाहरूलाई तुलसीप्रसाद न्यौपानेले नेपालीमा अनुवाद गरी **मान्छेका कथा** कथासङ्ग्रहभित्र सङ्गृहीत गरेका छन् । दोस्रो कथा सङ्ग्रहमा तीनवटा कथा रहे पनि *संस्कार* कथा शीर्षक दोहोरिन गएको छ भने *आन्दोलन* कथा पहिलो कथासङ्ग्रहमा पनि रहेको छ । त्यसैगरी तेस्रो कथासङ्ग्रहमा बीसवटा कथामध्ये अठारवटा मौलिक छ भने दुईवटा अनूदित नै छन् । यी तीन कथासङ्ग्रहभित्र सङ्गृहित कथाका विषयवस्तुलाई हेर्दा न्यौपानेले कथा लेखनको पूर्वाद्धदेखि २०६२/०६३ को जनआन्दोलनको समयसम्म लेखिएका कथाहरू यसभित्र रहेका छन् ।

उनका कथाहरूले द्वन्द्वका कारण समाजले भोग्नुपरेको पीडा, अधिकारका लागि गरिएका आन्दोलनहरू, विपन्न जनताहरूले भोग्नुपरेको चरम गरिवी परम्परावादी संस्कार र कुरीति सङ्ल्याउने प्रयासहरू, दमित कामवासाना, हिंसा र अशान्तिले उब्जाएका पीडा, जातीय भेदभाव आदि कुराहरूलाई अगाडि सारेका छन् । गोरखा साहित्यिक मञ्च काठमाडौंद्वारा २०६६ मंसिरमा प्रकाशित **पुस्तान्तर** कथासङ्ग्रह संयुक्त कथासङ्ग्रह हो जहाँ आठ जना गोरखाली स्रष्टाहरूका कथाहरू

सङ्गृहीत भएका छन् जुन सङ्ग्रहभित्र तुलसीप्रसाद न्यौपानेको *संस्कार, लोग्ने स्वास्नी* र *आन्दोलन* गरी तीनवटा कथाहरू सङ्गृहीत छन् । जसमध्ये *आन्दोलन* नामक कथाचाहिँ माथि नै उल्लेख गरिसकिएको **मान्छेका कथा** कथासङ्ग्रहभित्र सङ्गृहीत छ, जुन कथामा २०६२/०६३ मा भएको जनआन्दोलन-२ को झलक प्रस्तुत गरिएको छ भने *संस्कार* नामक कथा **मान्छेका कथा** कथासङ्ग्रहभित्र पनि छ तर **पुस्तान्तर** संयुक्त कथासङ्ग्रहमा पनि रहेको *संस्कार* नामक कथा शीर्षक मिल्न गए पनि यसका बिषयवस्तुमा विल्कुल फरक पाइन्छ । उक्त कथामा माइतीघरमा बिलासी जीवन बिताएकी पश्चिम संस्कारकी खर्चालु केटीसँग विवाह गर्दा पतिले भोग्नुपरेको पीडालाई देखाउन खोजिएको छ । यसै गरी *लोग्ने स्वास्नी*मा घरमा पत्नी भएर पनि बाहिर-बाहिर परस्त्रीको आलिङ्गनमा बाँधिएर हिंड्ने पतिलाई पत्नीले आफ्नो नियन्त्रणमा पारेको प्रसङ्ग उल्लेख भएको छ ।

दोस्रो कथासङ्ग्रह **नसम्झिएका कथाहरू** कथासङ्ग्रहमा पनि आफ्नो मौलिक कथाहरूले परिपूर्ण छ । यसमा पनि नेपाली संस्कृति नेपाली युवा युवतीले भोग्नु परेका सामाजिक आर्थिक समस्यालाई टपक्क टिपेर चटक्क सजाएका छन् । यस कथासङ्ग्रहभित्र सङ्ग्रहीत कथालाई अध्ययन गर्दा एउटा नेपाली जोकोहीले पनि आफ्नो व्याथा र छट्पटीलाई पाउन सक्छ । त्यसैले उनको यो दोस्रो कथासङ्ग्रहमा मौलिक नेपाली पन पाउँछ । उक्त कथाहरूमा उठानदेखि अन्त्यसम्म पाठकमा कौतुहलता विद्रोह जाग्दै गए पनि निष्कर्ष वा कथान्तमा कथाकारको शैली नतिखारिएको भन्ने केही भान हुन आउँछ । यसरी सामाजिक, राजनीतिक, आर्थिक, मनोवैज्ञानिक पक्षलाई आफ्नो कथाका विषयवस्तु बनाउने तुलसीप्रसाद न्यौपानेका कथाहरू कसिला र छोटा भए पनि विषयवस्तुलाई चटक्क छोपेर पाठकसमक्ष एउटा सन्देश प्रवाह गर्ने खालका छन् । थोरैमा धेरै भन्न सक्नु र सरल सहज भाषाशैलीको प्रयोग गरी सामान्य पाठकका लागि पनि सम्प्रेषणीय बनाउन सक्नु कथाकार न्यौपानेको विशेषता हो ।

### ग) समालोचक व्यक्तित्व

तुलसीप्रसाद न्यौपाने कुनै पनि साहित्यिक कृति अध्ययन गरिसकेपछि त्यसका बारेमा मरमुलाहिजा नराखी निर्भिक रूपमा आफ्नो दृष्टिकोण राख्ने

समालोचक व्यक्तित्व हुन् । २०६४ वैशाखमा प्रकाशित **मनका लहर** पुस्तकमा तुलसीप्रसाद न्यौपानेका केही समालोचकीय लेखहरू सङ्गृहीत भएका छन् । तुलसीप्रसाद न्यौपानेकै शब्दमा खिचडीका रूपमा आएको यस पुस्तकाकार कृतिमा उनले महाकवि देवकोटाको **कुञ्जिनी**, माधवप्रसाद घिमिरेको **राजेश्वरी** खण्डकाव्य, विजय मल्लको **अनुराधा**, लीलाध्वज थापाको **मन**, रूपनारायण सिंहको **भ्रमर** र तुलसीराम कुँवरको **रने** उपन्यासको सर्सर्ती समीक्षा गरेको पाइन्छ । सरल भाषामा चर्चा गरीएका यी लेखहरूबाट पाठकले उक्त पुस्तकका बारेमा एक बसाइमा नै सङ्क्षिप्त ज्ञान पाउन सक्दछन् । खास गरेर उक्त पुस्तकका बारेमा गरिएका चर्चाहरूले विश्वविद्यालयका परीक्षार्थीहरूलाई फाइदा हुने देखिन्छ । न्यौपानेका समालोचनात्मक लेखमा जीवनीपरक वा लेखकमुखी समालोचना प्रक्रिया तथा कृतिकेन्द्र वा पाठपरक समालोचना प्रक्रियालाई अपनाएको देखिन्छ ।

**घ) कवि व्यक्तित्व**

निबन्ध र कथाविधाको क्षेत्रमा सबभन्दा बढी कलम खियाउने साहित्यकार तुलसीप्रसाद न्यौपानेले कविता विधामा पनि कलम चलाएको देखिन्छ । आफ्नो पहिलो रचना कहिले कुन पत्रिकामा प्रकाशन भयो भन्ने निश्चित नभए पनि २०२३/२४ देखि नै कविता क्षेत्रमा कलम चलाएको कथाकारले बताएका छन् । आफ्नो धेरै कविता भए पनि पुस्ताकगत कृतिका रूपमा नभएकाले दराजमा थन्किएका केही पाण्डुलिपीहरूलाई सङ्कलन गरेर २०७० सालमा एकासीवटा भारी कविता बोकेर **बिर्सिएका कविताहरू** शीर्षक कवितासङ्ग्रह दीपक र स्मृता न्यौपानेद्वारा प्रकाशित भएको छ । यस कथासङ्ग्रहभित्र रहेका कविताले २००७ साल पछि नेपालमा जहाँनिय राणा शासन हटेर प्रजातन्त्र आए तापनि अझै नेपालीको तन, मन र व्यवहारमा प्रजातन्त्र आएको छैन, नेपालमा राजनैतिक खिचातानी, राजनैतिक अस्थिरता नेपालको आर्थिक सुधारमा कमिको अनुभुति यस कविताका केही अंश हो भने केही कविताले वैँशालु जीवनमा आउने भावनात्मक परिवर्तनले संसारै खुसी भएको कुरा पनि कविले समेट्न भ्याएको छ ।

यस कवितासङ्ग्रहका अन्य कविताभित्र नेपाली इतिहास, साहित्यिक व्यक्तिको प्रशंसा, प्राकृतिक वस्तुले जीवनमा ल्याएको रमाइलो, खुसी र आनान्द मात्र नभई व्यङ्ग्यात्मक ढङ्गबाट समाजमा हुने गरेका विकृति, विसङ्गति र कु-संस्कारलाई हटाई सभ्य समाजको कामना आदि कुरालाई पनि उनका कविताले छिटफुट रूपमा छुन पुगेको छ । समग्रमा कवितालाई विश्लेषण गर्दा उनका कविता नेपाली समाजलाई मार्गदर्शन गर्न सक्षम बनेका देखिन्छन् ।

**ङ) गीतकार व्यक्तित्व**

तुलसीप्रसाद न्यौपानेले साहित्यका कथा, निबन्ध, समालोचना, कविताजस्ता विधाका अतिरिक्त गीत रचनाका क्षेत्रमा पनि आफूलाई अघि बढाएको देखिन्छ । २०३२/०३३ तिर रचना गरिएको उनको एउटा गीत बजारमा उपलब्ध भएको कुरा शोधनायकले बताएका छन् । अनिता सुब्बाबाट स्वरबद्ध र पुरुषोत्तम सुब्बाबाट सङ्गीतबद्ध सो गीतको पूरै भाग उपलब्ध नभए पनि गीतको बोल चाहिँ निम्नानुसारको भएको कुरा स्वयम् तुलसीप्रसाद न्यौपानेले बताएका छन् :

'धेरै कथा जिन्दगीका भनौँ-भनौँ जस्तो लाग्छ
तिमीसँग मनका बह पोखौँ-पोखौँ जस्तो लाग्छ ।'

## २.३.२.२ साहित्येतर व्यक्तित्व

कुनै एउटै व्यक्तिभित्र पनि धेरै प्रकारका अभिरूचि, क्षमता, प्रतिभा र सीप रहेकै कारण समाजका अनेक कार्य क्षेत्रमा उसले आफूलाई संलग्न गराउन सक्दछ । तुलसीप्रसाद न्यौपाने पनि बहुआयामिक प्रतिभावान् व्यक्तित्व हुन् जसले आफूलाई साहित्यिक व्यक्तित्वका अतिरिक्त साहित्येतर व्यक्तित्वका रूपमा पनि स्थापित गराएका छन् ।

उनी मिलनसार, सरल, इमान्दार, सहयोगी, संवेदनशील सहृदयी व्यक्तित्व भएकाले उनी साहित्यक क्षेत्रका अतिरिक्त साहित्येतर क्षेत्रमा पनि उत्तिकै सक्रिय छन् । कुनै पनि काम समयमै पूरा गर्नुपर्दछ भनी समयको पूर्ण पालनामा जोड दिने न्यौपाने कुशल प्रशासक हुन् । साहित्यिक क्षेत्रमा आफ्नो छुट्टै स्थान सुरक्षित गरेका न्यौपाने सामाजिक क्षेत्रमा पनि

निकै सक्रिय व्यक्तित्वका रूपमा रहेका छन् । लामो समय सरकारी सेवामा क्रियाशील रहेर अवकाशप्राप्त जीवनयापन गरिरहेका न्यौपानेका सहित्येतर व्यक्तित्वका निम्नानुसार चर्चा गर्नु सान्दर्भिक देखिन्छ ।

### क) सामाजिक व्यक्तित्व

समाजका अशक्त एवम् असहाय व्यक्तिहरूको सेवा र सामाजिक संघ-संस्थामा सहयोग गर्न रुचाउने न्यौपाने साँच्चै सामाजिक भावनाले ओतप्रोत भएका व्यक्ति हुन् । आफ्नो जीवनकालमा सामाजिक कार्य गर्न सकेमा भोलिका लागि पनि केही कीर्ति छाडेर जान पाइन्छ कि भनेर आफू समाज सेवाको क्षेत्रमा लागेका कुरा न्यौपानेले बताएका छन् । विद्यार्थी अवस्थादेखि नै विभिन्न संघसंस्थासँग आबद्ध भई समाजसेवा गर्दै आएका न्यौपाने सरकारी सेवाबाट निवृत्त जीवनमा पनि उत्तिकै सक्रिय छन् । तत्कालीन अधिराजकुमारी हेलेन शाह अध्यक्ष रहेको बेलामा वि.सं. २०२१ सालमा नेपाल रेडक्रस सोसाइटीमा आबद्ध भएर समाजसेवामा अघि बढेका न्यौपानेले रा.यो.आ. र अर्थ मन्त्रालयमा सरकारी सेवामा रहँदा पनि मुगेदेखि धमिलीकुवासम्मको चेपेनहर, बाह्रबीसेदेखि भण्डारथोकसम्मको चेपेनहर, बारपाक ग्रामीण विद्युतीकरण, गोरखा जिल्लामा विद्युत प्रसारण लाइन विस्तार, अबुवा-लिगलिगकोट सडकमार्ग, तुरतुरे-पालुङटार जोड्ने बेलीब्रिज, बिमलनगर-च्याङ्ली जोड्ने पक्की पूल निर्माण जस्ता योजनामा प्राविधिक एवम् भौतिक पक्षमा धेरै सहयोग गरेको कुरा शोधनायकले बताएका छन् ।

यस्तै गोरखाको आँपपीपलमा रहेको अस्पताल मिसन टु नेपालले छोडेपछि सरकारी तवरले सञ्चालन गर्न गठित समितिमा संयोजक रहेर दुई वर्षसम्म आफूले काम गरेको कुरा शोधनायकले बताएका छन् । सो समय अस्पतालमा आफ्नै पहलमा एकजना जर्मन डाक्टर स्टार के. लगेर स्वास्थ्य सेवा गुणस्तरीय बनाउन सहयोग गरेको कुरा पनि शोधनायकले बताएका छन् । सामाजिक सेवाकै सिलसिलामा २०५१ सालतिर वाचन शिरोमणि स्व.नारायणप्रसाद पोखरेललाई पालुङ्टारको माझटार भन्ने ठाउँमा आमन्त्रण गरी उहाँकै मुखारविन्दबाट सप्ताह लगाई त्यसबाट उठेको रु. १,१४,०००।- मा थपेर आफ्नै संयोजकत्वमा मर्स्याङ्दी र

चेपे नदीको सङ्गम चेपेघाटमा शिवमन्दिरको पुननिर्माण गराएको कुरा पनि तुलसीप्रसाद न्यौपानेले बताएका छन् । २०५६ सालमा तत्कालीन भवानी मा.वि. ठाँटीपोखरी गोरखालाई उ.मा.वि. बनाउन सरोज देवकोटाको अध्यक्षतामा गठित व्यवस्थापन समिति सदस्यमा रहेर तीन वर्षसम्म काम गरेको र रु. ५०,०००।- पनि विद्यालयलाई आर्थिक सहयोग गरेको जानकारी प्रप्त भएको छ । यसैगरी आँपपीपलको राईगाउँस्थित चण्डीमन्दिरको छाना छाउने काम र आफ्नै जन्मस्थल न्यौपाने खोलामा रहेको कुलदेवता मन्दिर परिशरमा पाटी निर्माण गर्ने काम आफ्नै आर्थिक लगानीमा सम्पन्न भएको कुरा न्यौपाने तथा स्थानियहरूले बताएका छन् । सबैभन्दा उल्लेखनीय पक्ष भ.न.पा.-१० स्थित हाकिमचोकनिर निर्मित धार्मिक स्थलको छ । न्यौपानेको आफ्नै संयोजकत्वमा २०६० सालमा स्व. नारायणप्रसाद पोखरेलको मुखारविन्दबाट धान्याचल महायज्ञ सम्पन्न गराएर सङ्कलन भएको जम्मा रु. ६०,००,०००।- बाट जग्गा खरिद गरी धार्मिक स्थल निर्माण गरिएको जुन कार्यका लागि तुलसीप्रसाद न्यौपानेले रु.६,००,०००।- आर्थिक सहयोग गरेको जानकारी प्राप्त भएको छ । यसपछि त्यही धार्मिकस्थलमा लगभग रु. २५,००,०००।- को निजी लगानीमा बलभद्रेश्वर महादेव मन्दिरको निर्माण सम्पन्न गरेको कुरा शोधनायकले बताएका छन् । यी सामाजिक कार्यहरूका अतिरिक्त अन्य कैयौं क्षेत्रमा समाजसेवा गरेर नथाक्ने न्यौपाने एक सशक्त समाजसेवी व्यक्तित्व हुन् भन्न सकिन्छ ।

**ख) प्रशासनिक व्यक्तित्व**

२०२० सालमा प्रवेशिका परीक्षा उत्तीर्ण गरेपछि काठमाडौंमा आइ.ए. अध्ययन गर्न थालेका तुलसीप्रसाद न्यौपाने पुरातत्व विभाग, साझाकेन्द्र, साझा प्रकाशन, **अभियान** पाक्षिक पत्रिका आदि संघ-संस्थामा सेवा गर्दै अघि बढिरहेको बेलामा तत्कालीन श्री ५ को सरकारको लो.से.आ. ले लिएको शाखा अधिकृतको परीक्षामा उत्तीर्ण भई २०३० मा रा.यो.आ. मा पदस्थापन भई २०३६ सम्म विभिन्न क्षेत्रमा काम गरेको देखिन्छ । त्यसपछिका समयमा उनी अर्थमन्त्रालय अन्तर्गत रहेर लामो समयसम्म काम गरेको देखिन्छ । वि.सं. २०४९ सालमा नेपाल सरकारको

तर्फबाट एसियाली विकास बैंकमा प्रतिनिधित्व गरी दुई वर्षसम्म काम गरेको कुरा स्वयम् शोधनायकले बताएका छन् । ए.डि.बी. मा रहँदा न्यौपानेले नेपालका लागि द्विपक्षीय तथा बहुपक्षीय सहयोग जुटाउने काममा ठूलो भूमिका खेलेको जानकारी प्राप्त भएको छ । यसपछिका समयमा पनि अर्थ मन्त्रालयअन्तर्गत रहेर तुलसीप्रसाद न्यौपानेले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय, सामाजिक तथा आर्थिक संस्थाहरूसँग आवद्ध रही देशको समग्र विकासमा ठोस योगदान दिएको देखिन्छ । सरकारी सेवाको जुनकुनै प्रशासनिक निकायमा रहँदा पनि आफूले आफ्ना मातहतका कर्मचारीलाई नसताउने, माथिल्लो तहको आदेश अवज्ञा नगर्ने र अनावश्यक चाकरी पनि नगर्ने अनि सँधै राष्ट्रहितमा नै काम गर्ने गरेको शोधनायकले बताएका छन् ।

**ग) राजनैतिक व्यक्तित्व**

काठमाडौँको महेन्द्र प्रौढ स्कुलमा कक्षा ८ मा भर्ना भएर पढ्न थालेपछि न्यौपाने जागिरको खोजीमा भौतारीएका बेलामा जब ने.का.का तत्कालीन सचेतक विश्वबन्धु थापाको सम्पर्कमा पुगे तब त्यहाँ उनले थापाको निजी सचिवालयमा टाइपिस्ट सम्बन्धी काम गर्न थालेको जानकारी प्राप्त भएको छ । त्यही क्रममा थापाको विचारबाट प्रभावित भएर नेपाली काङ्ग्रेसको प्रजातान्त्रिक समाजवादमा आस्था राख्न पुगेका न्यौपानेको राजनीतिक यात्रा औपचारिक रूपमा कलेज जीवनबाट अघि बढेको देखिन्छ । २०२१ मा महेन्द्ररत्न कलेज ताहाचलको स्वा.वि.यु. अध्यक्षमा प्रजातान्त्रिक समूहका तर्फबाट निर्वाचित तुलसीप्रसाद न्यौपाने त्यस कलेजको प्रथम स्व.वि.यु. सभापति भएको बताएका छन् । सो समयमा न्यौपानेको नेतृत्वमा विभिन्न ठाउँमा प्रतिनिधि मण्डल गई क्याम्पसलाई स्वीकृति दिलाउने काममा सहयोग गरेको शोधनायकले बताएका छन् ।

विद्यार्थी जीवनपछि तत्कालीन श्री ५ को सरकारको निजामती सेवामा शाखा अधिकृत पदमा रही सेवा गर्न थाले पनि २०३७ सालको जनमत सङ्ग्रहमा आफूले बहुदलको पक्षमा समर्थन गरेको कुरा शोधनायकले बताएका छन् । त्यसैगरी २०४६ मा ने.का.ले आह्वान गरेको पञ्चायत विरोधी आन्दोलनमा कुटनीतिक नियोगमा विदेशी कर्मचारीहरू पनि सहयोग गर्न आग्रह गरेको कुरा न्यौपानेले बताएका छन् ।

कुटनीतिक नियोगमा कर्मचारीहरूको गोप्य भेला गराएर ने.का.को शीर्ष नेताहरूसँग भेटघाट व्यवस्था मिलाउने काम पनि आफूले गरेको कुरा शोधनायकले बताएका छन् । २०५३ सालमा ने.का.को पार्टी सदस्यता विधिवत् ग्रहण गरेका न्यौपाने त्यसपछिका निर्वाचनहरूमा आफ्नो गृह जिल्ला गोरखामा गएर प्रजातान्त्रिक पार्टी ने.का. को उमेदवारको पक्षमा बहुमत जुटाउनका लागि गरेको विभिन्न कार्य गरेको कुरा बताएका छन् । २०६२/०६३ को जनआन्दोलनमा काठमाडौँको जनप्रदर्शनमा सहभागी हुँदा तीनपटकसम्म पक्रेर पुलिसले हिरासतमा राखेको र प्रहरीको लाठीचार्जबाट गोडामा चोट लागेको र अहिलेसम्म दुखिरहेको कुरा न्यौपानेले बताएका छन् । जुनकुनै एकदलीय, तानाशाही, निरङ्कुशताको विरुद्धमा उभिने अनि देश र जानताको सेवा गर्न पद नै चाहिन्छ भन्ने छैन भन्ने न्यौपाने वर्तमानमा समाजसेवाको मार्गमा अथक रूपमा अघि बढिरहेका छन् ।

## २.४ निष्कर्ष

गोरखा जिल्लाको न्यौपाने खोलामा वि.सं. २००४ साल चैत सात गते पिता बलभद्र न्यौपाने र माता रत्नकुमारी न्यौपानेको कोखबाट दोस्रो सन्तानका रूपमा जन्मिएका न्यौपानेले आफ्नो बाल्यकाल गाउँमा नै सुखद रूपमा  बिताएको देखिन्छ । गाउँमा नै साँवा अक्षरारम्भ  गरेका न्यौपानेले गोरखा सदरमुकामको आधार स्कुलबाट पाँच कक्षा उत्तीर्ण गरी काठमाडौँको महेन्द्र प्रौढ हाइस्कुलमा गएर भर्ना भई वि.सं. २०२०  सालमा तृतीय  श्रेणीमा एस.एल.सी. उत्तीर्ण गरेको बुझिन्छ । परम्परागत संस्कारअनुसार वि.सं. २०११ सालमा उपनयन कर्म र वि.सं. २०१३ सालमा कमला पौडेलसँग मागी बिहे अनुसार दाम्पत्य जीवनमा बाँधिएका न्यौपानेका हाल एक छोरा र एक छोरी रहेका छन् । छोरा दीपक परिवारकासाथ बेलायतमा बस्दछन् भने छोरीको पनि बिहे भइसकेको छ । मध्यम वर्गीय किसान परिवारमा जन्मिएका न्यौपानेले पुर्ख्यौली थलोमा जग्गा किन्ने, ललितपुरको झम्सीखेलमा तीनतले पक्की घर र भ.न.पा. १० को हाकिमचोकनिर दुईवटा पक्की घर निर्माण गरी आर्थिक स्तर निकै माथि पुऱ्याएको देखिन्छ । वि.सं. २०२० मा प्रवेशिका परीक्षा उत्तीर्ण गरेका न्यौपानेले देश तथा विदेशबाट एम.ए. उत्तीर्ण गरेको जानकारी प्राप्त भएको छ ।

वि.सं. २०२१ बाट सरकारी जागिरको सुरू गरेका न्यौपाने वि.सं. २०३० मा लो.से.आ. ले लिएको परीक्षामा उत्तीर्ण भई शाखा अधिकृत पदमा रा.यो.आ. मा पदस्थापन भएको देखिन्छ । त्यसपछि २०४० मा उप-सचिव र २०५९ मा सह-सचिवमा बढुवा भई अवकाश लिएको बुझिन्छ । शैक्षिक जीवनमा सफलता प्राप्त गरेका न्यौपानेले आफूलाई साहित्यिक क्षेत्रतर्फ पनि लम्काएको देखिन्छ । आइ.ए. पढ्दै गर्दा न्यौपानेलाई नेपाली पढाउने गुरु कृष्णचन्द्रसिंह प्रधानको प्रेरणाबाट उनले साहित्यिक क्षेत्रमा हात हालेको बुझिन्छ । उनका हालसम्म **मनका लहर** (२०६४), **मान्छेका कथा** (२०६४), **पुस्तान्तर** (२०६६), र **महादेशीय यात्रा** (२०६६), **नसम्झिएका कथाहरू** (२०७०), **बिर्सिएका कविताहरू** (२०७०) कृतिहरू प्रकाशित भइसकेको देखिन्छ ।

अभिनयकलालाई आफ्नो रुचिको विषय, खानामा दाल, भात, गुन्द्रुक र पोसाकमा नेपाली राष्ट्रिय पोशाकलाई महत्व दिने न्यौपाने स्वाभिमानी, निर्भिक, परोपकारी, भ्रमणशील, स्पष्ट वक्ताका रूपमा परिचित छन् । न्यौपाने परहित चाहने भए पनि उनका पिताको २०३६ मा भएको हत्या र २०३८ मा पित्तथैलीको क्यान्सरबाट आमाको निधन हुँदा असल कर्म गर्नेको पनि यहाँ कुनै स्थान नभएको न्यौपानेको विचार छ । जति दुःख परे पनि वि.सं. २०३० मा शाखा अधिकृतमा स्थायी पदस्थापन हुँदा, सन् १९७७ मा छात्रवृत्तिमा अमेरिका अध्ययनमा गर्न जान पाउँदा र २०४९ मा नेपालको प्रतिनिधित्व गरी दुई वर्षका लागि मनिलामा ए.डि.बी को सञ्चालक समितिको सदस्यको हैसियतले जान पाउँदा विगतका घाउहरू केही खोटो बसेको न्यौपाने बताउँछन् । न्यौपानेले सरकारी र गैरसरकारी दुवै तवरबाट विश्वका पाँच महादेशका तीस भन्दा बढी मुलुकहरूको र आन्तरिक रूपमा नेपालमा सत्तरी जिल्लाको भ्रमण गरेको देखिन्छ ।

न्यौपाने समाजसेवामा पनि निकै क्रियाशील देखिन्छन् । नेपाल रेडक्रस सोसाइटी, रोटरी क्लब अफ पाटन, नेपाल व्रिटेन सोसाइटी, दण्डपाणि अर्ज्याल प्रतिष्ठान गोरखा, गोरखा काठमाडौं प्रजातान्त्रिक समाज आदि संघ-संस्थाका विभिन्न पदमा रहेर न्यौपाने क्रियशील छन् । साहित्य, समाजसेवा र सरकारी जिम्मेवारी जुन क्षेत्रमा पनि कर्तव्यपरायण न्यौपाने विभिन्न समयमा विभिन्न निकायबाट सम्मानित एवम् पुरस्कृत भएका छन् । खुला

एवम् उदार स्वभावका धनी न्यौपाने नैतिकता, इमान्दारिता, सच्चरित्रता, शोषणरहित प्रशासन आदिबाट नै समाज र राष्ट्रको उन्नति हुने भएकाले सबैले त्यसतर्फ ध्यान केन्द्रीत गर्नुपर्ने न्यौपाने बताउँदछन् । आजको युगमा आएर कुनै पनि एकदलीय निरङ्कुशता राज्यलाई ग्राह्य हुन सक्दैन, वी.पी. कोइरालाको लोकतान्त्रिक समाजवादसम्म पुग्ने असल माध्यम भनेको बहुदलीय प्रतिस्पर्धा नै हो भन्नेमा न्यौपानेले जोड दिएका छन् ।

यसरी आफ्ना गुरुका प्रेरणा अग्रज साहित्यकारका माध्यमबाट पूर्णरूपमा साहित्यमा लागेको र अहिले यो स्थानसम्म पुगेको कुरा शोधनायकले बताएका छन् ।

# परिच्छेद : तीन

# विधातत्त्वका आधारमा कथाहरूको विश्लेषण

# परिच्छेद : तीन

# विधा तत्त्वका आधारमा कथाहरूको विश्लेषण

## ३.१ विषयप्रवेश

सामान्य रूपमा साहित्यमा कलम चलाउन थालेका न्यौपानेले वि.सं. २०६४/०६६ र २०७० सालमा गरी तीनवटा कथासङ्ग्रह प्रकाशन गरेका छन् । यस परिच्छेदमा कथातत्त्वहरूको छोटो परिचय दिइएको छ र कृतिभित्रका कथाहरूलाई विधा तत्त्वका आधारमा विश्लेषण गरिएको छ ।

## ३.२ कथातत्त्वहरूको परिचय

### ३.२.१ शीर्षक

लेखरचनाको शीर्ष स्थानमा रहने पदावली शीर्षक हो (शर्मा, २०७० : ३०२) । शीर्ष स्थानमा रहने यो अङ्गले पुरै कृतिको मूलभाव बोकेको हुन्छ । शीर्षक लाक्षणिक, व्यङ्ग्यात्मक र सोझो अर्थमा पनि राख्ने गरेको पाइन्छ । कृतिमा शीर्षक सार्थक हुनु अनिवार्य देखिन्छ ।

### ३.२.२ विषयवस्तु

विषयवस्तु कथाको प्रमुख तत्त्व हो । यसले कथाका अन्य तत्त्व वा घटनालाई समेत गहिरो प्रभाव पारेको हुन्छ । विषयवस्तु कथाको अस्थिपञ्जर हो भने अन्य तत्त्व मांसपेशी हो (पोखरेल, २०४५ : २३०) । कथामा विषयवस्तु फरक-फरक ढङ्गबाट प्रस्तुत गर्ने गरेको पाइन्छ । विषयवस्तु बिना कथाको कल्पना गर्न पनि सकिदैन ।

### ३.२.३ पात्रविधान

कथाका सम्पूर्ण घटना पात्रमा निहित हुन्छन् । कथामा घटना प्रस्तुत गर्ने माध्यम पात्र नै हो । कथामा मानव र मानव इतर पात्र, बहुल र थोरै पात्र रहन सक्छ तर पात्र बीना कथा सम्भव छैन । पात्रलाई लिङ्ग, कार्य, प्रवृति, स्वभाव, आबद्धता, जीवनचेतना र

आसन्नताका आधारमा विभाजन गरिएको हुन्छ । कथाकारले पात्रका माध्यमबाट आफ्नो विचार व्यक्त गर्दछ । पात्रले कथानकलाई गति प्रदान गर्दछ त्यसैले पात्र कथाको अनिवार्य तत्त्व हो ।

### ३.२.४ परिवेश

कथामा पात्रले कार्यव्यापार गर्ने र घटना घटित हुने जगतलाई परिवेश भनिन्छ । यसभित्र देश, काल र परिस्थिती पर्दछ । कथा कहिले रचना गरेको हो भन्ने परिवेशका आधारमा थाहा पाउन सकिन्छ । कथामा रहेको कथानक र परिवेश बीच अन्योन्याश्रित सम्बन्ध हुन्छ । कतिपय कथाहरू आञ्चलिक पनि हुन्छन् तर यस्तो हुनु राम्रो मानिदैन ।

### ३.२.५ भाषाशैली

कथामा भाव अभिव्यक्त गर्ने माध्यम भाषा हो भने भाषिक अभिव्यक्तिको तरीका शैली हो । कथामा शैली एक साधन मात्र हो तापनि भाषा र शैली बीच घनिष्ठ सम्बन्ध हुन्छ । कथालाई प्रस्तुत गर्ने माध्यम भाषा भएकोले भाषा सरल, सहज हुनु आवश्यक छ । कथामा वर्णनात्मक, विवरणत्मक, आत्मकथानात्मक, हास्यात्मक र व्यङ्ग्यात्मक शैली प्रयोग गरिएको हुन्छ त्यसैले भाषाशैली कथाको अनिवार्य तत्त्व हो ।

### ३.२.६ उद्देश्य

उद्देश्य भन्नाले लक्ष्य भन्ने बुझिन्छ । साहित्य रचना गर्नुको केहीन केही उद्देश्य रहेको हुन्छ । कथाकारले रचना गरेको कथा पाठकले पढिसकेपछि जे ग्रहण गर्दछ त्यही नै उद्देश्य हो । मूलतः कथाको उद्देश्य परितोष दिलाउनु वा मनोरञ्जन गराउनु हो तर साहित्यिक आनन्दानुभूति या मनोरञ्जन गराउनुदेखि बाहेक कथाको अर्को भित्री लक्ष्य जीवनका मार्मिक अनुभूतिलाई अभिव्यक्ति गर्नु पनि हो (पोखरेल, २०४५ : २३३) । पात्र, परिवेश आदि अन्य पक्ष जस्तै उद्देश्य पनि कथाको अनिवार्य घटक मानिन्छ ।

उपर्युक्त विधा तत्वका आधारमा तुलसीप्रसाद न्यौपानेका सम्पूर्ण कथाको विश्लेषण गरिएको छ ।

## ३.३ कथाहरूको विश्लेषण

## ३.३.१ संस्कार कथाको विश्लेषण

यस संस्कार कथाको शीर्षक एक पदबाट संरचित भएको छ । उक्त शीर्षक नेपाली समाजमा जतिसुकै शिक्षित, धनाढ्य र सम्माननीय भए पनि ऊ समाजको कु-संस्कारमा हुर्किएकाले उसले आफ्नो परम्परादेखि चलिआएको संस्कार तोड्न नसक्ने कुरालाई समेट्ने गरेर शीर्षक राखेका छन् । उक्त कथाको विषयवस्तु अनुसार शीर्षक सार्थक देखिन्छ ।

यो नितान्त जातीय भेदभावको पृष्ठभूमिमा तयार पारिएको कथा हो । यस कथामा युनिभर्सिटीमा एम.ए. सँगै पढ्ने विद्या उपाध्याय र प्रभु शर्माका बीचको प्रेम विद्याले आमामार्फत बुबाकहाँ विवाहको कुरा पुऱ्याइन् भने प्रभुले पनि आफ्ना बुबासँग सिधै कुरा राखे पनि अभिभावकको स्तरबाट विवाहको कुरा नमिले पछि प्रभु र विद्या विचलित नभई सामजिक कुसंस्कारलाई चुनौती दिँदै गुह्येश्वरी मन्दिरमा आफैँ गइ दाम्पत्य जीवनमा बाँधिएर आशीर्वाद लिन बडाहाकिम साहेवकहाँ जाँदा उनी मुर्च्छा परेर ढलेका कथावस्तु यस कथामा रहेको छ ।

विद्या, प्रभु, विद्याका बाबु, प्रभुका बाबु, विद्याकी दिदी, प्रभुकी आमा आदि यस कथाका पात्र पात्राहरू हुन् । जसमा विद्या बद्ध, मञ्चीय, स्थिर, अनुकुल र प्रमुख स्त्रीपात्रा हुन् भने प्रभु बद्ध, मञ्चीय, स्थिर, अनुकुल र प्रमुख पुरुष पात्र हुन् । विद्याका बाबु बद्ध, मञ्चीय, वर्गीय, स्थिर, प्रतिकूल, खलपात्र हुन् । त्यस्तै प्रभुका बाबु बद्ध, मञ्चीय, बर्गीय, स्थिर, अनुकुल र सहायक पात्र हुन् भने विद्याकी दिदी र प्रभुकी आमा यस कथाका गौण पात्रहरू हुन् ।

प्रस्तुत कथा सानो जात, ठूलो जात, जातीय विभेदलाई परिवेश बनाएर लेखिएको कथा हो । यस कथामा हाम्रो गाउँघरमा हिजोदेखि आजसम्म रहेको कथित उच्च जातिले दलित जातिसँग विवाह गर्न बर्जित गरिएको विषय उल्लेख गरिएको छ । युनिभर्सिटी लाइब्रेरी, सामाखुसी, कोटेश्वर, बसपार्क, गुह्यश्वरी, खिचापोखरी, इलाम, चितवनजस्ता स्थानहरूको उल्लेख परिवेश कै सन्दर्भमा यस कथामा भएको छ ।

यस कथामा सरल र सम्प्रेषणीय भाषाको प्रयोग भएको पाइन्छ । आदि, मध्य र अन्त्यको रैखिक शैली यस कथाले अँगालेको छ । कथामा अङ्ग्रेजी शब्दहरूको प्रयोग र उखानको पनि प्रयोग भएको देखिन्छ ।

नेपाली रुढी परम्पराको संस्कारलाई देखाउन कथा सफल भएको छ, किनभने परम्परादेखि चलिआएको कथित ठूला जाति र कथित साना जाति बीचको फराकिलो खाडलका कारण समाजमा विभिन्न खाले विकृति देखिएको छ । अघिल्लो पुस्ताले काँखीच्यापेको कु-संस्कारलाई पछिल्ला शिक्षित पुस्ताले सजिलै हटाउन नसकेको र यस कथाले जातीय संस्कार र पुरानो पुस्ता र नयाँ पुस्ताको विचार बीचको द्वन्द्व देखाउनु यस कथाको उद्देश्य रहेको छ ।

## ३.३.२ लीना कथाको विश्लेषण

लीना शिक्षित नारी हो । देशको नियम अनुसार अल्पविकसित देशमा सेवा गर्न खटिने क्रममा नेपाल आएर नेपालको भौगोलिक वातावरण सामजिक अवस्थालाई भित्रै देखी मनपराइ ऊ समाज सेवामा लागेकी छ । सोही नारीले गरेको कार्यको आधारमा कथा निर्माण भएको छ त्यसैले सोही कथाकी मुख्य नारी पात्रको नामबाट शीर्षक राख्नु उपयुक्त देखिन्छ ।

यो कथा नितान्त यौनजन्य विषयवस्तुमा केन्द्रीत रहेको छ । प्रमुख स्त्रीपात्र लीना अमेरिकाबाट नेपाली समाजको अध्ययन गर्ने सिलसिलामा नेपाल आएकी हुन् । उनको कार्यक्षेत्र धनकुटा र संखुवासभा रहेको छ । सुबोध लीनाको शारीरिक सोन्दर्यबाट प्रभावित भएर बिहे गर्ने इच्छा बढ्दछ त्यस्तैमा रात परेपछि धनकुटामा लीनाको डेरामा सुबोधलाई पनि सँगै बास बस्न लीनाले अनुमति दिएपछि अचम्ममा परेको सुबोध लीनासँग यौनसम्पर्कको सङ्केत राख्दछ तर लीनाले ठाडै अस्वीकार गरिदिएपछि सुबोध लज्जित भएर आफ्नै गन्तव्यतिर लागेको कुरा कथामा विषयवस्तु बनेर आएको छ ।

यस कथामा लीना र सुबोध नामक दुई पात्रहरूको मात्र प्रयोग भएको छ । लीना यस कथाको बद्ध, मञ्चीय, स्थिर, अनुकुल र प्रमुख स्त्रीपात्रा हुन् भने सुबोध बद्ध, मञ्चीय, गतिशिल, प्रतिकूल सहायक  पुरुष पात्र हो । लीना सजग, सचेत परिपक्व र अध्ययनशील पात्र हुन् भने सुबोध अवपरिपक्व र यौनपिपासु पात्रका रूपमा कथामा चित्रित छ ।

सुन्दरी, उमेरदार युवती देखेपछि ऊ सँग आत्मीय व्यवहार बढाउनुको सट्टा मांशलप्रेम रुचाउने युवा प्रवृत्तिलाई कथाले आफ्नो परिवेश बनाएको छ । खाँदबारी, चैनपुर, संखुवासभा, धनकुटा, तुम्लिङ्टार, अरुणनदी किनार, विराटनगर, धरान, हिले, क्यालिफोर्निया, न्युयोर्क, भारतजस्ता स्थान र वर्तमान परिस्थिति पनि यस कथाका परिवेश हुन् ।

अङ्ग्रेजी शब्दहरूको केही प्रयोग भए पनि कथामा सरल, सहज र सम्प्रेषणीय गद्य भाषाको प्रयोग भएको छ । आदि, मध्य र अन्त्यको रैखिक ढाँचामा सिर्जित यस कथामा तृतीय पुरुष कथनढाँचाको प्रयोग भएकोछ ।

मानिस बाहिर जतिसुकै सुकिलो र मुकिलो देखिए पनि ऊ भित्रको फोहोरी पन नहटेका कारण एउटी नारी समक्ष लज्जास्पद हुन पुगेको छ । यदि यौनक्रियामा लाग्नु अगाडि महिला पुरुष दुबै तयार हुनुपर्छ होइन भने त्यो बलात्कारमा परिणत हुन्छ भन्ने सन्देशका साथै यौनक्रिया भन्दा आतिथ्यता ठूलो हो भन्ने लीनाका माधयमबाट देखाउनु यस कथाको उद्देश्य रहेका छ ।

## ३.३.३ आमा बन्ने रहर कथाको विश्लेषण

यस कथाकी प्रमुख पात्र नीतिमा विहे गरेको पाँच वर्ष पछि गर्भवती हुँदा नीति र उसको श्रीमान् सिद्धान्तमा उमङ्ग छाएको छ तर दश बर्षे माओवादी युद्धले उनीहरूको खुसी खुसीमा सीमित बनाएको छ । त्यसैले एउटी नारीमा पलाएको आमा बन्ने रहर पूरा नभएको कथावस्तु अनुसार कथा शीर्षक पनि आमा बन्ने रहर राख्नु सार्थक देखिन्छ ।

यो मातृबत्सल्यमा आधारित कथा हो तापनि नेपालमा द्वन्द्वले पारेको पीडा समेतलाई यसले छोएको छ । नीति र सिद्धान्त एक किसान दम्पति हुन् । विहे भएको धेरै बर्ष वितिसक्दा पनि सन्तानको मुख देख्न नपाएकाले पति-पत्नी पीडित र बैचैन छन् । धेरै समय गर्भवती भएकी नीति बजारमा सामन किन्न जाँदा माओवादी र प्रहरीको जम्काभेटमा झडप भइ भागाभाग हुँदा भीडमा चेपिएर घाइते भई । नीतिलाई भोलिपल्ट स्वास्थ्यचौकी पुऱ्याइन्छ जहाँ नीतिबाट मृत सन्तान जन्मिन्छ । यस घटनाले नीतिको आमा र सिद्धान्तको बाबु बन्ने सपना चकनाचुर भएर कथानक टुङ्गिन्छ ।

नीति, सिद्धान्त, स्वास्थ्यसेविका, एउटी बूढी मान्छे, पुलिस, माओवादी, रोपाहार, बाउसे आदि पात्रहरूको प्रयोग भएको छ । जसमा नीति बद्ध, मञ्चीय, वर्गीय,

गतिहीन,अनुकुल र प्रमुख स्त्री पात्र हुन् भने सिद्धान्त पनि बद्ध, मञ्चीय, वर्गीय, गतिहीन, अनुकूल र प्रमुख पात्र हुन् । यस्तै एउटी बुढी र स्वास्थ्य स्वयम्सेविका सहायक पात्र र पुलिस, माओवादी प्रतिकूल गौणपात्र र रोपाहार, बाउसे आदि गौण पात्रका रूपमा रहेका छन् ।

आफ्नो मातृवात्सल्य पोख्ने ठाउँ नहुँदा नारीहरूमा हुने बैचैनी तथा हिनता भावलाई यस कथाले परिवेशभित्र समेटेको छ साथै वि.सं. २०५२ सालदेखि नेपालमा सुरु भएको द्वन्द्वले नागरिकमा पारेको पीडालाई पनि आफ्नो परिवेशभित्र समेटेको छ । नीतिको घर, खेतबारी, चौतारो, बजार, स्वास्थ्य चौकी आदि स्थानको उल्लेख पनि यस कथामा गरिएको छ ।

यस कथाको भाषा पात्रको प्रकृति अनुसारका नै छन् । स्वाभाविक, सहज र सम्प्रेष्य गद्य भाषाको प्रायोगले कथा पठनीय बनेको छ । आदि, मध्य र अन्त्यको राम्रो सिलसिला मिलेको यस घटनाप्रधान कथामा तृतीय पुरुष कथनढाँचा र बाह्यविन्दुको प्रयोग भएको देखिन्छ

यस *आमा वन्ने रहर* कथामा पुरुषभन्दा बढी महिला मातृस्नेहमा रहन चाहन्छन् । एउटी महिला विवाह पश्चात् कति आमा बन्न चाहन्छे भन्ने मनोवैज्ञानिक विश्लेषण यसमा गरिएको छ भने दश वर्षे जनयुद्धका नराम्रा परिणाम देखाउनु पनि यस कथाको उद्देश्य रहेको छ ।

## ३.३.४ छोराको चिठी कथाको विश्लेषण

छोराको विशेषण पद र चिठी नाम पद मिलेर शीर्षक बनेको छ । कथामा रहेका म पात्रको राजनितिक मोहका कारण आफ्नो जहान, परिवारलाई कुनै वास्था नगरी आफ्नो पुर्खौली सम्पत्ति उडाउँदा म पात्रको छोराले आफ्नो बुवालाई मृत्यु अगाडि लेखिएको सुझात्मक सन्देश नै उक्त कथाको शीर्षक बन्न पुगेकोले कथाको भाव अनुसार शींषक सार्थक देखिन्छ ।

यो कथा नेपालको राजनीतिक विषयवस्तुसँग सम्वन्धित रहेको छ । कञ्चनपुर जिल्लाका राजनीतिक कार्यकर्ता रामबहादुर र कैलालीका अर्का व्यक्ति दीनानाथ राजनीतिक विषयवस्तुमा आधारित कुरामा केन्द्रीत छन् । बाबुको राजनीतिले आर्थिक अवस्था, आफ्नो

पढाइ सबै बिग्रिएको, घर-झगडा बढेकोले आत्महत्या गरेको कुरा डायरीमा निर्देशले लेखेर छोडेको फेला पर्दछ । रामबहादुर पवित्र र इमान्दार राजनीति गर्दा झन् आफ्नो सबै थोक डामाडोल भएकोमा ऊ प्रायश्चित गर्छ, कथानक यहीँ टुङ्गिन्छ ।

रामबहादुर, दीनानाथ, अधबैँसे महिला, कन्डक्टर, छोराको साथी, रामबहादुरकी स्वास्नी, ठुलो छोरो, सानो छोरो, प्रहरी आदि यस कथामा आएका पात्रहरू हुन् । रामबहादुर यस कथाको बद्ध, मञ्चीय, वर्गीय, गतिशील, अनुकूल र प्रमुख पुरुष पात्र हुन् भने दीनानाथ पनि बद्ध मञ्चीय, वर्गीय, स्थिर, अनुकूल सहायक पात्र हुन् । बाँकी अरु सबै पात्रको भूमिका गौण देखिन्छ ।

धन, शक्ति, स्रोत आदिका आडमा राजनीति गर्दा यहाँका कैयौँ राजनीतिकर्मीका आर्थिक अवस्था डामाडोल भएर परिवारमा अशान्ति, कलह र अन्तमा आत्माहत्यासमेत गर्ने गरेका छन् । यही नेपालको समसामयिक राजनीतिक फाँटका कार्यकर्ताले भोगिरहेका दुर्दशालाई यस कथाले आफ्नो परिवेश बनाएको छ । कञ्चनपुर, कैलाली, मलेखु, कलङ्की, क्षेत्रपाटी, दोलालघाट जस्ता ठाउँको चर्चा यस कथामा भएको पाइन्छ ।

सरल, सहज गद्य भाषाको प्रयोग भएको यस कथामा केही अङ्ग्रेजी शब्दहरूको पनि प्रयोग भएको देखिन्छ  तापनि छोटा वाक्य र सरल अभिव्यक्तिले कथा ज्यादै रोचक भएको छ । रैखिक शैलीमा सिर्जिएको यस घटनाप्रधान कथामा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ भने उखानको प्रयोगले नेपालको राजनीतिक सुधार हुन नसक्ने कुरालाई चटक्क छोएको देखिन्छ ।

नेपालको राजनीति फोहोरी खेल भएको देखाउन यस कथा सक्षम भएको छ । किन भने यस कथाका बुवा पात्र रामबहादुर राजनीतिमा लाग्दा उसको आफ्नो सम्पति सक्नुका साथै घरपरिवारप्रति पनि कुनै वास्था नगर्दा जेठो छोरो मृत्युको मुखमा पुगेको घटना देखाएर देशका राजनीतिमा लाग्ने कार्यकर्तादेखि ठूला नेतालाई समेत सन्देश दिनु यस कथाको उद्देश्य रहेको छ ।

## ३.३.५ सुर्खेतकी सुन्दरी कथाको विश्लेषण

*सुर्खेतकी सुन्दरी* शीर्षक लेखक स्वयम् अर्थात् 'म' पात्र काम विशेषले सुर्खेत जाँदा त्यहाँ देखिएका दुई युवतीका रूपरङ्ग र ढङ्गलाई चटक्क टिपेर कथा बनाएका छन् । कथाको भावअनुसार कथाको शीर्षक सार्थक देखिन्छ ।

यो नितान्त नारी यौनमनोविज्ञानमा आधारित कथा हो । सुर्खेतका भूतपूर्व प्रधान बृखबहादुर गुरुङका दुई छोराहरू बिहे गरेर पत्नीहरूलाई घरमै छाडी विदेशी सेनामा भर्ती भई विदेशिएका छन् । धेरै समयसम्म बिदेशबाट पति नआउँदा रूप-यौवन सम्पन्न युवतीहरूमा उत्पन्न यौन छटपटी र मनोदशाको चित्रण यस कथामा गरिएको छ । उनीहरूको यस आग्रहमा यौन सम्पर्कको आसक्ति पनि लुकेको छ तर म पात्र संयमताका साथ एक रात त्यहीँ बसेर पछि भेट हुने शर्तमा त्यहाँबाट हिँडेको सर्न्दभ कथामा विषयवस्तु बनेर आएको छ ।

सरल, सहज र सम्प्रेषणीय गद्य भाषाको प्रयोग भएको पाइन्छ । यस कथामा आगन्तुक शब्दहरूको प्रयोग भेटिन्छ भने कैयौँ तत्सम र तद्भव शब्दहरूको पनि प्रयोग गरिएको छ भने लोकोक्ति अलङ्कारयुक्त भाषा प्रयोग गर्नुले भाषिक सुन्दरता बढाएको छ । गुरुङ जातिले कर्ताअनुसार क्रियाको प्रयोग नगरी अव्याकरणीक शब्द प्रयोग गर्ने गरेको पाइन्छ । आदि, मध्य र अन्त्यको रैखिक ढाँचामा सिर्जिएको छ ।

'म' पात्र, बृखबहादुर गुरुङ, दुई बुहारी, दुई छोरा, एक अधबैँसे मानिस आदि पात्रहरूको प्रयोग भएको छ । जसमध्ये 'म' पात्र यसका प्रमुख पुरुष पात्र हुन् उनी बद्ध मञ्चीय, स्थिर, अनुकूल चरित्र उनीमा पाइन्छ । उनी पठित, संयमित र विवेकशील देखिन्छन् । यस्तै बृखबहादुर गुरुङका दुई बुहारी यस कथाका प्रमुख स्त्रीपात्रहरू हुन् । उनीहरू पनि मञ्चीय बद्ध, अनुकूल र स्थिर पात्रहरू नै हुन् । बृखबहादुर गुरुङ सहायक र अन्य पात्रहरू गौण रूपमा रहेका छन् ।

सुर्खेतको मालनेटा, भेरीनदी, नेपालगञ्ज, काठमाडौँजस्ता स्थानहरूको उल्लेख भएको यस कथामा पति परदेश लागेका लाऊँ-लाऊँ र खाऊँ-खाऊँ भन्ने उमेरका युवतीहरूले भोग्नु परेको यौनजन्य कुण्ठा यस कथामा चित्रित भएको छ । बढ्दो वैदेशिक रोजगारका कारण परदेशिएका युवा र तिनका पत्नीहरू उनीहरूका पर्खाईमा यौनप्यास पालेर बस्दाको पीडालाई यस कथाले आफ्नो परिवेश बनाएको छ ।

दुई-चार पैसा कमाउन भारतीय र बेलायती सेना हुनुपर्ने नेपाली युवाको स्थिति र ती घरमा नहुँदा श्रीमतीहरूले वर्षौं-वर्षसम्म पनि पतिको पर्खाइमा बस्नुपर्ने, यौनमनोवैज्ञानिक पक्षलाई उजागर गर्ने, विकासको अवस्था र रोजगारका लागि युवाहरू

विदेश पलायन, देशकै समस्यालाई यथार्थपरक ढङ्गले कलात्मक भाषाशैली मार्फत् देखाउनु यस कथाको उद्देश्य रहेको छ ।

### ३.३.६ आन्दोलन कथाको विश्लेषण

आन्दोलन शब्द आफैँमा विद्रोहात्मक शब्द हो । नेपाली युवा र राजनेताले राजाका विरुद्ध आन्दोलन गरेका छन् र आन्दोलन गर्दा सुरक्षाकर्मीद्वारा विभिन्न यातना दिँदै शर्त राखे पनि विद्रोह नरोकिने र अन्त्यमा दमनकारीलाई घोडा टेकाएरै छाड्ने विषयबस्तु बोकेको कथाको भावलाई हेर्दा शीर्षक सार्थक देखिन्छ ।

निरङ्कुश शासनको अन्त्यका लागि जनताले गरेको दोस्रो जनआन्दोलन २०६२/६३ को झलक यस कथामा प्रस्तुत गरिएको छ । जुन आन्दोलनलाई सरकारले प्रहरीको बलमा दबाउने जति प्रयास गरे पनि परिवर्तनका पक्षधर जनताका अगाडि सरकारले घुँडा टेक्नुपरेको कथावस्तु यस कथामा छ । लाठी, अश्रुग्याँस, गोली, हिरासत, जेलनेलद्वारा जनतालाई जति सास्ती दिए पनि जनबल अगाडि कसैको केही नलाग्ने कुरालाई कथाले लक्षित गरेको छ ।

पात्र प्रयोगका दृष्टिले धेरै नै पात्रहरूको प्रयोग यस कथामा पाइन्छ । म पात्र यस कथाको सुत्रधार पात्रको रूपमा रहेका छन् । उनी नै यस कथाका प्रमुख पात्र पनि हुन् । अन्य पात्रमा राजु, रामचन्द्र, गर्भवती महिला, आन्दोलनकारीहरू, विद्यार्थी नेताहरू, दलका नेताहरू, प्रहरी प्रशासन, राजा आदि रहेका छन् । जसमा राजु, रामचन्द्र, गर्भवती महिलाहरू सहायक पात्र, प्रहरी प्रशासन प्रतिकुल पात्र र राजा गौण पात्रका रूपमा रहेका छन् ।

नेपाली जनताले २०६२/०६३ मा गरेको जनआन्दोलन नै यस कथाको परिवेश हो । आन्दोलनका दौरानमा जुलुस प्रदर्शन गरिएका ठाउँ भोटाहिटी, सातदोबाटो, कलंकी, रिङ्रोड परिसरको चर्चा र त्यहाँ भएका झडपको चित्र पनि कथाले प्रस्तुत गरेको छ । विशेष गरी पक्रेर ल्याइएका घाइते आन्दोलनकारी राखिएका हिरासतको दृश्य कथाले सचित्र प्रस्तुत गरेको छ ।

सरल, सहज गद्य भाषाको प्रयोग भएको यस कथामा अङ्ग्रेजी शब्दहरूको प्रयोग भए पनि सामान्य पाठकका लागि पनि सम्प्रेषणीय नै छ । यस कथामा छोटाछोटा गद्य

भाषाको वाक्य, सरल अभिव्यक्ति, आन्दोलनको परिवेश अनुसारको प्रस्तुति भएको पाइन्छ । रैखिक शैली र बाह्य कथनढाँचा यस कथाका अन्य बैशिष्ट्य हुन् ।

बर्तमान मानव समाज सचेत र सक्षम भइसकेका छन् । कुनैपनि निरङ्कुशका विरुद्ध जीऊ ज्यान दिए र पनि स्वतन्त्रता रक्षाका लागि लड्न तयार भइसकेको कुरा २०६२/०६३ को जनआन्दोलनका माध्यमबाट पनि पुष्टि हुन्छ । जस्तो सकै दमनकारी, अत्याचारी शासक भए पनि अन्तत्वगत्व ऊ जनता सामु घूँडा टेक्न बाध्य हुन्छन् भन्ने देखाउनु यस कथाको उद्देश्य रहेको छ ।

## ३.३.७ जीवन कथाको विश्लेषण

जीवन भन्नाले जीवित अवस्था भन्ने बुभिन्छ । यस कथामा पनि एउटा मानव प्राणीले जीवित रहुन्जेल कति दुःख, कष्ट, वेदना र यातना भोग्नु पर्छ भन्ने घटनाको दर्दानक र कारुणिक अवस्थालाई विषयवस्तु बनाएको छ । विषयवस्तुमा रहेको मुख्य पुरुष पात्र वीरेको जीवनको भोगाइबाट सम्पूर्ण मानव जीवनलाई चेतनादायी सन्देश दिन सफल यो कथाको शीर्षक वीरेको जीवनका आधारमा राखेकाले शीर्षक सार्थक छ ।

यस कथाको प्रमुख पात्र वीरेकी स्वास्नी मरेकी सात वर्ष भइसकेको छ । छोराहरू जागिरका सिलसिलामा आ-आफ्ना परिवारसहित बाहिर-बाहिरै छन् । छोरीहरू बिहे भएकोले वीरे बूढो एक्लै असहाय जीवन बिताइरहेको छ । त्यस्तैमा एड्स लागेर आफ्ना पति गुमाएकी कान्छी छोरी आफू एड्स बोकेर वीरेकहाँ आउँछे । उमेर छँदा सन्तान जन्मायो, पढायो, बढायो अनि बिहे गरेपछि पर-पर हुने, रोजगारीले गर्दा टाढा-टाढा जानुपर्ने अनि थोत्रो घर कुरेर रोग, भोक र शोकमा डुबेर मृत्युको प्रतीक्षामा बुढेसकाल एक्लै बिताउनुपर्ने बाध्यता यस कथाको केन्द्रीय विषयवस्तु हो ।

यस कथामा वीरे, पल्लाघरको बूढो, सुन्दर माष्टर, वीरेकी कान्छी छोरी, वीरेकी स्वास्नी, अन्य छोराछोरी, ज्वाइँ आदि पात्रहरूको प्रयोग भएको छ । वीरे यस कथाको प्रमुख पात्र हो । ऊ बद्ध, मञ्चीय, स्थिर, अनुकूल र वर्गीय पात्र पनि हो । वीरेकी कान्छी छोरी, सुन्दर माष्टर, पल्लाघरको बूढो सहायक पात्र हुन् भने वीरेकी स्वास्नी, छोरा-छोरी, ज्वाइँहरू र माग्ने आदि गौण पात्रहरू हुन् ।

वीरेको घर-आँगन, छर-छिमेक, भारतको देहरादुन आदि स्थानलाई समेटेको यो कथा वर्तमान समयमा ज्यादै सान्दर्भिक देखिन्छ । गरिबीको पीडा र बुढेसकालको असहायपन बेहोरेर बस्नुपर्ने अहिले धेरै बूढाबूढीको अवस्था छ हाम्रो समाजमा । यही समसामयिक परिस्थिति नै यस कथाको परिवेश हो ।

सरल, सहज र सम्प्रेषणीय भाषा यस कथामा प्रयोग भएको छ । केही अङ्ग्रेजी शब्द र मानमाथि भुक्तमान जस्तो उखान पनि कथामा प्रयोग भएको देखिन्छ । आदि, मध्य र अन्त्यको रैखिक शैली र बाह्य कथनढाँचा प्रयोग भएको यस कथामा सङ्क्षिप्त वाक्यगठन, कौतुहलपूर्ण प्रस्तुतिको पनि निर्वाह भएको देखिन्छ ।

नेपालमा रहेका हरेक परिवारका युवापुस्ता रोजगारको लागि देशका ठूला शहरहरू तथा विदेशी मुलुकमा पलायन भइ आमा बुवाको वास्था नगर्दा थोत्रो घर कुरी बसेका बुबाआमा रोग, भोक र पीडाले छट्पटाउँछन् । असहाय बुढा बुढीको बिजोग नै भएको अवस्था र केही घर फर्कने छोरा छोरी पनि माया ममताले भन्दा आफ्नो दुःख पीडा र रोगका कारण साहरा खोज्न फर्किने यथार्थ घटनालाई देखाउनु यस कथाको उद्देश्य रहेको छ ।

## ३.३.८ ऊ एक्लै रुन्छे कथाको विश्लेषण

ऊ सर्वनाम एक्लै विशेषण र रुन्छे क्रियापदको संयोजनबाट शीर्षक ऊ एक्लै रुन्छे निर्माण भएको छ । रश्मी आफ्नै सौन्दर्यप्रतिको घमण्डका कारण आफूलाई उत्कृष्ट सम्भिन्छे पूर्वकार्यको आत्मग्लानी रश्मीले कसैलाई पनि व्यक्त गर्न सक्दिन त्यसैले त ऊ भन्-भन् छट्पटिमा हुन्छे र ऐना हेर्न पनि सक्दिन र बाहिर साथी सङ्घी समक्ष जान पनि नसकी ऊ एक्लै रुने अनि बस्ने भएकोले कथाको शीर्षक *ऊ उक्लै रुन्छे* राख्दा सार्थक देखिएको छ ।

यसमा आफ्नो शारीरिक सौन्दर्यमा ज्यादै घमण्ड गर्ने एउटी युवतीको कथा समेटिको छ । कलेजमा अध्ययनरत रश्मी आफ्नो रूप सौन्दर्यमा अति नै घमण्ड गर्ने एउटी छात्रा हुन् । अध्ययनमा ज्यादै मेधावी छात्र रमेशले प्रेम प्रस्ताव राख्दा गाउँले भनी इन्कार गरेकी तर अहिले उसको जीवनमा ठूलो चोट लागेको छ । पशुपतिमा पूजा गर्न गएकी रश्मीलाई

बाँदरले अनुहारभरि चिथोरि दिएपछि पहिले हेला गरेको रमेशको याद आइरहेको छ । भविष्यको चिन्तामा एक्लै रोइरहेकी छे । यस्तै कथानक यस कथाले बोकेको छ ।

यस कथामा रश्मी, रमेश, डाक्टर, रश्मीका बा-आमा, साथीहरू, बाँदर आदि पात्रहरूका प्रयोग भएको देखिन्छ । रश्मी यस कथाको प्रमुख स्त्री पात्र हुन् । उनी बद्ध, मञ्चीय, गतिशील र अनुकूल पात्रका रूपमा पनि कथामा चित्रित छिन्  यस कथामा रहेका अन्य सबै पात्रहरू गौण पात्र हुन् भने बाँदर चाहिँ मानवेतर, प्रतिकुल खलपात्र हो भन्न सकिन्छ ।

रूप लावण्यमा कमी देखिएमा शृङ्गार गरेरै भने पनि अरुको नजर आफूतिरै तान्न पर्ने प्रवृत्ति अहिले छ । अन्य कुराको क्षतिमा भन्दा शारीरिक सुन्दरताको क्षतिमा ज्यादै चिन्तित हुने कुराका साथै कलेज, मन्दिर, साथी समूह, घर, कोठा, माया प्रेम आदि यस कथाले परिवेश बनाएको छ ।

आगन्तुक अङ्ग्रेजी शब्दहरूको प्रयोग कथामा भए पनि सामान्य पाठकका लागि संवेद्य नै देखिन्छ । चरित्रप्रधान यस कथामा प्रयोग भएका एकालापले रश्मीको व्यक्तिगत पीडालाई चटक्क छोएको छ । यस कथामा उपमा अलङ्कारको प्रयोग पनि भएको देखिन्छ । यो कथा पूर्वदीप्तिमा आधारित छ । बाह्य कथनढाँचा यस कथाको अर्को विशेषता हो ।

मानिसमा इद, अहम र पराहम हुने गर्छ अहमका कारणले मानिसमा घमण्ड बढ्छ । यस कथाकी पमुख नारी पात्र रश्मीमा पनि आफ्नो सौन्दर्यका कारण उसमा अहम भावना बढ्दै जाँदा अचानक बाँदरले उसको अनुहारमा चिथोरे पछि उसको सौन्दर्य एकाएक बिग्रीएको छ । सौन्दर्यसँगै उसको घमण्ड सिसा फुटेसरी भएको छ । त्यसैले सौन्दर्य, धन, बलमा घमण्ड गर्नु बेकार छ  भन्ने सन्देश दिनु यस कथाको उद्देश्य रहेको छ ।

## ३.३.९ धूपीको फेदमुनि कथाको विश्लेषण

*धूपीको फेदमुनी* नारी मनोविज्ञानमा आधारित कथा हो । यसको प्रमुख नारी पात्र नीमा हुन् । उसको प्यारो पप्पीको सम्झनामा धुपीको बोटको स्पर्शबाट आनन्दको अनुभूति हुन्छ । धूपीको बोटलाई नै प्रतिकात्मक रूपमा पप्पी देख्छे किन भने पप्पीलाई धूपीको फेदमुनि गाडिएको छ । प्राण प्यारो पप्पीलाई धूपीको फेदमुनि गाडिनु अनि शीर्षक पनि धूपीको फेदमुनि राखिएकोले शीर्षक सार्थक देखिन्छ ।

मानिस र पशुका बीचमा घनिष्ठ, हार्दिक, आत्मीय र न्यानो माया हुँदोरहेछ, कुकुरको निधनले पनि मानिसलाई आफ्नो प्रियजन गुमाएजत्तिकै शोकमा डुबाउँदोरहेछ भन्ने कुरा कथामा विषयवस्तु बनेर आएको छ । पप्पीको अभावमा नीमा खानपान, कलेज जान, कसैसँग बोल्न सबै कुरा छाडेर मानसिक रोगी जस्तै भएकी छे, आफ्नो जीवनलाई अर्थहीन सम्झिन पुगेकी छे । यसरी घरपालुवा जनावरको मरणले मानिसमा पर्ने शोकलाई यस कथाले आफ्नो विषयवस्तु बनाएको देखिन्छ ।

नीमाको भूमिका मात्र कथामा सक्रिय देखिन्छ । प्रमुख स्त्री पात्रका रूपमा रहेकी नीमा बद्ध, मञ्चीय, स्थिर र अनुकूल पात्र पनि हुन् । धूपीको रुख मानवेतर गौण पात्र हो । नीमाको दाजु, ड्राइभर, आमा, साथीहरू आदि सबै गौण पात्रहरू हुन् । समग्रमा यस कथामा नीमाको एकालाप प्रस्तुत भएकाले अरुको भूमिका गौण छ ।

यस कथामा नीमाको आफ्नै घर, धुपीको फेद, आँगन, क्याम्पस आदि ठाउँको उल्लेख गरिएको छ । आजकल सम्पन्न मानिसहरू सोख र सुरक्षा दुवैको लागि घरमा कुकुर पाल्ने र त्यसलाई मानिस कै स्तरको स्याहार सुसार, खान-पान, औषधोपचार, नुहाइ-धुवाइ आदि गर्छन् । परिवारको एक सदस्य झैँ गरेर पालिएको प्राणीको निधनले परिवारका विशेष गरी युवतीहरू साह्रै बेचैन हुने कुरा यस कथामा परिवेश बनेर आएको छ ।

सरल, सहज र स्वाभाविक गद्य भाषाको प्रयोग गरिएको चरित्रप्रधान यस कथामा तत्सम, आगन्तुक तथा अङ्ग्रेजी शब्दहरूको प्रयोग भएको देखिन्छ । नीमाको अर्न्तद्वन्द्वमा सिर्जित वृत्तकारीय शैलीको यस कथामा मानसिक आवेगका उतारचढाबहरू तृतीय पुरुष दृष्टिबिन्दु र सहज भाषाशैलीमा नै अभिव्यक्त भएका छन् ।

मानिस चेतनशील अनि सामाजिक प्राणी हो । सामाजिक प्राणी भएकोले नै समाजमा बस्ने मानिसबाहेक उसको आत्मियता अन्य प्राणीसँग पनि उत्तिनै रहेको हुन्छ । नीमाले पालेकी पप्पी नामक कुकुरको मृत्यु पश्चात् नीमामा देखिएको एक्लो पनालाई र धुपिको फेदमुनि पप्पी गाडिएकोले धुपिको बोटलाई नै पप्पीको स्वरूप देखी स्पर्श गर्नु, म्वाइँ खानु र अङ्गालो मार्नुले एक अर्को जीवप्रतिको आत्मियता देखाउनु यस कथाको उद्देश्य रहेको छ ।

### ३.३.१० पाँच वर्षअघिको परिचित आवाजपछि कथाको विश्लेषण

*पाँच वर्षअघिको परिचित आवाजपछि* भन्ने लामो वाक्यात्मक शीर्षक छ यस कथाकी नारी पात्र बाटुलीले आफ्नो श्रीमान् पाँच वर्षसम्म सम्पर्कमा नआएकोले ऊ यौन मनोविज्ञानबाट विछिप्त छे । यौन कुण्ठाका कारण सपनामा ऊ कसैसँग संसर्ग गर्न पुग्छे । सपनाबाटै ऊ यौन सन्तुष्ट भए पनि आत्मा ग्लानी भइरहेको बेला एक्कासी आफ्नो प्राण प्रियको आवाज सुन्दा ऊ बोहोस हुन्छे भन्ने कथावस्तु लामो भए पनि विषयवस्तु र बेहोस हुनपर्ने कारण दर्साउन सक्ने खालको शीर्षक भएकाले यसमा शीर्षक सार्थक देखिन्छ ।

बाटुली र प्रणय एक जोडी विवाहित दम्पति हुन् । विवाहको केही समयपछि रोजागारीका सिलसिलामा प्रणय बाटुलीलाई छोडेर हिन्दुस्थानतिर लागेको छ । तर पाँच वर्ष बितिसक्दा पति नआएपछि बाटुली आफुलाई कमजोर सम्झन्छे । साथी-सँगी सबै पतिका साथ, आफ्नो प्रणय चिठी न खबरसँग बसेपछि कामातुर बाटुली अनेक शङ्का गर्न थाल्छे । लोग्ने बेखबरसँग बस्नुमा आफ्नै कमजोरी कसैले सुनाइदिए कि भनेर पनि झस्कन्छे । यौनप्यासले छट्पटिएर शङ्काको डोरीमा पीङ खेलिरहेको बेलामा पछाडिबाट प्रणयले 'बाटुली' भनी बोलाउँछ, पाँच वर्षदेखि गायब लोग्ने र स्वास्नीका बीचमा एक्कासि पुनर्मिलन हुन्छ, कथानक यही टुङ्गिन्छ ।

बाटुली यस कथाकी प्रमुख स्त्रीपात्र हो । उसलाई बद्ध, स्थिर, वर्गीय र अनुकुल पात्रकै रूपमा लिन सकिन्छ । प्रणय सहायक पात्र हो भने अरु गौण पात्रहरू हुन् ।

पति रोजगारीका लागि परदेश लाग्ने, पत्नी गृहस्थी गरेर बस्ने हाम्रो नेपाली समाजको संस्कृति बनिरहेको छ । नव विवाहित जोडीहरूलाई, किशोर-किशोरीहरूलाई, तरुण-तन्नेरीहरू सबैलाई यो समस्याले पिरोलेको छ । मनभरि चाहना, ओठभरि रहर, शरीरभरि सुन्दरता भएका युवतीहरू परदेश गएका लोग्नेका पर्खाइमा थाकिसकेका हुन्छन्, यही समसामयिक परिवेशलाई यस कथाले समेटेको छ ।

बाटुलीको आन्तरिक द्वन्द्वमा सिर्जित चरित्रप्रधान यस कथामा ज्यादै छोटा, सरल वाक्ययुक्त सहज गद्य भाषाको प्रयोग भएको छ । बाह्य कथनढाँचा, रैखिक शैली, काव्यात्मक भाषाको प्रयोग थोरै मात्र अङ्ग्रेजी शब्दको प्रयोग यस कथाको भाषाशैलीगत विशेषता हुन् । यस कथामा तत्सम, नेपाली झर्रा शब्द र उपमा अलङ्कारको प्रयोग भएको देखिन्छ ।

नेपाली युवा देशको अस्तव्यस्त परिस्थितिका कारण विदेशी सेनामा, रोजगारका लागि भारत लगायत विभिन्न मुलुकमा जाँदा घरमा बस्ने श्रीमतीहरू जवानीको अवस्थामा पती पत्नी बिछोडीएर बस्नु पर्दा र परस्परमा सहवास गरी आलिङ्गनमा बाँधिन नपाउँदा नारीहरूका मनमा उत्पन्न हुने तीव्र यौन कुण्ठा र त्यसबाट सिर्जित मनोदशालाई प्रस्तुत गर्न र नेपाली युवालाई धनतिर मात्र नभई आफ्नो पारिवारिक जीवनप्रति पनि सचेत हुनु पर्छ भन्ने सन्देश दिनु यस कथाको उद्देश्य रहेको छ ।

## ३.४.११ धोखा कथाको विश्लेषण

कथाकारले अहिलेका युवा जोडीले एक अर्कालाई छिनमा माया प्रेममा बाँधिने र छिनमै छोड्ने प्रवृतिलाई मध्येनजर गरेर कथा रचना गरेका छन् । एउटा विवाहित युवकले कन्य केटीलाई विहे गर्दा उसमा शङ्का लागे पनि निमेसको साथी गम्भीरबाट निमेस विवाहित पुरुष हो र उसका श्रीमती छोरा-छोरी उसलाई खोजिरहेका छन् भन्ने भनाइबाट आफूलाई धोखा भएको सम्भिन्छे त्यसैले यो कथामा धोखा शीर्षक सार्थक छ ।

यस कथामा घरमा विवाहित पत्नी र छोराछोरी हुँदाहुँदै पनि बिहे गरेको छैन भनेर ढाँटेर अर्की युवतीसँग वैवाहिक सम्वन्ध स्थापित गर्ने पुरुष प्रवृतिको उल्लेख गरिएको छ । नेपालबाट बेलायतमा अध्ययन गर्न गएकी विनितालाई अमेरिकाबाट बेलायतमा साथी भेट्न गएको मिनेसले आफू विवाहित हुँदाहुँदै पनि ढाँटेर विवाह गरेको छ । तर मिनेसको साथी गम्भीरबाट ऊ विवाहित भएको पोल खुलेपछि विनिताले 'धोकेवाज'को संज्ञा दिई मिनेसलाई त्यागेर हिँडेको कथावस्तु यस कथामा रहेको छ ।

यस कथामा विनिता, मिनेस, गम्भीर, केशव, विनिताका बा-आमा, मिनेसकी जेठी श्रीमती, बच्चा-बच्ची आदि पात्रहरू रहेका छन् । प्रमुख स्त्री पात्रा विनिता बद्ध, मञ्चीय, गतिशील, अनुकूल, वर्गीय मूल पात्र हुन्, मिनेस पुरुष पात्र  हो । ऊ प्रतिकूल पात्रको रूपमा चित्रित छ । त्यस्तै गम्भीर सहायक पात्र हो भने केशव, विनिताका बा-आमा, मिनेसकी जेठी श्रीमती र बच्चाबच्चीहरू गौण पात्रहरू हुन् ।

बेलायत, अमेरिका, बकिङ्घम प्यालेस, नेपालको पोखरा आदि स्थानहरूको उल्लेख भएको यो कथा ज्यादै समसामयिक छ । घरमा  विवाहित पहिलो पत्नी र छोराछोरी हुँदाहुँदै

बाहिर राम्री ठिटी पाएपछि बिहे गरेको छैन भनी भुक्याएर दोस्रो बिहे गर्ने यौनपिपासु युवा प्रवृत्तिलाई यस कथाले आफ्नो परिवेश बनाएको छ ।

यस कथामा सरल, सहज गद्य भाषाको स्वाभाविक प्रयोग छ । रेष्टुराँ, फ्लाटरी, टेलिफोन, इमेल, कोल्ड ड्रिन्क, कम्युनिकेसन ग्यापजस्ता अङ्ग्रेजी शब्दहरूको प्रयोग भए पनि कथा सामान्य पाठकका लागि बोधगम्म छ । कथामा बाह्य कथनढाँचा र रैखिक शैलीको सुन्दर प्रयोग भएको छ ।

मानिस आर्थिक तथा शैक्षिक रूपमा सम्पन्न भइसके पनि ऊभित्रको कु-भावना जागरण हुँदा आफ्नो घरमा भएकी श्रीमतीभन्दा परस्त्री राम्री देखिन्छे । राम्री परस्त्रीलाई आफ्नो बनाउन केटाहरू अनेक बहाना गर्छन् । छलकपटबाट उसलाई आफ्नी बनाई पहिलो श्रीमती तथा सन्तानप्रति घृणा भाव व्यक्त गर्ने कामुक, स्त्रीलम्पट, स्वार्थी पुरुष प्रवृत्तिलाई प्रष्ट देखाएका छन् । नारी पुरुष दुबैलाई यस्तो प्रवृत्तिबाट टाढै रहन सन्देश दिनु यस कथाको उद्देश्य रहेको छ ।

## ३.३.१२ दरबारकी कली कथाको विश्लेषण

ठूला खानदान मान प्रतिष्ठामा हुर्केकी नारीमा उत्पन्न हुने यौन भावनालाई समयमा विचार नपुऱ्याउँदा त्यसबाट परिवारमा पुऱ्याउने घातक परिणाम दरबारकी कली कथाको विषयवस्तु हो । यस कथाकी प्रमुख नारी पात्र अजयामा र भोटुको वार्तालापका माध्यमबाट दरवारको यथार्थ यौन चाहना देखाउने कथाकारले कथाको शीर्षक पनि दरबारकी कली राख्नु उपयुक्त देखिन्छ ।

यस कथामा राणादरबारभित्रको ऐसआराम, भोगविलास, यौन जस्ता कुराहरूको यथार्थ चित्र उतारिएको छ । रसिया गएको भोटुसँग धेरै समयपछि अजयाको भेट हुन्छ । राजदुतावासले आयोजना गरेको रात्रिभोजमा भेट हुँदा अजया मालीसँगको अवैध यौनसम्पर्कबाट जन्मेको सन्तानलाई भारतमा कसैको जिम्मा लगाएर ठुलो बुबासँगै रसिया पुगेको रहस्य भोटुले थाहा पाउँछ । उनीहरू दुईको इतिहास एक अर्कालाई बताइसकेपछि समय बित्दै जाँदा यौवन अवस्थाको पूर्व प्रीतिलाई दाम्पत्य जीवनमा परिणत गर्ने निर्णयमा पुग्दछन् । यही अनौठो विषय यस कथाको कथावस्तु हो ।

यस कथामा अजया, विजया, भोटु, आभूषण, माली, ठूलो बुबा, भोटुको काका, आर्मी अफिसरहरू, महाराजा आदि पात्रहरू रहेका छन् । अजया यस कथाको प्रमुख स्त्रीपात्र हुन् । उनी बद्ध, मञ्चीय, गतिशील, बर्गीय, प्रतिकूल पात्र पनि हुन् । नारी पात्रको रूपमा प्रमुख भूमिका खेलेकी भए पनि अनुकूल हुन सक्दिनन् । प्रमुख पुरुष भोटु बद्ध, मञ्चीय, स्थिर, अनुकुल र बर्गीय पात्र हुन् । अन्य सबै पात्रहरू गौण पात्रहरू हुन् भने मालीचाहिँ अझ प्रतिकूल गौण पात्र नै हो ।

काठमाडौँ राणा दरबारभित्रको चहलपहल, रसियाको राजदुतावास, भारत आदि स्थानको चर्चा समेटिएको यस कथामा राणा परिवारभित्रको ऐसआराम, भोगविलास, यौनक्रियाकलाप, अभिमानजस्ता राणाकालीन समयमा विकृतिहरूलाई यस कथाले आफ्नो परिवेश बनाएको छ ।

यस कथामा प्रयोग भएका भाषा सरल, सहज र स्वाभाविक खालको छ । बोलीचालीको गद्य भाषाको प्रयोग, केही अङ्ग्रेजी शब्दहरूको प्रयोग यस कथामा भएको छ । राणा परिवारभित्रको विषयवस्तु भएकाले अति उच्च आदआर्थी शब्द र क्रियापदहरूको प्रयोग पनि कथामा गरिएको देखिन्छ ।

नेपालको इतिहासमा १०४ वर्षे राणाकालीन समयमा राणा दरवारभित्र हुने गरेका धेरै किसिमका सुख, चैन, भोग, विलास, ऐस-आरामबाट यौनक्रियाकलाप फस्टाउँदा त्यसको सिकार सानासाना बालबालिका तथा दरवारका आसेपासे हुने गरेको यथार्थ घटनालाई कलात्मक ढङ्गबाट प्रस्तुत गरिएको छ । समाजमा आफ्नो मान मार्यादाका कारण धनाढ्य परिवारले जे पनि गर्न तयार हुने र गरीबले आफ्नो माया र आत्मियताका लागि हदैसम्म लचकता अपनाउन सक्ने मानवतावाद समेत यसमा देखाउनु यस कथाको उद्देश्य रहेको छ ।

### ३.३.१३ विवशता कथाको विश्लेषण

विवशता एक पदीय नाम पद हो । यस कथामा रहेको पुरुष पात्र चन्द्रेले आफुलाई साह्रै मन परेर जारी तिरी ल्याएकी श्रीमती देवकी हो । गरीब छ तर उसले श्रीमतीलाई असाध्यै माया गर्छ । साहु महाजनले चन्द्रे देवकीलाई आफ्नो काममा दलाएका हुन्छन् त्यही

काममा खटिँदा चन्द्रेको मृत्युको पिडाले चोट सहन नसकेकी देवकीको अवस्थालाई कथावस्तु बनाई कथाको शीर्षक पनि विवशता राख्नु शीर्षक सार्थक छ ।

यो सामाजिक विषयवस्तुमा आधारित कथा हो । ठुला-ठालुहरूको सामन्ती व्यवहारले तल्लो वर्गका मानिसहरूमा चरम आर्थिक समस्या उत्पन्न हुने र गरिबीले पति-पत्नीको आत्मीय सम्बन्धमा पनि खलल पुऱ्याउनेतर्फ यस कथाले सङ्केत गरेको छ । यस कथामा चन्द्रेले साह्रै मन पराएर जारी तिरेर ल्याएकी देवकीसँगको सुरुको प्रेम ज्यादै नमूनालायक थियो । यी आफ्नो घर परिवारलाई स्वर्ग नै मान्थे तर मुखियाको सामन्ती व्यवहारबाट आफ्नो आर्थिक स्तर माथि उठाउन नसकेपछि देवकी बौलाहीजस्ती भएकी छ । त्यसैले चरम गरिबीले हार्दिक सद्भाव र प्रेम पनि ओझेलमा पर्ने कुरा यस कथामा विषयवस्तु बनेर आएको छ ।

चन्द्रे, चन्द्रेकी स्वास्नी देवकी, मुखिया, साइँला मुखियाकी छोरी आदि पात्रहरू रहेका छन् । देवकी यस कथाकी प्रमुख स्त्रीपात्र हो । ऊ बद्ध, मञ्चीय, अनकूल र गतिशील पात्र हो । चन्द्रे र मुखियाकी छोरी गौण पात्र हुन् ।

चन्द्रे र देवकीको झुपडी, मुखियाको घर आदि स्थानको उल्लेख गरिएको यस कथामा ठूला-बडाहरूको शोषण, गरिबी र त्यसबाट उत्पन्न हुने मानसिक विक्षिप्तता आदिको चर्चा गरिएको छ । सामन्तहरूकहाँ चाकरी टुटेको छैन, आफ्ना हाड घोटेर पसिना बगाएर ठूला बडाहरूलाई पोस्ने कार्यको अन्त्य भएको छैन, यस्तै परिस्थिति यस कथामा परिवेश बनेर आएको छ ।

सरल, सहज र स्वाभाविक गद्य भाषाको प्रयोग यस कथामा गरिएको भए पनि अङ्ग्रेजी शब्द पनि आएका छन् । तथापि सामान्य बौद्धिकस्तरका पात्रका लागि यो कथा सम्प्रेषणीय छ । वृतकारीय शैलीमा रचित यस कथाका तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । झर्रा शब्द र उपमा अलङ्कारको प्रयोग पनि कथामा भएको देखिन्छ ।

संसारमा सबैभन्दा ठूलो माया हो । मायाका कारण आफ्नो पतिले बारेको झुप्रो पनि महल सरह हुने र मायाकै कारण खोले सिस्नो पनि चौरासी व्यञ्जन हुने विचारलाई कथाकारले पुरुष पात्र चन्द्रे र नारी पात्र देवकीका माध्यमले देखाउन खोजेका छन् । श्रीमान्‌को मृत्यु हुँदा भाव विहल भएर अर्धपागल अवस्थामा पुगेकी देवकीको माध्यमद्वारा

परिवारमा धन सम्पत्ति एस आरामभन्दा माया ममता र शान्ति आवश्यक छ भन्ने देखाउनु यस कथाको उद्देश्य रहेको छ ।

## ३.३.१४ दबाव कथाको विश्लेषण

बारम्बार आफ्नी श्रीमतीको टोकसोबाट सरुवा परुवा मिलाई धेरै कमाउने ठाउँमा पुगको दीनानाथले कमाइ हुने ठाउँ भएपनि नराम्रो काम नगर्दा नगर्दै ऊ विभिन्न जाल झेलमा परि आफू फसेको छ । यो सब हुनु उसकी श्रीमती भवानीको दबाव हो भन्ने देखाउन कथाकारले शीर्षक पनि दबाव राख्नु कथाको विषयवस्तु अनुसार शीर्षक सार्थक देखिन्छ ।

यस कथाले आर्थिक भ्रष्टाचारलाई मूल विषयवस्तु बनाएको छ। दीनानाथ र भवानी पति-पत्नी हुन् । साह्रै खर्चालु स्वभावकी पत्नीको ढिपीले नेताले फोर्स लगाएर एयरपोर्ट भन्सारमा दीनानाथ आफ्नो जागिर त सार्छ तर केही दिनमा नै उसलाई सुनकाण्डमा भ्रष्टचारको आरोप लगाई जेल चलान गरिन्छ। पतिलाई भन्दा पैसालाई महत्व दिने भवानी पति भेट्न जान्न । आफ्नो चाहना नभए पनि पत्नीको दबाबले भ्रष्टाचारमा जेल चलान गरिएको दीनानाथ पछुतोका साथ समय बिताइरहेको छ । यसरी भ्रष्टचारयुक्त नेपालको कर्मचारीतन्त्रलाई यस कथाले विषयवस्तु बनाएको छ ।

दीनानाथ, भवानी, सोमनाथ, भवनाथ, नेता, सोमनाथ र भवनाथका पत्नीआदि पात्रहरू रहेका छन् । प्रमुख पुरुष पात्र दीनानाथ बद्ध, मञ्चीय, गतिशील, अनुकुल र वर्गीय चरित्रको पात्र हो । भवानी बद्ध, मञ्चीय, स्थिर र प्रतिकूल चरित्रकी पात्र हो । खानपान, लुगाफटो, भोज भतेर आदिमा ठूलो सोख रहेकी असत् पात्र हो । बाँकी अरु पात्र मध्ये भवनाथ र सोमनाथ सहायक पात्र हुन् भने अरु सबै गौण पात्रहरू हुन् ।

काठमाडौँ एयरपोर्ट, भन्सार, रेष्टुराँ, दीनानाथको घर, जेल जतातत‌ै आर्थिक भ्रष्टचार, मिठो खान, राम्रो लगाउन, महलमा बस्न, गाडीमा सयर जस्तो आधुनिक चहल पहल आदिलाई यस कथाले  परिवेश बनाइएको छ ।

यस कथामा सरल, सरस, स्वाभाविक गद्य भाषा प्रयोग भएको देखिन्छ । अङ्ग्रेजी शब्दहरूको प्रयोग बढी नै भए पनि कथा सामान्य पाठकका लागि समेत बोधसम्म नै

देखिन्छ । वृत्तकारीय शैली र बाह्य कथनढाँचा अँगालिएको यस कथामा उखानको पनि प्रयोग भएको देखिन्छ ।

समाजमा बढ्दै गइरहेको विलासी जीवन पद्धतिका कारण राष्ट्रमा भ्रष्टचार मौलाइरहेको छ भन्ने सन्देश दिनका लागि कथाकारले प्रमुख नारीपात्र भवानीको जीवन शैली र व्यवहारका साथै उसैको दबावमा दीनानाथलाई भ्रष्टाचार जस्तो तुच्छ र अमर्यादित व्यवहार गर्न बाध्य बनाइएको छ । धन सम्पत्तिका लागि पराइका साथसाथै आफ्ना आफन्त तथा श्रीमती पनि पछि नहट्ने भएकोले त्यसबाट बच्न समेत सन्देश दिँदै नराम्रो काम गर्नेले सजाय पाइछाड्ने भाव दिनु यस कथाको उद्देश्य रहेको छ ।

## ३.३.१५ रूपनारायण कथाको विश्लेषण

यो कथाको प्रमुख पुरुष पात्र रूपनारायण भए पनि यसले सम्पूर्ण नेपाली युवालाई बुझाएको छ । जब रूपनारायणलाई गरिबीले सताउँछ  रोजगारको लागि भर्ती हुन जाँदा ऊ विद्रोही पक्षमा भर्ती भयो तै पनि युद्ध लड्दा लड्दै गोली लागि उसको मृत्यु भयो । मृत्युको घटना थाहा  नहुँदा उसका दुइ भाइ छोरा र श्रीमती सधै पर्खाइमा बसिरहेका छन् । यसरी सम्पूर्ण कथाभरि रूपनारायणको नै चित्रण गरिएकोले उक्त कथाको शीर्षक पनि रूपनारायण राख्नु उपयुक्त देखिन्छ ।

यस कथामा नेपालको दस वर्ष द्वन्द्वकालीन अवस्थाको यथार्थ झलक प्रस्तुत गरिएको छ । कसम नै खाएर सेना, प्रहरी र माओवादी लडाकुमा गएकाहरू त त्यसै नै प्रभावित हुने नै भए, त्यसबाहेकका हजारौं नागरिकहरू पनि मारिएका, बेपत्ता पारिएका र घाइते बनाइएका छन् । यही कहालीलाग्दो द्वन्द्वको झलक रूपनारायण हो । माओवादी लडाकुमा भर्ना भएर प्रहरीसँग लड्दा लड्दै निधन भएको रूपनारायणको अवस्था आजसम्म पनि परिवारलाई थाहा नहुँदा पत्नी सुन्तली र छोराहरू विह्वल अवस्थामा रहेको कुरा यस कथाको विषयवस्तु हो ।

यस कथामा रूपनारायण, सुन्तली, उनीहरूका दुई छोरा, माओवादी दुई युवा लडाकु आदि पात्रहरूको प्रयोग भएको छ । रूपनारायण प्रमुख हो भने सुन्तली, उसको जेठो छोरा भुवन र दुई युवा लडाकु सहायक पात्रहरू हुन् भने रूपनारायणको कान्छो छोरो, बाबु-आमा गौण पात्रहरू हुन् ।

यो कथामा दश वर्षे द्वन्द्वलाई परिवेश बनाएर लेखिएको कथा हो । यसमा जङ्गल, भर्तीक्याम्प, रोदिघर, नवलपरासी आदि स्थानको झलक प्रस्तुत गरिएको छ । इतिहासमा कहिल्यै नमेटिने गरी धेरै नागरिक, प्रहरी, सेना आदिको रगत बगेको २०५२ देखि २०६२ सम्मको देशको कहाली लाग्दो अवस्थाको झझल्को यहाँ प्रस्तुत भएको छ ।

सरल, सहज गद्य भाषाको प्रयोगले गर्दा कथा सामान्य पाठकका लागि पनि सम्प्रेषणीय नै देखिन्छ । आदि, मध्य र अन्त्यको सिलसिला मिलेको रैखिक शैलीमा लेखिएको यस कथामा बाह्य कथनढाँचाको प्रयोग भएको छ ।

जनयुद्धका समयमा आफ्नो जहान छोराछोरीको इच्छा र चाहनालाई त्यागेर युद्धमा होमिएका नेपाली युवाको दर्दानक स्थितिलाई यहाँ प्रस्तुत गरिएको छ । यसरी आफ्नो ज्याँनको माया नगरी लड्ने नेपाली युवाले देशमा परिवर्तन गरी निरङ्कुशता हटाउन सफल भएपनि त्यसले पुऱ्याएको धन जनको क्षतिका साथै हृदयमा लागेको घाउ पनि जनसमुदायमा ताजै छ । यसको निकासका लागि कसैले चासो नगरेको दुखेसो देखाउनु यसको उद्देश्य हो ।

## ३.३.१६ कान्छा मुखिया अकमक्कै भए कथाको विश्लेषण

मुखियाले गाउँघरमा प्रचलित भूत प्रेतको अन्धविश्वासलाई बढाइ चढाइ गफ लगाउँदा उसकी भतिजीले यथार्थ कुरा प्रष्ट पार्दा कान्छा मुखियालाइ लाजमर्दो परेको घटना कथावस्तुमा भएकोले कान्छा मुखिया अकमक्कै भए भन्ने शीर्षक सार्थक देखिन्छ ।

यस कथामा रुढिवादी एवम् अन्धविश्वासी प्रवृत्तिको विरोध गरिएको छ । मानिसहरू, भूत, प्रेत, मसान, किचकन्या, पिशाच, बोक्सी, डङ्कीनी आदि कुराहरू माथि विश्वास गर्दछन् । यो सब दृष्टिभ्रम र अन्धविश्वास सिवाय अरु केही होइन भन्ने कुरा यस कथाले अघि सारेको छ । कान्छा मुखियाले लगाएको गफ सारा रहस्योद्घाटन भएको घटना यस कथामा विषयवस्तु बनेर आएको छ ।

कान्छा मुखिया, उनकी भतिजी, गाउँलेहरू आदि पात्र रहेका छन् । जसमध्ये कान्छा मुखिया प्रमुख पुरुष पात्र हुन् । उनी बद्ध, मञ्चीय, वर्गीय, स्थिर र अनुकूल पात्रका रूपमा कथामा चित्रित छन् । कान्छा मुखियाकी भतिजी र गाउँलेहरू यस कथाका सहायक पात्रहरू हुन् । भतिजी पनि सहायक, बद्ध, अनुकूल, स्थिर र वर्गीय चरित्रकी पात्र हुन् ।

चेपे नदी किनारको उकालो बाटो, चौतारो, मुखियाको घर आदि ठाउँको उल्लेख भएको यो कथामा भूत, प्रेत, पिशाचजस्ता रुढिबादी अन्धविश्वासी कुराहरूमा अझै पनि मानिसहरूले गाउँघरमा झारफुक, धामी झाँक्रिप्रति विश्वास गरेर जीवन नै बर्बाद पार्ने अज्ञानतालाई यो कथाले आफ्नो परिवेश बनाएको छ ।

यस कथामा सरल, सहज गद्य भाषाको प्रयोग भएको छ । त्यसैले सामान्य पाठकका लागि पनि कथा बोधगम्य छ । छोटा-छोटा सरल वाक्यको प्रयोग भएको यस कथामा तृतीय पुरुष कथनढाँचा र रैखिक शैलीको प्रयोग भएको पाइन्छ । टुक्काको प्रयोगले कथामा मिठास र रोचकता थपेको छ ।

देशमा शिक्षाको आभावका कारण अझै पनि भूत, प्रेत, पिशाच, बोक्सी र डङ्कीनी आदि कुरामा विश्वास गर्ने र त्यसको उपचारार्थ झारफुक गर्ने, धामी झाँक्रि लगाउने, पिचाश मन्साउने जस्तो अन्धविश्वासमा रमाउने केही व्यक्तिहरूलाई समय अनुसार चल्न सक्नुपर्छ भनि देखाउनु यस कथाको उद्देश्य रहेको छ ।

## ३.३.१७ प्रतीक्षा कथाको विश्लेषण

प्रतीक्षा एउटी नारीको नाम हो । यसकथाकी प्रमुख नारी पात्रपनि प्रतीक्षा नै हो । प्रतीक्षा क्याम्पस पढ्ने छात्रा हुन्, उनी रूपमा राम्री छिन् । सरोजमा उत्पन्न नकारात्मक सोच सुधार गर्न प्रतीक्षा उसैसँग विहे गर्छिन्, तर उसको नसालु बानीका कारण सरोज सुध्रन सक्दैन । सम्पूर्ण कथाभरी प्रतीक्षाको चरित्र चित्रण गरेर शीर्षक पनि प्रतीक्षा रहनु उपयुक्त देखिछ ।

यस कथामा दुई युवा युवती बीचको प्रेमसम्वन्धलाई कथाको मूल कथ्य बनाइएको छ । शैक्षिक संस्थामा अध्ययनरत अधिकांश युवा युवतीहरू यस रोगबाट ग्रसित छन् । सरोजले जीवन साथी बनाउने प्रस्ताव प्रतीक्षालाई राख्दा उसले इन्कार गरिदिएपछि सरोज कुलतमा फँस्न पुगेको छ । सरोज कुलतमा फँसी बिग्रनुमा आफू दोषी ठानी प्रतीक्षाले सरोजसँग बिहे गरेर धेरै माया गर्न थाली तर सरोजमा कुनै सुधार नआएपछि प्रतीक्षा अर्न्तद्वन्दमा फसेको कुरा यस कथामा विषयवस्तु बनेर आएको छ ।

प्रतीक्षा र सरोज दुई पात्रको मात्र प्रयोग भएको यस कथामा प्रतीक्षा प्रमुख स्त्रीपात्र हुन् भने सरोज प्रमुख पुरुष पात्र हो । यस्तै प्रतीक्षा बद्ध, मञ्चीय, वर्गीय, गतिशिल र अनुकूल पात्र हुन् भने सरोज बद्ध, मञ्चीय, व्यक्तिगत, स्थिर र अनुकूल पात्रका रूपमा देखिन्छ । कलेजका अन्य विद्यार्थीहरू यस कथाका गौण पात्रहरू हुन् ।

प्रतीक्षा र सरोजको घर, मन्दिर, क्याम्पस परिसर अदि स्थानको उल्लेख भएको यस कथामा वर्तमान समयकै सान्दर्भिक कुराहरूलाई विषयवस्तु बनाइएको छ । पढाइमा भन्दा विपरीत लिङ्गीमा आकर्षित हुने, प्रेम प्रस्ताव राख्ने, चाहेको मानिस पाइएन भने विक्षिप्त हुने, आत्महत्या रोज्न बेर नलगाउने आजको विकृति एवम् विसङ्गति नै यस कथाको परिवेश हो

यस कथामा सरल, सहज, स्वाभाविक र बोलीचालीको गद्यभाषा प्रायोग भएको छ । वृत्तकारीय शैली, तृतीय पुरुष कथनढाँचा र सरल एवम् कुतूहलमय प्रस्तुति यस कथाका भाषा शैलीगत वैशिष्ट्य हुन् । उखान एवम् टुक्काको प्रयोग, काव्यात्मक भाषा, आलङ्कारिक प्रस्तुतिले कथाको चमत्कारिता अझै बढेको छ ।

युवा पुस्तामा देखिएको एकोहोरो प्रेम बुझाउन यस कथाका पुरुष पात्र सरोज र नारी पात्र प्रतिक्षा बीचको प्रेमलाई देखाइ नारीको माया हौसलाले पुरुष राम्रो काम गर्न सक्ने तर घृणा तिरस्कार र अपमानले कुबाटोमा लाग्न सक्ने भएकोले बेलैमा सचेत हुनका लागि सन्देशात्मक ढङ्गले युवा पुस्तालाई आग्रह गर्नु यस कथाको उद्देश्य रहेको छ ।

## ३.३.१८ भूतको कथाको विश्लेषण

गाँउ घरमा अझै पनि रुढीवादी परम्परा र अन्धविश्वास चलिआएको छ । त्यसमा पनि भूतप्रेतप्रति विश्वास गरेर डराउने र विभिन्न ढङ्गबाट छुटकारा पाउन चाहने गर्दछन् । गाउँ घरमा, अशिक्षित समाजमा र आर्थिक रूपमा विपन्न समाजमा देखिने क्रियाकलापलाई कथाकारले दन्त्य कथा झै भूतको बारेमा बखान गरेका छन् । भूतको बारेमा बखान गरी शीर्षक पनि भूतको कथा राख्नु सार्थक देखिन्छ ।

यो भूत-प्रेत, मसान जस्ता कुराहरूलाई आधार बनाएर लेखिएको दन्त्यकथाको प्रकृतिको कथा हो । चुइँकिने डाँडाको बाटोबाट गाउँबेसी गर्दा सेतो कपडा लगाएको भूतले

खानेकुरा, बस्ने ठाउँ मागेर सारा गाउँलेहरूलाई आजित बनाइरहेको तर न्यौपाने थरका बूढाले भूतलाई तातो ओदानमा बसाएर उम्लिएको दूध टाउकोमा खन्याइदिएको जनश्रुति गाउँमा रहेको कथामा उल्लेख छ, यही रुढिवादी, अन्धविश्वासी प्रवृत्तिलाई यस कथाले आफ्नो विषयवस्तु बनाएको छ ।

बृद्ध गोठालो, राममान, रामानको छोरा, भूत र अन्य मानिसहरू पात्रका रूपमा आएका छन् । बृद्ध गोठालो प्रमुख, निर्भिक र साहसी पात्रका रूपमा चित्रित छन् । उनी बद्ध, मञ्चीय र अनुकूल, स्थिर र वर्गीय पात्र हुन् । राममान र राममानको छोरा सहायक पात्रहरू हुन् भने भूत मानवेतर प्रतिकुल पात्र हो । अन्य गाउँलेहरू गौण पात्रका रूपमा कथामा आएका छन् ।

चुइँकने डाँडा, कुसुमेटारी, हिरामनिटार, बरडाँडा, न्यौपानेखोला आदि ठाउँलाई परिवेश बनाएर लेखिएको प्रस्तुत कथामा अज्ञानता र अशिक्षामा पिल्सिएका कारण अझै पनि मानिसहरू भूत प्रेतमा विश्वास गरेर झारफुक गर्ने, कुरीतिमा लिप्त छन् भन्ने कुराले सामाजिक परिवेशलाई बुझाउँछ ।

यस कथामा सरल, सहज, गद्य भाषाको प्रयोग भएको छ । रैखिक शैली, सरल प्रस्तुती यस कथाको भाषाशैलीगत वैशिष्ट्य हुन् । कथामा कथाकार न्यौपानेको जन्मथलोको आञ्चलिक प्रयोग भएको देखिन्छ । अङ्ग्रेजी शब्द, नेपाली झर्रा शब्द टुक्का र उपमा अलङ्कारको प्रयोगले पाठकको मन खिच्ने काम गरेको छ ।

गाउँघरमा अशिक्षित तथा गरिबी समाजमा हुर्केका मानिसहरूको दिनचर्या परम्परागत रूपमा नै खेतिपाती गाउँवेशी, बस्तुभाउ, कुटो कोदालो र हलोजुवामा नै वितेको छ । वास्तवमा शिक्षाको प्रभाव गाउँ गाउँमा पुऱ्याउन नसक्दा अझै पनि उनीहरू भूत, प्रेत, मसान, बोक्सी, डङ्कीनी आदिमा विश्वास गरी अन्धविश्वास र अशिक्षालाई हटाउनलाई सरकारी रूपमा नै पहल गर्नु पर्छ भन्ने सन्देश दिनु यस कथाको उद्देश्य रहेको छ ।

### ३.३.१९ सङ्गीत मोह कथाको विश्लेषण

हरेक मानिसमा एउटा न एउटा प्रतिभा रहेको हुन्छ । मृगले आफ्नो वीणामा रहेको सुगन्धलाई थाहा नपाएर भौतारिए जस्तै यस कथाकी प्रमुख नारी पात्र संस्कृति पनि आफ्नो

प्रतिभा लुकाएर जागिरको लागि भौँतारिएकी हुन्छे तर निर्माणले उसको रुची, क्षमता अनि सङ्गीत मोह बुझेर सहयोग गरेपछि संस्कृतिले ठूलै सफलता प्राप्त गरेकी छ । सङ्गीत क्षेत्रमा मोह भएकोले सङ्गीत क्षेत्रमा नै ठूलै सफलता र ख्याति पाएकोले शीर्षक पनि सङ्गीत मोह उपयुक्त देखिन्छ ।

यो कथा सङ्गीत र गायनजस्ता विषयमा केन्द्रित छ । यस कथामा प्रतिभालाई हृदयमा दबाएर राख्यो भने त्यसले फक्रने मौका पाउँदैन, त्यसैले साधना गरिरहनु पर्दछ र अवसर पाउनासाथ त्यसलाई निःसङ्कोच प्रस्तुत गरिहाल्नु पर्दछ । निर्वाणले एउटा कार्यक्रममा गाउनका लागि गरेको आग्रहबाट संस्कृतिको प्रतिभा बाहिर प्रस्फुटन भएर पछि उनी गायिका बन्न गएको कुरा यस कथामा विषयवस्तु बनेर आएको छ ।

संस्कृति प्रमुख स्त्रीपात्र हुन् । उनी बद्ध, मञ्चीय, बर्गीय, गतिशिल र अनुकूल पात्र हुन् । निर्वाण यस कथाको अर्का मूल पुरुष पात्र हुन् । उनी पनि बद्ध, मञ्चीय, वर्गीय, अनुकुल र स्थिर पात्र हुन् । यसबाहेक होटल मालिक थकाली र डाइरेक्टर राजु सहायक पात्र हुन् र बूढा, युवा, महिला, बालक आदि गौँण पात्रहरू हुन् ।

मुस्ताङको एउटा होटल, रेष्टुरेण्ट, थकाली गाउँको साँस्कृतिक कार्यक्रम र काठमाडौँको परिवेशमा आधारित यो कथामा गायन कलाको मनमा धक मानेर दबाएर राखेर प्रगति हुँदैन त्यसलाई बारम्बारको अभ्यासले मात्र बाहिर प्रस्फुटन गराउन सकिन्छ भन्ने कुरालाई परिवेशका रूपमा अघि सारिएको छ ।

यस कथामा सरल, सहज र स्वाभाविक गद्य भाषाको प्रयोग भएको छ । केही अङ्ग्रेजी शब्द, नेपाली झर्रा शब्द, टुक्का र आलङ्कारिक प्रयोगले कथालाई रोचक बनाएको देखिन्छ । सामान्य पाठकका लागि पनि कथा पठनीय एवम् सम्प्रेषणीय देखिन्छ । रैखिक शैली र बाह्य कथनढाँचामा संरचित यस कथामा छोटा-छोटा सरल वाक्यहरूको प्रयोगले थप सुन्दरता बढेको देखिन्छ ।

हरेक मानिसमा एउटा न एउटा प्रतिभा रहेको हुन्छ । जसरी एउटा मृगले आफ्नो नाभिमा रहेको वीणा थाहा नपाएर चारैतिर भौतारिएको जस्तै अहिलेका युवापुस्ता छिटै धनकमाउने लोभले आफ्नो प्रतिभालाई नकोट्याउने भएकोले आफ्नो प्रतिभालाई उजागर गरी ख्यातिप्राप्त व्यक्ति बन्नु पर्छ भन्ने प्रेरिणा दिनु यस कथाको उद्देश्य रहेको छ ।

## ३.३.२० असत्यको प्रभुत्व कथाको विश्लेषण

यो संसारमा जतातत‌ै असत्य भएपछि सत्य बोल्नुको कुनै महत्व हुँदैन, सत्य बोल्दा दुःख कष्टर अप्ठ्यारोमा पर्ने तर असत्य बोल्दा सबैको प्यारो हुन सकिने विषय वस्तु यसकथामा उल्लेख भएको छ । यसको मुख्य कारण असत्यको प्रभुत्व भन्ने पत्ता लगाएकोले पनि कथाको शीर्षक असत्यको प्रभुत्व सार्थक देखिन्छ ।

यो कथा अङ्ग्रेजी कथाकार मार्क्ट्वेनको कथा हो । जम्मा छवटा बेग्ला-बेग्लै कथा चूर्णहरूबाट संरचित यस कथामा सत्यको भन्दा असत्यकै फलिफाप भएको कुरालाई उल्लेख गरिएको छ । म पात्रकी बहिनी, आफ्नै दाजु, एकजाना स्वास्नी मानिस, पत्रिकाका सम्पादक, पूर्व परिचित साथी र आफ्नै बुबासँग म पात्रले सत्य बोल्दा गाली, थप्पड र रिसानी पाएकाले कथामा असत्यकै पक्ष लिँदा सुख पाइने कुराको सङ्केत गरिएको छ ।

कथामा म प्रमुख पुरुष पात्र हुन् । उनी बद्ध, आसन्नताका आधारमा मञ्चीय, वर्गीय, स्थिर र अनुकूल पात्रका रूपमा कथामा चित्रित छन् । बहिनी, दाजु, सम्पादक, एक महिला, बुबा आदि  कथाका सहायक पात्रहरू हुन् । पात्र सङ्ख्या धेरै भए पनि पात्रहरूको प्रयोगको तारतम्य राम्रै मिलेको देखिन्छ ।

घर, होटल, चियापसल आदि स्थानको उल्लेख गरिएको यस कथामा सत्यभन्दा असत्य बोली र व्यवहारले नै सुख पाइरहेको आजको कटु यथार्थलाई परिवेश बनाइएको देखिन्छ । असत्य तग्दैन, सत्य डग्दैन भनेर भनिए पनि जहाँ पाप, त्यही फलिफाप को अहिलेको मावललाई यस कथाले आफ्नो परिवेश बनाएको छ ।

यस कथामा सरल, सहज र स्वाभाविक गद्य भाषाको प्रयोग भएको देखिन्छ । जम्मा छ भागमा विभक्त भएको संरचनाको यस कथामा प्रयोग भएको भाषा मार्मिक रसारगर्भित शैलीमा देखिन्छन् । प्रथम पुरुष दृष्टिबिन्दुको अधिक प्रयोग र तृतीय पुरुष दृष्टिबिन्दुको न्यून प्रयोग भएको यस कथामा अङ्ग्रेजी शब्द, झर्रा नेपाली र आगन्तुक शब्दको पनि प्रयोग भएको छ ।

आधुनिक युग लोभ, पाप, ढाँट, छलकपट आदिले गाँजेर सत्य चाहिँ ओझेलमा परेकोले सत्यलाई कसैले पनि कदर नगर्ने देखाइएको छ । आफूले जे देखेको छ जे भोगेको छ त्यो जस्ताको तस्तै भन्दा कसैले पनि आफूलाई नराम्रो भनेको सुन्न नसक्दा कमजोरी

सच्याउनुको साटो उसैमाथि रिस पोख्ने भएकोले उसको खुसिका लागि पनि असत्य बोल्नुपर्ने बाध्यतालाई देखाउनु यस कथाको उद्देश्य रहेको छ ।

## ३.३.२१ जवाफ कथाको विश्लेषण

यस कथामा श्रीमान्ले घरमा श्रीमती हुँदा-हुँदै परस्त्रीसँग अनैतिक कृयाकलाप गरेर श्रीमतीलाई कुनै वास्था नगरेपछि श्रीमतीले बिनम्रता पूर्वक सम्झाउँदा उल्टो सक्छेस् भने तँ पनि गरेर देखा भनेपछि श्रीमतीले पनि श्रीमान्को अगाडि नै परपुरुषसँगै नाचेर श्रीमान्को मन तड्पाउन जस्तालाई तस्तै भन्ने उखान स्वरूप उत्तर दिएकाले उक्त कथाको विषयवस्तु अनुसार जवाफ शीर्षक सार्थक देखिन्छ ।

यी कथामा नारीमाथि हुने पुरुष हैकमवादी प्रवृत्ति विरोध गरिएको छ । पुरुष भने घरबाहिर पैसा खर्च गरेर अन्य परस्त्रीसँग शारीरिक सम्पर्क गर्दै हिड्ने, नारीहरू भने परपुरुषसँग बोल्दा पनि शङ्का-उपशङ्का गर्ने प्रवृति पुरुषप्रधान समाजको उपज हो जुन प्रवृतिलाई यस कथामा चुनौती दिइएको छ । पुरुष सरहको यौन स्वतन्त्रता महिलाले पनि पाउनु पर्दछ भन्ने चुनौती यस कथाको केन्द्रीय विषयवस्तु हो ।

कौण्ट प्रमुख पुरुष असत् पात्र हो । बद्ध, मञ्चीय, व्यक्तिगत, प्रतिकूल र गतिशिल पात्रका रूपमा कौण्ट यस कथामा चित्रित छ भने कौण्टेस् यस कथाको प्रमुख स्त्रीपात्रा, बद्ध, मञ्चीय, वर्गीय, स्थिर र अनुकूल पात्रका रूपमा यस कथामा चित्रित छिन् । यसबाहेकका कराइल र म्याडम सन्नाटा गौण पात्रहरू हुन् ।

कौण्ट र कौण्टेस्को घर, कोठा परिसरमा सिर्जित यो कथा पश्चिमा खुला परिवेशसँग सम्बन्धित छ । नारीले पनि पुरुषसरहको यौन स्वतन्त्रताको माग गर्न सक्ने परिस्थिति पश्चात्य समाजकै उपज हो । जे होस् घरमा श्रीमती हुँदाहुँदै बाहिर वेश्यावृत्ति गर्दै हिँड्ने पुरुष प्रवृत्तिलाई यस कथामा परिवेश बनाएको छ ।

यस कथामा अनुवादकले सरल, सहज र स्वाभाविक गद्य भाषाको प्रयोग गरे पनि संवादहरू ज्यादै मार्मिक र हृदयस्पर्शी छन् । छोटा छोटा वाक्यहरूको प्रयोग भएको यस कथामा टुक्का र विभिन्न अलङ्कारको पनि प्रयोग भएको देखिन्छ । यो कथा अङ्ग्रेजीबाट नेपालीमा अनुवाद भएको भए पनि मौलिक र पठनीय देखिन्छ ।

नारी परपुरुषसँग लाग्दा नराम्रो हुन्छ भने पुरुष, महिलासँग लाग्दा पनि त्यो कु-काम हो त्यसैले त्यस्तो व्यवहार नारीले पनि सहन सक्दिन त्यसको लागि जस्तो सुकै प्रतिवाद गर्न पनि नारी तयार छे भन्नेदेखाउनु यस कथाको उद्देश्य रहेको छ ।

## ३.३.२२ संस्कार कथाको विश्लेषण

संस्कार भन्नाले चलन चल्तिका कुरा भन्ने बुझिन्छ । यस कथामा धनाढ्य परिवार तथा पाश्चात्य संस्कार अनुसारको विषयवस्तु भएको र जतातत‌ै संस्कारको पुनरावृत्ति भएकोले पनि कथाको शीर्षक संस्कार राख्नु सार्थक देखिन्छ ।

कुलबहादुरले श्रीमतीलाई सम्झाउँदा उल्टै श्रीमतीले तथानाम गाली गरी खर्च गर्नु आफ्नो र माइतीको संस्कार हो खर्चालु छे, धनिमानीकी छोरी हो भन्ने जान्दा जान्दै पनि किन विहे गरेको त भन्ने सिम्रिकाको प्रश्नबाट सोच्न बाध्य हुन्छ र भनि दिन्छ अब तिमीमा कुनै सुधार आउँदैन भने पारपाचुके गर्ने । एक्कासी श्रीमान्बाट पारपाचुके गर्छु भन्ने कठोर निर्णय सिम्रिकाले अस्वीकार गरेपछि बच्चा जन्माउने, तर विगतमा जस्तो कु-व्यवहार नगर्ने शर्तमा दुबैजना सम्बन्ध सुधारतिर लाग्नुमा यस कथाको कथावस्तु केद्रित छ ।

यस कथामा दुई पात्र कुलबहादुर प्रमुख पुरुष पात्र हो ऊ बद्ध, मञ्चीय, वर्गीय, स्थिर, अनुकूल चरित्रको रूपमा चित्रित छ । ऊ सिम्रिकाको पति हो । पढेलेखेको, जागिर खाएको सक्षम केटा हो । सिम्रिका नारी पात्र, बद्ध, मञ्चीय, वर्गीय पात्र हो । यसबाहेक घरको नोकर रामे, सहायक पात्र हो भने सिम्रिकाका साथीहरू, बा-आमा गौण पात्रहरू हुन् ।

कुलबहादुरको घर, अफिस अनि विदेश र पसल, मीठो खाने, राम्रो लगाउने, साथीभाइ बटुलेर, पश्चिमा शैलीको लञ्च गराउने सामान्य भात भान्साको काम नगरेर नोकर चाकर राख्नुपर्ने, फजुल खर्च गर्ने प्रवृत्ति अहिलेका नव विवाहित श्रीमतीमा बढ्दै गएको घटना यस कथाको परिवेश हो ।

यस कथामा सरल, सहज र स्वभाविक गद्य भाषाको प्रयोग भएको छ । अङ्ग्रेजी शब्दहरूको प्रयोग कथामा भए पनि सामान्य पाठकका लागि बोध गम्य नै छन् । छोटा-छोटा वाक्यहरूको प्रयोग भएको यो कथा आदि, मध्य र अन्त्यको रैखिक शैली बाह्य कथनढाँचा र संवादत्मक शैली अँगालेर तयार पारिएको छ ।

आर्थिक रूपले सम्पन्न परिवारमा हुर्केकी शिक्षित तर पारिवारिक बन्धन नभएका नारीहरू विवाह पश्चात् आफ्नो बानी सुधार्न नसक्दा र पुरानै प्रवृत्तिलाई दोहोऱ्याइरहँदा परिवारमा बैमनस्य, बढ्न जान्छ र अन्त्यमा बरु ऊ श्रीमतीसँग पारपाचुके गर्न तयार हुन्छ । तर श्रीमतीको त्यही व्यवहारलाई पूजा गर्न सक्दैन भन्ने भाव देखाउनु यस कथाको उद्देश्य रहेको छ ।

## ३.३.२३ लोग्ने स्वास्नी कथाको विश्लेषण

लोग्ने स्वास्नी भनेका जीवन साथी हुन् । जीवनभरि एक अर्कालाई दुःख सुखमा साथ दिइ जीवन बिताउने भन्ने वाचाकसमका साथ विवाह बन्धनमा बाँधिएका हुन्छन् । आफ्नो गल्तिका कारण देव श्रीमतीसँग माफी माग्न पुग्छ । त्यति मात्रले होइन एच.आइ.भी. टेष्ट नगरुन्जेल सम्झौता हुन नसक्ने श्रीमतीले बताए पछि देव त्यो पनि मान्नबाध्य हुन्छ यसरी श्रीमान्-श्रीमती बीच कुनै एकको कु-व्यवहारले दुबैमा ठूलो असर पुग्ने विषयवस्तु देखाइएको यस कथाको शीर्षक लोग्ने स्वास्नी राख्नु सार्थक देखिन्छ ।

लोग्ने स्वास्नी यौनजन्य विषयसँग सम्बन्धित कथा हो । यस कथामा देव र उसकी श्रीमतीका बीचमा यौनकै विषयलाई लिएर विवाद उत्पन्न भएको छ । आफ्नी श्रीमतीसँग आलिङ्गन गर्न खोज्दा श्रीमतीले बेग्लै क्रिमको गन्ध थाहा पाएपछि वास्तविकता बताउँदै देव गल्तिको महशुस गरेर श्रीमतीसँग माफी मागेर एच्.आइ.भी. परीक्षण गर्न पनि मञ्जुर हुन्छ यसरी गलत काम गर्ने श्रीमान्लाई तह लगाउनु पर्छ भन्ने विषयवस्तु यसमा उल्लेख गरिएको छ ।

देव प्रमुख पात्र, मञ्चीय, बद्ध, वर्गीय, गतिशील पात्र हो भने देवकी श्रीमती प्रमुख नारी पात्र, मञ्चीय, अनुकुल, बद्ध, वर्गीय र स्थिर पात्र हुन् । उनी लोग्नेलाई कतै बरालिन नदिई यौन अनुशासनमा राख्न चाहने सत् पात्र हुन् । यस बाहेक श्याम, अमेरिकन बूढी, एउटी सुन्दरी युवती सहायक पात्र हुन् ।

यसमा श्रीमती हुँदा-हुँदै परस्त्रीसँग शारिरीक सम्पर्क गर्दै हिँड्ने यौन दुराचारी पुरुषहरू समाजमा रहेका छन् । यसले सामाजिक अनुशासन, स्वास्थ्य, अर्थिक हैसियत सबैमाथि नकरात्मक असर पुऱ्याइ रहेको देखिन्छ । त्यसैले कुनै पनि पुरुषले आफ्नी श्रीमती

अरुको खेलौना भएको देख्न नचाहे जस्तै महिलाले पनि आफ्नो श्रीमान् अरुको भएको हेर्न सक्दैनन् भन्ने सामाजिक परिवेश यसमा उल्लेख गरिएको छ ।

यस कथामा सरल, सहज र स्वभाविक गद्य भाषाको प्रयोग तथा आगन्तुक शब्दहरूको सामान्य बौद्धिक स्तरका मानिसका लागि पनि यो कथा सम्प्रेषणीय नै देखिन्छ । छोटा-छोटा वाक्यहरूको प्रयोग भएको यस कथामा बाह्य कथनढाँचा र रैखिक शैलीको सुन्दर प्रयोग गरेको छ । कथामा विभिन्न उखान, टुक्का, अलङ्कार र बिम्बको सुन्दर प्रयोगले कथाकारको परिपक्व शैलीको परिचय दिन्छ ।

पुरुष प्रधान मुलुकमा नारीहरू पतिपरायण हुनुपर्ने तर पुरुषले भने नैतिकताको वन्धन जति तोडे पनि चोखै हुने, यो अन्यायको अन्त्य भई महिला-पुरुष समानता हुनु पर्ने र यदि पुरुषले कुनै पनि नारीले दृढ सङ्कल्पका साथ आफ्नो श्रीमान्लाई सही बाटोमा ल्याउन सक्नुपर्छ भन्ने उपयोगी सन्देश दिनु यस कथाको उद्देश्य रहेको छ ।

## ३.३.२४ मृत्यु किन ? कथाको विश्लेषण

*मृत्यु किन ?* शीर्षक दुई पदबाट बनेको छ । 'म'  पात्रले चेपे नदीको किनारमा एउटी भर्खरकी युवतीको लास देखिएको परिवेशमा यो कथा केन्द्रित छ । भर्खरकी तरुनी युवतीको लास त्यस नदीको किनारमा 'म' पात्रले देख्दा ऊ भित्र उब्जिएका तर्कनाहरूले गर्दा कथाको शीर्षक भने उपयुक्त नै देखिन्छ ।

यो कथा अस्तित्व र विसङ्गतिका दोसाँधमा रुमल्लिएर मृत्युको मुखमा पुगेकी एउटी नारीको जीवनमा आधारित छ । वृद्धलोग्नेको मृत्यु र बैंसको चाहना अनुरूप यौनको कामना तथा धनका लोभी देवरहरूका कारण जिउन नसकेर माइली जिम्मुवालनीको आत्महत्या भएको हुन सक्ने 'म' पात्रको ठम्याइमा यो कथाको कथावस्तु केन्द्रित रहेको छ । त्यसै क्रममा आखिर बाँच्नका लागि ऊ किन सङ्घर्ष गर्न सकिन भन्ने प्रश्न भने 'म' पात्रमा शङ्का रहेको देखिन्छ ।

यस कथामा 'म' पात्र प्रमुख पात्रका रूपमा रहेको छ भने बूढो मान्छे र लासका रूपमा देखापरेकी माइली सहायक पात्रका रूपमा देखापरेका छन् । यिनमा 'म' पात्र र 'बुढो मान्छे' मञ्चीय, बद्ध, अनुकुल र स्थिर पात्रका रूपमा रहेका छन् भने बुवा-आमा, गाउँले, दलित केटा हरिमाने, जेठा, तन्नेरीहरू, सासू-ससुरा, देवरहरू आदि गौण पात्र हुन् ।

चेपेनदी, डाँडा घर स्थलगत परिवेश हुन् भने बाल्यकाल, विधुवा अवस्था, बैंशभरिएको जवानी, मरेको लास अनि बहत्तर बर्षको बूढो उमेर आदि मानवीय जीवनको परिवेश हो

यस कथामा प्रयुक्त भाषा सरल, रहजभए पनि कताकतै भने मनोवादात्मक शैलीका कारण पाठकलाई बुझ्न असहज पनि रहेको देख्न सकिन्छ । कथामा प्रयोग भएको स्थानिय ठाउँ गोरखा र लम्जुङको स्थानीय भाषा तथा साहित्यिक भाषाको प्रयोग गरेको देखिन्छ ।

यस कथामा कथाकारले नारी पुरुषको यौनेच्छाकी साधन हो । ऊ पुरुषकै निर्देशनमा परेकी हुन्छे । एउटी नारी आफ्नो श्रीमान्को मृत्युपछि आफ्नै देवर, सासू-ससुरा आदिबाट मृत्यु वरण गर्न बाध्य भएकी छे भन्ने रहेको छ र आखिर ऊ आत्महत्या गर्न किन बाध्य छे भन्ने कुराले विषयवस्तु र मानिस किन सङ्घर्ष गर्न नसकेर मरेको छ उत्तरको खोजीमा कथा टुङ्गिएको छ ।

## ३.३.२५ अधुरो सपना कथाको विश्लेषण

'अधुरो सपना' शीर्षकको कथा द्विपदमिलित छ । चमेलीले राती सपनामा लाहुर गएको श्रीमान् आएको, श्रीमान्ले अङ्गालो मारेर म्वाई खाएको, श्रीमान्ले लाहुरबाट ल्याएको झोला बोकेको सपनाहरू देखेकी तर 'चमेली' को लोग्ने एक दिन वर्माको लडाईमा वीरगति प्राप्त गरेको कुरा लोग्नेको साथीको चिठीबाट थाहा भएकाले र चमेलीका खुसी सपनामा नै रहेकाले कथाले शीर्षक सार्थक पाएको छ ।

यो कथा नेपाली जनजीवनमा धनोपार्जनका लागि श्रीमान् लाहुरे जाने र अन्त्यमा ज्यान गुमाउनुपर्ने नेपाली युवाहरूको जीवनमा आधारित छ । दस वर्ष लामो सैनिक सेवाबाट घर फर्कियोस् र लोग्नेसँग सारा खुसी बाड्न सकुँ भन्ने सपना बोकेकी 'चमेली' एक दिन लोग्नेको साथीको चिठीबाट लोग्नेले लडाईंमा वीरगति प्राप्त भएको घटना थाहा पाउँदै ऊ अचेत बन्न पुगेकी छे । यिनै विषयवस्तुमा कथा केन्द्रित रहेको छ ।

यस कथामा सामान्य नेपाली जनजीवनमा प्रयोग भएको नेपाली भाषाको प्रयोग गरिएको छ । तत्सम, तद्भव र आगन्तुक शव्दको बाहुल्यताले  लेखक कथालाई यथार्थ रूपमा पस्कन सफल भएका छन् । लाहुरेहरूले पल्टनमा बोल्ने भाषा पनि कथामा पाइन्छ ।

कतै कथामा आलङ्कारिकयुक्त भाषाको पनि प्रयोग गरिएको छ भने आदि, मध्य र अन्त्यको ढाँचामा कथा रचिएको छ ।

यस कथामा मुख्य पात्रका रूपमा 'चमेली' रहेकी छे । ऊ अनुकुल, बद्ध, मञ्चीय, र स्थिर पात्र हो । यस बाहेक रामे, श्यामे, ठूलीभाउजु, डाँडाघरे ठूले, स्कुले केटो, पल्टनका साप, मानिसहरू लगायतका पात्रहरू पनि कथामा रहेका छन् । यी पात्रहरू सहायक र गौण पात्रका रूपमा रहेका छन् । रामबहादुर र श्याम कथाका आदर्श पात्रहरू हुन् ।

जहाँबाट थान्सिङको डाँडो अनि पुर्कोटको डाँडोको सौन्दर्य नियाल्न सकिन्छ । त्यस्तै गरी मर्स्याङदी नदीको श्रुतिमधुर ध्वनि, त्यहाँका वर पीपलका चौतारी, ओम भन्ज्याङहरूको परिवेश नै यस कथाका परिवेश हुन् ।

*अधुरो सपना* कथामा कथाकारले नेपाली समाज त्यसमा पनि गोर्खाली युवक जो परिवारका लागि परदेशमा खटिएको छ तर अन्त्यमा बाकसमा फिर्ता भएको छ, त्यस्तो कारुणिक कथा हो । जसबाट 'चमेली' जस्ता नारीहरू खाँउखाँउ र लाँउलाँउ जस्तो उमेरमा विधवा बन्नु पर्ने, उनीहरूका सपना सपनामा नै सीमित हुने विषयवस्तुलाई देखाउनु यस कथाको उद्देश्य रहेको छ ।

## ३.३.२६ अन्तर वेदना कथाको विश्लेषण

*अन्तर वेदना* शीर्षकको यो कथा दुई पद मिलेर बनेको छ । यसमा लेखक स्वयम् अर्थात् 'म' पात्र हिड्दा हिड्दै कुनै बृद्ध मानिस जो काठको मुढो जस्तो बाटोमा सुतिरहेको छ ऊ सँग भेट हुन्छ । ऊ बूढेस कालमा पत्नि पिडित छ पत्नि पीडाका कारण ऊ धायल भएको छ । उसको वेदना बिसाउने कुनै ठाऊँ नपाएको समएमा म पात्रले अन्तर वेदना बुझ्ने प्रयास गरेकाले कथाको शीर्षक सार्थक रहेको छ ।

'म' पात्र गर्मीको महिनामा कतै जाँदा शितल छहारीको खोजीमा बाटोको छेउको झ्याम्म परेको छाहारीमा पुग्छन् । त्यहाँ एउटा बूढो मानिस देखापर्दछन् । नजिकै गएर बुझ्दा ती वृद्ध मानिसले आफू वृद्ध भएर कान्छी पत्नीका कारण यो अवस्थामा पुगेको वेदना सुनाउँछन् । कान्छी श्रीमतीले घरमा नै नाठो खेलाउने, भोजभतेर गर्ने, घरको अन्नपात सिध्याउने, बूढो श्रीमान्लाई पिट्ने, लखेट्ने गरेकाले भाग्दै जाँदा हिड्न नसकेर लडिरहेको अवस्थामा म पात्रसँग भेटेको वृतकारीय शैलीमा कथावस्तुको रचना भएको छ ।

यस कथामा विषेश रूपमा 'म' पात्र, 'वृद्ध' पात्र, आइमाई र छोरीहरू रहेका छन् । प्रमुख पात्रका रूपमा रहेका 'म' र 'वृद्ध' पात्रहरू अनुकुल, मञ्चिय र आबद्धताका आधरमा बद्ध पात्रहरू हुन्  भने आइमाई प्रतिकुल नेपध्य र मुक्त पात्रहरू हुन् । यसबाहेक छोरीहरू, जेठी श्रीमती, जवान केटाहरू अदि यस कथाका गौण पात्र हुन् ।

कथाको परिवेश सडक बाटो बनिसकेको तर बोट विरुवाहरू भएको ग्रामीण परिवेश रहेको देखिन्छ । जहाँ नजिकै पानीको पोखरी नजिकै रहेको छ भने चर्को गर्मीमा पनि शीतल छहारी दिने ठूलो र झ्याम्म परेको रुख छ । जेठी श्रीमती, कान्छी श्रीमती, छोरा-छोरी, घरमा कान्छी श्रीमतीले गरेको वेश्या प्रवृति, मेलापात गरेर अन्न अब्जाउ गर्ने खेतबारी आदि यस कथाका परिवेश हुन् ।

यस कथामा सरल सहज गद्य भाषाको प्रयोग भएको छ । कथामा खुलेआम खोस्टा ,खुरिखण्ड जस्ता लोकमानसमा प्रचलित शब्दहरूको प्रयोग गरिएको छ । 'म' पात्र र 'वृद्ध' पात्रका बीचको संवादले पात्रका बीचको संवादले अनि "ह, हँ," जस्ता निपातको प्रयोगले र झुलाउनु, खुलेआम, झुम्मिनु जस्ता जोसिला शब्दको प्रयोगले कथाको भाषाशैली थप आकर्षक र उत्कृष्ट बनेको छ ।

*अर्न्तवार्ता* शीर्षकको यो कथा **नसम्झिएका कथाहरू** कथासङ्ग्रहमा सङग्रहीत कथा हो । यो कथा नेपाली समाजमा बहुविवाहको परम्परासँग सम्बन्धित छ । त्यसै गरी अनमेल विवाहका कारण भोग्नु परेको अवस्थालाई पनि कथाले प्रस्तुत गर्न खोजेको छ । कथाकारले अनमेल र बहुविवाहका कारण सम्पन्न मानिस पनि कस्तो अवस्थामा पुग्दो रहेछ भन्ने कुरा सरल र सहज भाषाशैलीका माध्यमबाट देखाउनु यस कथाको उद्देश्य रहेको छ ।

## ३.३.२७ मनस्थितिकथाको विश्लेषण

*मनस्थिति* कथाको शीर्षक एउटै पदको रहेको छ । 'म' पात्रका मनमा उब्जिएका 'ऊ' पात्रका खुट्दुलीहरू यस कथाका विषयवस्तु रहेका छन् । समाजमा सानै उमेरमा विवाह भई वैँशमा नै विधवा बन्न पुगेकी 'ऊ' पात्र र उसले समाजमा बाच्न अनि घुलमिल हुन सङ्घर्ष गर्नु परेको अवस्थालाई 'म' पात्रले आफ्ना मनमा केलाएका छन् । यसर्थमा कथाको शीर्षक र विषयवस्तुले मेल खाएको देखिन्छ ।

*मनस्थिति* शीर्षकको कथावस्तु 'म' पात्रका मनस्थितिमा उब्जिएको छ र अन्त्य पनि 'म' पात्रका मनस्थितिमा नै भएको छ । उसले आफ्नै गाउँमा नै सानैदेखि चिनेकी जो विधवा बनेकी छ । उसका भित्री, पिडा, चाहना त्यसै ओइलिएका छन् । भन्ने मनोभाव 'म' पात्रमा देखापरेको छ । त्यो मनोभाव केलाउँदा केलाउँदै 'म' पात्रको मन सताएको छ र कथानक अन्त्य भएको छ । यस्तो मनोविज्ञनमा आधरित यो कथा कथावस्तुका आधरमा उत्कृष्ट छ ।

यस कथामा 'म' पात्र र 'ऊ' पात्रको मात्र प्रयोग भएको छ । लघु आयममा संरचित कथा भएकाले पनि पात्रहरूको प्रयोग पनि लघु नै रहेको देखिन्छ । 'म' पात्र प्रमुख पुरुष पात्रका रूपमा रहेको देखिन्छ । दुवै पात्रहरूको तुलनामा भने 'ऊ' पात्र सहायक पात्रका रूपमा रहेको देखिन्छ । दुवै पात्रहरू अनुकुल, बद्ध र स्थिर पात्रका रूपमा देखापरेका छन् ।

यस कथाको परिवेश सामान्य ग्रामीण रहेको छ । यद्यपि 'म' पात्रले सोचेका मनोभावनाहरू शब्दका माध्यमबाट व्यक्त भए तापनि 'ऊ' पात्रले भोगेको परिवेश गाँउको रहेकाले कथाको परिवेश ग्रामिण हो भन्न सकिन्छ । गाउँले बुहारी त्यसमा पनि विधुवा नारीले पाउने दुःख कथाको परिवेश रहेको छ ।

*मनस्थिति* शीर्षकको प्रस्तुत कथामा नेपाली लोकसमाजमा प्रचलित तथा आलङ्कारिक भाषाको पनि प्रयोग गरिएको छ । यस कथा रैखिक ढाँचामा यो कथाको सिर्जना गरिएको देखिन्छ । भाषाशैलीका हिसाबले यो कथा सामान्यदेखि बौद्धिक पाठकका लागि पनि सहज देखिन्छ ।

*मनस्थिति* शीर्षकको कथा नेपाली समाजमा देखापरेको बालविवाह अनि त्यसले सानै उमेरमा विधवा बन्नु परेपछि गाउँले, सासू-ससुरा आदिबाट पाउने टोकसो, अनि बुहारीको दयानीय अवस्थाको चित्रण गरेको छ । सरल र सहज भाषाशैलीका माध्यमबाट नेपाली समाजमा देखापरेको अशिक्षा अनमेल विवाहको विकृतिलाई प्रस्तुत गर्नु यसको उदेश्य रहेको देखिन्छ ।

### ३.३.२८ *बिर्सिएको व्यथा* कथाको विश्लेषण

यस कथाको शीर्षक द्विपदमिलित छ । 'म' पात्रले कुनै दिन काठमाडौंको रत्नपार्क छेउमा घटेको घटनाबाट 'ऊ' भित्र अनायासै पुरानो दिनहरूको सम्झना आइदिएका

विषयवस्तुको सिलसिलेबार संरचना यस कथामा रहेको छ । विषयवस्तुमा पूर्व स्मृति विषयवस्तु भएकाले विषयवस्तु अनुसार शीर्षक पनि बिर्सिएको व्यथा राख्नु शीर्षक सार्थक देखिन्छ ।

*बिर्सिएको कथा* नारी मनोविज्ञानसँग सम्बन्धित कथा हो । 'म' पात्र कुनै दिन काठमाडौँको रत्नपार्क बूढो मानिससँग झगडा गदै गरेकी एउटी केटी देख्नु, केही समयपछि 'म' पात्रसँग उसको परिचय हुनु र पछि ऊ सँग छुटि्टएपछि त्यहीँ पढ्ने 'म' पात्रकी केटी साथी 'भिमा' को सम्झना आउनु  भिमाको कुराबाट वास्तविकता उजागर हुनु नै यस कथाको मुख्य कथावस्तु रहेको छ

'म' पात्र, रोशना, भिमा र बुढो मान्छे यस कथामा देखिएका पात्रहरू हुन् । 'म' पात्र प्रमुख पुरुष प पात्र हो । 'रोशना' सहायक नारी पात्र हुन् । एक युवती, तरुनी  र अन्य गौण पात्रहरू हुन् । 'म' पात्र र भिमा अनुकुल, स्थिर, बद्ध, मञ्चीय, पात्रहरू हुन भने रोशना,बुढो मान्छे, एक युवाती, प्रतिकुल, अस्थिर पात्र हुन् ।

यस कथाको परिवेश ग्रामिण परिवेश नभएर सहरिया परिवेश रहेको छ । त्यसमा पनि काठमाडौँको रत्नपार्क बसपार्क सेरोफेरोको परिवेशलाई कथाले लिएको छ । त्यसमा अतिरिक्त गर्ल्स कलेजको वर्णन जहाँ भीमा र रोसना पढ्छन् अनि किताब पसलहरू, सेक्स हाउस, फुटपाथ, र यौन पिपासु पुरुषहरूको क्रियाकलाप, अनि पुरुषको यौनचहानाबाट पिडीत नारी आदिको चित्रण यस कथामा परिवेशको रूपमा उल्लेख गरिएको देखिन्छ ।

यस कथामा तत्सव र तद्भव शव्दका अतिरिक्त आलङ्कारिक विम्व प्रतिक आदिको प्रयोगले कथा सबल अनि रोच बनेको छ । त्यस्तै गरी आदि, मध्य र अन्त्यको रैखिक शैलीमा कथाको रचना गरिएकाले कथाको भाषाशैली उत्कृष्ट बन्न पुगेको देखिन्छ । सामान्य पाठकका लागि पनि यस कथाको भाषाशैली उपयोगी देखिन्छ ।

काठमाडौँको गर्ल्स कलेजमा पढ्ने युवतीहरूको र बुढा पुरुषहरूको यौन मनोवैज्ञानिक पक्षलाई कथाका उल्लेख गरिएको छ । भर्खरका युवापुस्ताको विकृतिलाई सहज रूपमा प्रस्तुत गर्न र बुढा पुरुषहरू पनि यौनक्रियाकलापका लागि विभिन्न बाहना गरी महिलालाई स्पर्षगर्न खोज्छन  भन्ने देखाउनु यस कथाको उदेश्य रहेको देखिन्छ ।

## ३.३.२९ पाँच रूपियाँको नोट

यो कथाको शीर्षक तीनपद मिलेर बनेको छ । सपनामा भव्य रेष्टुरेन्टमा बसेर मीठो खाना खाने सपना पनि एक दिन कसैले पाँच रूपैँया भीख दिँदा सायद उसले सपना पुरा भएको सम्भन्छ र त्यही भीख पाएको पाँच रूपयाँलाई पनि सुरक्षित राख्न नसक्दा भोग्नु परेको पीडाको विषयवस्तुले कथाको शीर्षक सार्थक वन्न पुगेको छ ।

कथाको संरचना निबन्धात्मक शैलीमा रचियता पनि यसको विषयवस्तु 'ऊ' पात्र अर्थात् सहाराविहिन सडकबालकको स्वप्नसंसारबाट उठान भएको छ । एक दिन सबै भन्दा धेरै पाँच रूपयाँ पाउँदा खुसिले गद्‌गद् बनेको छ । त्यस दिन एक गिलास रक्सी र पकौडा खाने रहर अनि आफ्ना दुःखहरू बिसाउने उसको सोच भीख पाएको पाँच रूपयाँ नोट जतन साथ राख्न नसकेर हराउँदा ईच्छा र चाहना चाहनामा नै सीमित हुन पुग्छ । यिनै कारुणिक विषयलाई कथाले विषयवस्तु बनाएको छ ।

मुख्य पात्रका रूपमा 'ऊ' पात्र छ । जो सडकका बोराहरूमा बाँच्न सङ्घर्ष गरेको छ । त्यसैले ऊ बद्ध, मञ्चीय, व्यक्तिगत, प्रतिकूल र स्वभावका आधारमा स्थिर पात्र हो । उसका अतिरिक्त गौण पात्रका रूपमा होटलमा देखिएकमा विदेशी युवा-युवती भट्टीमा देखिएका पुरुषहरू रहेका छन् ।

यस कथाको परिवेश नेपालको कुनै सहरको रहेको छ । सहरभित्रका भव्य तारे होटलहरू जहाँ धेरै धनराशी खर्च गरेर मानिस रमाउने गर्छ , त्यो परिवेश पनि कथामा रहेको छ । यस्तै भट्टी पसलको परिवेश, विदेश, इन्दिरा रेष्टुराँ, लाहुर आदिलाई कथाले आफ्नो परिवेशमा समेटेको देखिन्छ ।

यस कथामा साहित्यिक भाषाको प्रयोग धेरै भएको देखिन्छ । संस्कृतका तत्सम, तत्भव र आगान्तुक शब्दहरूको प्रयोग पनि प्रचुर मात्रामा कथामा गरीएको देखिन्छ । सपनाबाट उठेर विपनामानै सपना देख्न पुगेको सहारा विहिन एउटा बालकको एक दिनको दैनिकीलाई आदि, मध्य र अन्त्यको रैखिक ढाँचामा कथाकारले यो कथा रचना गरेको देखिन्छ । सरल, सहज भाषाशैलीका कारण कथा बोधगम्य देखिन्छ ।

समग्रमा *पाँच रुपियाँको नोट* कथा नेपाली सडक बालवालिकाको यथार्थ पक्षलाई उद्‌घाटन गर्न सफल कथा हो । मानिस बाँच्नका लागि विभिन्न सङ्घर्ष गर्नु मानविय

दैनिकी बनेको छ । मानिसले जीवनमा केही भन्ने चाहना सबैमा हुन्छ तर समय र परिस्थितिले कहाँबाट कहाँ पुऱ्याउँछ भन्ने कुरालाई कथाकारले सरल अनि सहज भाषाशैलीका माध्यमबाट देखाउनु यस कथाको उद्देश्य रहेको छ ।

## ३.३.३० उसैको दुलाहा हो क्यारे कथाको विश्लेषण

यस कथाको शीर्षक चार पद मिलेर बनेको छ । 'म' पात्रको साथी जुन साथीसँग 'म' पात्रले लामो समय बिताएको छ । त्यो साथी आज अचानक रक्सीको सहारामा दुःख भुलाउन खोज्छ अनेक किसिमका प्रश्न गर्छ । जुन अवस्थामा उसको छोरो अस्पतालमा पीडाले छटपटिरहेको छ । यिनै घटनाले विषय वस्तु र शीर्षकको तालमेल मिलेको छ । शीर्षक अभिधार्थमा नभएर लाक्षणिक अर्थमा रहेको छ । मुख्यतया शीर्षक एक पदिय उपयुक्त हुनेभए पनि कथावस्तु अनुसार शीर्षक चार पदीय भए पनि  सार्थक देखिएको छ ।

यस कथाको कथावस्तु अस्पतालमा हात भाचिँएको बालकको चित्कारा सुन्नु परेको अवस्थाबाट आरम्भ भएको छ । जुन अवस्था सुनेको बालकको बावु भाउन्न भएर रुखको सहारा दिन पुगेको छ । ऊ त त्यस्तो थिएन कसरी यस्तो अवस्थामा पुग्नु पऱ्यो भन्ने कथावस्तु नै यस कथाका विषय रहेका छन् । र उसकी श्रीमती भावना ऊ अस्पतालमा विरामी भएको बेलामा पनि आफूलाई भेट्न नआएको कारणबाट माया प्रेमसँग धन सम्पत्तिको तुलना गर्न पुग्दछ । जुन माया प्रेम र धन सम्पति कुन ठूलो भन्ने प्रश्न आफ्नै श्रीमतीलाई छोड्दै कथावस्तुको अन्त्य भएको छ ।

कथामा 'म' पात्र 'ऊ' पात्र अनि उसको छोरो र श्रीमती भावनाको चरित्र प्रस्तुत भएको छ । यसमा 'म' पात्र प्रमुख पुरुष पात्रका रूपमा रहेको छ भने 'ऊ' पात्र सहाएक पुरुष पात्र हो । 'म' अनुकुल, बद्ध, मञ्चीय र स्थिर पात्र हो । 'ऊ' पात्र सहायक , प्रतिकुल र बद्ध पात्र हो ।  भावना, हात भाँचिएको केटा आदि गौण पात्र हुन् ।

यस कथाको परिवेश कुनै सहरको अस्पतालको रहेको छ । जहाँ बिरामीहरूको आवागमन अनि कारुणिक चित्कार गुन्जिएको छ । क्याम्पस, होटल, डेरा, त्यसै गरी नजिकैको बोट विरुवाहरू अझ 'ऊ' पात्र अर्धचेत जस्तो अवस्थामा आफूलाई सम्हालिन पुगेको देखिन्छ । 'म' पात्र र 'ऊ' पात्रका संवादमा नै यस कथाको विषयवस्तु सकिएको छ । यो नै कथाको परिवेश हो ।

कथामा कठिन र गाह्रा शब्दहरूको जालो नभएर सामान्य बोली चालीको भाषा प्रयोग भएको छ । तत्सम, तद्भव शब्द चयनका अतिरिक्त केही आगन्तुक शब्दको पनि प्रयोग गरिएको छ भने रैखिक ढाँचामा नभई वृत्तकारिय ढाँचामा कथाको रचना गरिएकोले र सरल, सहज भाषाको प्रयोगले कथालाई कथाकारले पठनयोग्य बनाएका छन् ।

समग्रमा *उसैको दुलाहा हो क्यारे* शीर्षकमा यो कथाले नेपाली समाजमा देखापरेको परिवारिक कलह र त्यसले निम्त्याएको समस्यालाई उजागत गरेको छ । मानिस, प्रेम र धनका कारण आफ्नो परिवार अनि समाजमा शिकार भएको छ । धन कै लागि महिलाले अर्का विवाह गर्ने, पुरुषले अर्की विवाह गर्ने, यी सबै अहिलेको समाजको वास्तविकता हो, भन्ने कथावस्तु सरल, सहज भाषाका माध्यमबाट देखाउनुयस कथाको उद्देश्य रहेको छ ।

## ३.३.३१ ऊ साह्रै राम्री छे कथाको विश्लेषण

बालकको मनोविज्ञान अनि नेपाली समाजमा निम्तिएका शारीरिक आकर्षण र त्यसले निम्त्याएको समस्यामा यो कथा आधारित रहेको छ । मालतीसाह्रै राम्री छे  त्यस अर्थमा कथावस्तु र शीर्षक मिलेको देखिन्छ ।

यस कथावस्तु 'मालती' नामकी नारीपात्रका सुन्दरताको बयानबाट सुरु भएको छ । ऊ विवाह हुनुपूर्व नै एउटा बालककी आमा बनेकी छ । जसले गर्दा आफ्नो जन्मथलो छोडेर टाढा जान बाध्य भएकी छ । यो सबै हुनुमा मालतिको ट्युसन शिक्षक गणेश मास्टरको हात रहेको छ । गणेश मास्टर ट्युसन पढाउने बाहानामा यौनक्रियाकलाप तिर उन्मुख भएको छ । सुकिलो छाला भएकी मालतीको सौन्दर्यबाट मोहित बनेको मास्टरको क्रियाकलापबाट मालती गर्भवती बन्छे तर गणेश मास्टर मालतीको पेटमा बच्चा छ भन्ने थाहा पाएपछि एकाएक हराएको छ । यस किसिमको कथावस्तु प्रस्तुत कथामा रहेको छ ।

यस कथामा 'मालती', उसको छोरो 'राम', गणेश मास्टर, केशव रहेका छन् र 'मालती' छोरो 'राम' र केशव मास्टर अनुकुल पात्रहरू हुन् भने गणेश मास्टर प्रतिकुल पात्र हो । 'मालती' कथाकी प्रमुख पात्र हो मालती बद्ध, भने 'राम' र 'केशव मास्टर ' सहायक पात्रहरू हुन, अनि 'गणेश' गौण पात्र हो । बाल पात्रदेखि शिक्षक पात्रसम्म छनौट भएकोले पात्र छनौटमा कथाकार सक्षम देखिन्छन् ।

कथाको परिवेश नेपाली ग्रामीण समाजको विद्यालय परिवेश रहेको छ । त्यसमा पनि 'राम' जो विपन्न परिवारको सन्तानको रूपमा प्रतिनिधित्व भएकाले आर्थिक अवस्थाले कमजोर स्थितिको चित्रण गरिएको देखिन्छ । त्यसैगरी स्कुलका दुई मास्टरका माध्यमबाट कुनै असल र कुनै खराब मास्टर समाजमा प्राप्त छन्, भन्ने कुरालाई पनि यो कथाले स्कुलका मास्टरहरूको परिवेश, क्रियाकलापबाट समाजमा भएको राम्रो नराम्रो परिवेश प्रस्तुत गर्न खोजेको देखिन्छ ।

कथाको भाषा कथाभित्रका पात्रहरूको कुराकानी अनि सरल शब्दचयनका कारण मिठासयुक्त छ । कहीँ कतै संस्कृतका तत्सम, तद्भव अनि आगन्तुक शब्दका कारण भाषा श्रुतिमधुर बनेको देखिन्छ । त्यसै गरी कतैकतै आलङ्कारिक वाक्यांश पनि प्रयोग भएका छन् । आदि, मध्य र अन्त्यको ढाँचामा कथा संरचित रहेको छ ।

यो कथाको 'रामु' पात्रका माध्यमबाट बालमनोविज्ञान मास्टरका माध्यमबाट नारीप्रति को आकर्षण र त्यसले निम्त्याएको विकृति अनि 'मालती' पात्रका माध्यमबाट गरिबी, अशिक्षा अनि सामाजिक समस्या जस्ता पक्षलाई उजागर गरेको देखिन्छ । मानिस आफ्नो स्वार्थका लागि जस्तो सुकै अनैतिक काम पनि गर्न सक्छ र त्यसले नराम्रो दुर्गति भोग्नु पर्दछ भन्ने देखाउनु यस कथाको उद्देश्य रहेको छ ।

## ३.३.३२ कागको कथा कथाको विश्लेषण

यसको शीर्षक द्विपदमिलित छ । यो कथा पशुपन्छीसँगैको विषयसँग सन्दर्भित रहे पनि त्यो वर्तमान समयका राजनितिकर्मी नेताहरूसँग पनि जोडिएको छ । काग र कुकुरका उदाहरणबाट हरेक प्राणी आफ्नो र सन्तानको रक्षाका लागि सङ्घर्ष गरेकै हुन्छ । कागले आफ्नो सन्तानको प्राण रक्षाका लागि गरेको सङ्घर्ष कथाको विषयवस्तु रहेकाले शीर्षक कागको कथा सार्थक नै छ ।

*कागको कथा* शीर्षकको कथावस्तु प्रचलित कागको कथाबाट सुरु भएको छ । त्यसपछि लेखक अर्थात् 'म' पात्रले आफ्नै घर अगाडि कागले आफ्नो बच्चालाई बचाउन गरेको प्रयत्नमा कथावस्तु केन्द्रित छन् । जुन हड्डी कागले नजिकैको मन्दिरबाट ल्याएको थियो । त्यही हड्डीलाई कुकुरका छाउराहरूले गरेको हारालुछ,झगडा, त्यसपछि त्यसरी नै हाम्रा राजनीतिज्ञहरू पनि कुर्सी तानातानमा केन्द्रित छन्, समाजमा कहीँ कतै शान्ति अनि

हिंसा छैन साना प्राणी देखि मानवलाई समेत शान्ति आवश्यक छ भन्ने विविध सन्देश दिदै कथावस्तुको अन्त्य भएको छ ।

यस कथामा 'म' पात्र अर्थात् लेखक, कुलबहादुर, 'म' पात्रका साथीहरू, नेपालका भ्रष्ट नेताहरू मानव पात्रका रूपमा रहेका छन् भने मानइतर पात्रहरूमा काग र कुकुरहरू पनि रहेका छन् । 'म'पात्र कथाका प्रमुख पात्र हुन भने अरु सहायक र गौण पात्रहरू हुन् । त्यस्तै 'म' 'कुलबहादुर' 'काग' अनुकुल पात्रहरू हुन भने कुकुर 'प्रतिकुल' पात्र हुन् । त्यस्तै 'काग' आदर्श पात्रका रूपमा देखा परेका छन् । यस कथामा मानवीय पात्रको भन्दा मानव इतर पात्रको चरित्र बढी देखाइएको छ ।

यस कथा 'चितवन' जिल्लाको भरतपुर नगरको परिवेशमा केन्द्रित छ । जहाँ लेखक अर्थात् म पात्र बस्छन् । घर अगाडि आँगनमा कागले र कुकुरको क्रियाकलापको परिवेशलाई नै कथाकारले कथाको परिवेश बनाएका छन् । अन्त्यमा कागले आफ्नो बच्चा भने बचाउन नसकेको अवस्था रहेको छ । जुन कुरालाई लेखकले नेपाली जस्तासँग जोडेका छन् भने कथाकारले कुकुरको हाँड प्रतिको लुछाचुँडीलाई नेतासँग दाँज्नु सामाजिक परिवेश हो ।

*कागको कथा* शीर्षकको भाषाशैली सरल, सहज रूपमा बगेको देखिन्छ । जटिल अनि क्लिष्ट भाषाका जालोले यो कथा जेलिएको छैन् । आलङ्कारिक विम्ब, प्रतिक अनि उपमा अलङ्कार जस्ता सहित्यिक वाक्य अनि वाक्यांशको प्रयोग भएको देखिन्छ । काग, कुकुर अनि देशका नेताका विषय कथामा क्रमशः देखापरे पनि कथा आदि मध्य र अन्त्यको शैलीमा भने बगेको देखिन्छ ।

समग्रमा काग र कुकुरको झिनो विषयवस्तु लिएर शान्तिको सन्देश दिन खोजिएको यो कथा हो । मानव मात्र नभएर मानवइतर प्राणीलाई पनि शान्ति आवश्यक छ । समाजमा बढ्दै गहिरहेको अशान्ति, हिंसा, लोभ दिन प्रतिदिन बढ्दै गहिरहेको छ यसलाई रोकथाम गर्ने पहल कहीँ कतैबाट भएको छैन भन्ने सन्देशात्मक ज्ञान दिनु यस कथाको उद्देश्य रहेको छ ।

## ३.३.३३ रमेश कथाको विश्लेषण

रमेश कथामा रमेश, केशव र नीना गरी तीन पात्रको जीवनको कुनै अवस्थामा केन्द्रित छ । एउटा मिल्ने साथीको अर्को मिल्ने साथीप्रतिको अविश्वास र सङ्काले मनमा

उब्जाएको पीडा अनि त्यसले निम्त्याउन सक्ने समस्यालाई यस कथाले प्रस्तुत गर्न खोजेको छ । कथाको प्रमुख पुरुष पात्रका नामबाट नै कथाको शीर्षक राखिएकाले शीर्षक सार्थक रहेको छ ।

यसकथाको कथावस्तु रमेश, नीना र केशव तीन पात्रहरू मध्ये एकअर्का प्रतिको शङ्का र अविश्वासबाट आरम्भ भएको छ । केशव रमेशलाई धोकेबाज र नीनालाई चरित्रहीन सम्भ्केको छ  तर एकदिन रमेश र केशवले आफ्ना मनका कुराहरू साटेर दुई साथी बीचको दुरी हटाउने प्रयत्न गरेका छन् । केशबले रमेशलाई मनका कुरा सबै पोखे पछि त्यसको समाधानार्थ रमेशको सल्लाहपछि कथावस्तुको अन्त्य भएको छ । यस कथाको कथावस्तु यौनमनोविज्ञानमा आधारित छ ।

प्रस्तुत कथामा मुलतः रमेश, केशव र नीना गरी तीन पात्रको प्रयोग भएको छ । ती मध्ये केशव प्रमुख पात्र, रमेश सहायक पात्र र नीना र केशवका बुवा गौण पात्रका रूपमा रहेका छन् । रमेश र केशव अनुकुल, मञ्चीम, बद्ध, पात्रहरू हुन भने नीना प्रतिकुल,मुक्त पात्र हुन् । पात्र कै माध्यमबाट कथाको शीर्षक बनाइएकाले पनि कथामा पात्रचयन महत्त्वपूर्ण रहेको छ भन्न सकिन्छ ।

यस कथाको परिवेश कुनै स्थानमा सोच्दै, टोलाउँदै कुनै अनिश्चित गन्तव्यमा केशव जान लागेको प्रसङ्गबाट सुरु भएको छ । अचानक रमेशसँग एकदिन भेट हुन्छ । उनीहरू रेस्टुरामा बसेर एक अर्काप्रति अविश्वासलाई, शङ्कालाई हटाउन खोजिरहेका हुन्छन् । यिनै सहरिया परिवेश, साथी-साथी बीचको आत्मिय परिवेश, विवाहको रमाइलो परिवेश, होटलको परिवेश अनि पारिवारिक प्रसङ्गका परिवेश यस कथामा पाउन सकिन्छ ।

यस कथाको भाषा सामान्य बोलीचालीको सरल सहज रहेको छ । आलङ्कारिक अनि जटिल किसिमका भाषाको प्रयोग छैन । केही आगन्तुक शब्दहरूको प्रयोग भएतापनि भाषा मीठो रहेको छ । कथाको शैली भने आदि, मध्य, अन्त्यको रैखिक ढाँचाकै रहेको छ । रमेश र केशवका बीचको संवादात्मक कथनले कथा थप आकर्षण बनेको देखिन्छ । सामान्य तथा बौद्धिक पाठकका लागि भाषा उपयुक्त देखिन्छ ।

नेपाली समाजमा पछिल्लो युवा पुस्तामा देखापर्ने एक किसिमको समस्यालाई कथाले विषयवस्तु बनाएको देखिन्छ । अत्यन्तै घनिष्ठ साथी पनि एउटी नारीका कारण कसरी शङ्का,उपसङकाले घेरिन्छन्, भन्ने घटना कथाकारले रमेश, केशव र नीनाका माध्यमबाट

प्रस्तुत गर्न खोजेका छन् । कुनै पनि कुरा वास्तविकता नबुझी के हो भन्ने कुरा पत्ता लाग्न सक्दैन । त्यसलाई राम्ररी बुझेर मात्र अर्को निर्णय लिनुपर्दछ भन्ने देखाउनु यस कथाको उद्देश्य रहेको छ ।

## ३.३.३४ प्रत्युत्तरकथाको विश्लेषण

यसको शीर्षक एक पदको छ । शीर्षकबाट नै कथामा दुई पात्रका बीचमा संवाद छ र एकको प्रश्नको प्रत्युत्तर अर्काले दिएको छ । यो कथामा 'म' पात्र र उसको साथी उनीहरू तेस्रो व्यक्तिको बारेमा कुरा गर्दै छन् । म पात्र आफूलाई अरुले मान आदर गरोस् भन्ने चाहन्छ । अचानक आफन्तको मृत्युको खबर सुनेपछि कथावस्तुको अन्त्य हुन्छ । यसरी कथानकसँगै शीर्षक जोडिएकाले शीर्षक सार्थक छ भन्न सकिन्छ ।

कथामा 'म' पात्र र अर्को पात्रका बीचमा कुराकानी भएको प्रसङ्गबाट कथावस्तु आरम्भ भएको छ । उनीहरू 'म' पात्रलाई तेस्रो व्यक्तिले नराम्ररी भनेको कुरा ठीक हो र होइनमा नै लामो कुराकानी गरिरहेका छन् । अन्त्यमा 'म' पात्रले आफु मालिक भएकाले त्यसलाई त्यसरी जवाफ दिएको भनेर घमन्ड गदै थियो अचानक कुनै युवकले उसलाई कुनै अप्रिय सन्देश ल्याइदिन्छ जसले 'म' पात्रलाई दिनुपर्ने जवाफ नियतिले दिन्छ र कथा वस्तुको अन्त्य हुन्छ । यसरी कथावस्तु जोश र रिस अनि बदला दिन्छु भन्ने संवादबाट आरम्भ भई संवादकै क्रममा निरास संवेगमा कथा अन्त्य भएको छ ।

यस कथाको भाषाशैली आत्मालापीय नभएर संवादात्मक शैलीको रहेको छ । कथाको आरम्भदेखि नै अन्त्यसम्म संवादमा कथा संरचित भएको छ । कथामा उच्च आदारआर्थी भाषा पनि प्रयोग भएको छ । कथामा आलङ्कारिक भाषा, सरल र मिठा संयुक्त भाषिक शब्द संयोजनको प्रयोग गरिएको देखिन्छ । आदि, मध्ये र अन्त्यको रैखिक ढाँचामा कथा मुखरित भएको छ । यस कथामा प्रयोग भएको उखान भाषाशैलीको आकर्षण हो ।

यस कथामा 'म' पात्र र उसको साथी अनि युवक गरी तीन पात्रको मुख्य रूपमा प्रयोग गरिएको छ । अदृश्य रूपमा तेस्रो व्यक्ति पनि पात्रका रूपमा आएको देखिन्छ । 'म' पात्र र उसको साथी प्रमुख पात्र हुन भने अरु 'म' आफन्तहरू, दाइ, ससुरा आदि गौण पात्र

हुन् । 'म' पात्र प्रतिकुल, बद्ध, मञ्चीय व्यक्तिगत पात्र हो भने अरु पात्रहरू अनुकुल पात्र हुन् । पात्र छनौटका आधरमा कथा लघु देखिन्छ ।

कथाको आरम्भबाट अन्त्यसम्म नै वार्तालापीय शैलीको प्रयोग भएकाले परिवेशको वर्णन यस कथामा धेरै पाइदैन । आंशिक रूपमा दुवै जना कुनै निश्चित ठाँउमा बसेर गफ गरिरहेको आभाष  हुन्छ । कुनै सम्भ्रान्त वर्गको 'म' पात्र भएकाले सहरिया परिवेश कथामा पाउन सकिन्छ । यस कथामा समाजमा देखिने वर्गीय विभेदका कारण तल्ला वर्गका मानिसले पाउने दुःख नै मुख्य रूपमा यस कथाको परिवेश हो ।

वार्तालापीय शैलीमा रचिएको यो कथाले मुलतः घमण्ड कहिल्यै पनि गर्नुहुदैन । 'म' पात्रले घमण्ड गर्दा नियतिलेनै उसको घमन्डमा सजाय दिएको छ । धनसम्पत्ति भन्ने कुरा हातका मैला हो । घमण्ड गर्नु हुँदैन सबैले सबैको इज्जत गर्नुपदर्छ भन्ने अर्ति उपदेश सिकाउनु यस कथाको उद्देश्य रहेको छ ।

## ३.३.३५ रामु कथाको विश्लेषण

यसमा प्रेतात्माको बारेमा अर्थात् भूतका बारेमा बालबालिकाका मन मष्तिष्कमा खेलेको प्रभावका बारेमा चित्रण गरिएको छ । कथाको शीर्षक भने पात्रका आधारमा राखिएको छ । जुन पात्रले भूतका बारेमा अर्को पात्रलाई भनेको हुन्छ । ऊ यसकथाको प्रमुख पात्र हो । त्यसले विषयवस्तु र शीर्षक बीच मेल खाएको देखिन्छ ।

'रामु' शीर्षकको कथावस्तु 'ऊ' पात्रले भूतका बारेमा सुनेको कहानीबाट आरम्भ भएको छ । गाउँघर तिर केटा-केटीहरू दिनभरी गोठालो जाने गाई, भैसी र बाख्रा चराउने घटना पनि कथावस्तुका रूपमा आएको छ । ऊ सानै उमेरकी बालिका हो । एकदिन उसको भैँसी हराएकाले खोज्दा ढिलो हुन्छ र रात पर्छ । घरमा फर्केमा सौतेनी आमाको गाली खानुपर्ने डरले र भुतको पनि त्रासले घर फर्कदा आँपेखोलो तर्दा आँपको रुख मुनिबाट डरलाग्दो शब्द निस्कँदा 'ऊ' पात्र मुर्छा पर्छे त्यो घटना रामुले देखेको हुन्छ । यस अवस्थामा कथावस्तुको अन्त्य हुन्छ ।

यो कथामा मुलतः 'ऊ' र 'रामु' गरी दुई  मुख्य पात्रहरू रहेका छन् । पात्रका आधारमा नै कथाको शीर्षक राखिएकाले पात्रलाई कथाले महत्व दिएको देखिन्छ । दुवै पात्रहरू अनुकुल, बद्ध, मञ्चीय र यथार्थ पात्रहरू हुन् । दुवैले कथालाई जीवन्त बनाउन

महत्वपूर्ण भूमिका खेलेका छन् ।यसबाहेक कथामा प्रयोग भएका तरुना-तन्नेरी, गौण पात्र हुन् भने गाई, भैंसी, बाख्रा अनि भूत अमानविय पात्र हुन् ।

छुटट्‌ा-छुट्‌टै घरहरू हुने, वरपर झ्याम्म परेका ठूला रुखहरू हुने,साना-ठूला खोलानाला, खोल्सी, नदीनाला पनि हुने भएकाले त्यो गाउँले परिवेश यस कथामा पाउन सकिन्छ । त्यसै गरी ग्रामीण परिवेशमा प्रशस्त ठाउँ हुने भएकाले गाई, बाख्रा र भैसी चराउने प्रचलनको यथार्थ चित्रण  भएकोले पनि यस कथामा पूर्ण रूपमा गाउँले परिवेश पाउन सकिन्छ ।

छोटो आयममा संरचित 'रामु' शीर्षकको भाषाशैली सरस अनि सरल गतिमा बगेको छ । छोटा छोटा वाक्य अनि मीठो भाषिक प्रस्तुतीले कथा रोचक बन्न पुगेको देखिन्छ । त्यसै गरी आदि, मध्य र अन्त्यको कथनले गर्दा र बालमनोविज्ञानलाई प्रभाव पार्न सक्ने भएकोले भाषाशैली सबल छ भन्न सकिन्छ । गाउँघरमा गोठालो जाँदा प्रयोग गरिने कथ्य भाषा पनि यस कथामा पाउन सकिन्छ ।

'रामु' शीर्षकको कथाले नेपाली समाज, गाउँघरतिर विशेष गरी बालवालिकामा भूत प्रतिको मानसिक डर वा भय रहेको हुन्छ । शिक्षाको राम्रो विकास नभएकाले केटाकेटीहरू पढ्‌न नगई गोठालो जाने अशिक्षित, अन्धविश्वास र ग्रामीण समाजको यथार्थ कुरा देखाउन खोजिएको देखिन्छ जसले गर्दा स्वभाविक रूपमा बालबालिकाहरू त्रासले बाँच्न विवश हुन्छन् भन्ने देखाउनु यस कथाको उद्देश्य रहेको छ ।

## ३.३.३६ रेखा कथाको विश्लेषण

यो कथाको शीर्षक एक पदमा संरचित छ कथाको शीर्षक पात्रका आधारमा राखिएको छ । यसमा नेपाली समाजमा रहेका आधुनिक नारीको चित्रण गर्न खोजिएको छ । जो विभिन्न वाहानामा बजारमा कोठा गरी बस्ने आफ्नो श्रीमान् हुँदाहुँदै पनि परपुरुषसँग प्रेममा परेकी छे । पात्रकै आभारमा शीर्षक को चयन भएकाले यसको शीर्षक सार्थक रहेको छ ।

'रेखा' शीर्षकको कथावस्तु कुमारी रेखा पात्रका सेरोफेरोमा घुमेको छ । ऊ एउटा युवकसँग प्रेममा परेकी छे । दुवैका बीच चिठी पनि आदान प्रदान भएको छ । एक दिन युवकले डेरामा बस्ने सबै साथीहरूलाई प्रेमिकाको नाम पनि सुनाईदियो त्यहाँ एउटा भर्खर

गाँउबाट आएको युवक पनि थियो ऊ युवतीको नाम सुन्ने बितिक्कै कालो अनुहार लिएर बाहिरियो । यस्तैमा एउटा युवकले उठेर जाने युवकलाई चिन्दथ्यो र उसले त्यो युवककै श्रीमती हो कुमारी रेखा भनेर बताए पछि कथानक अन्त्य भयो । यसरी वियोगान्तमा यस कथा विषयवस्तुका आधरमा उत्कृष्ट देखिन्छ ।

'कुमारी रेखा' प्रमुख नारी पात्रकी रूपमा रहेकी छिन् । त्यसै गरी उनको प्रेमी युवक सहायक पात्रका रूपमा रहेका छन् । त्यसै गरी कुमारी रेखाका श्रीमान् युवक र अन्य युवकहरू गौण पात्रका रूपमा रहेका छन् । कुमारी रेखा र उनको श्रीमान् अनि युवक बद्ध, मञ्चीय पात्र हुन् भने कुमारी रेखा प्रतिकुल तथा उनका श्रीमान् अनुकूल पात्र हुन् ।

*रेखा* शीर्षकको यो कथाको परिवेश ग्रामीण परिवेश नभएर सहरिया परिवेश रहेको छ । सहरमा पढ्ने जाने र त्यहाँ डेरा गरी बस्ने युवा-युवती बीचमा प्रेमको विषय कथाले बोकेकाले यसको परिवेश सहरको नै रहेको छ भन्ने ती पढ्न आएका युवा-युवती गाउँका भएकाले गाउँको परिवेशका साथै माया प्रितीको परिवेश पनि यस कथामा पाउन सकिन्छ ।

*रेखा* शीर्षकको भाषाशैली श्रुतिमधुर रहेको छ ।  जटिल र कठिन शब्दहरूको कम प्रयोग र सरल लोक भाषाको प्रयोग यस कथामा भएको छ । कहीँ कतै आलङ्कारिक वाक्यगठन र आगान्तुक शब्दहरूको प्रयोगले थप आकर्षकबनेको देखिन्छ । आदि, मध्य र अन्त्यको शैलीले कथाको संरचना पनि सहज रूपमा बगेकोदेखिन्छ ।

प्रस्तुत कथा नेपाली समाजमा देखापरेको युवा युवतीको प्रेमरसमा आधारित छ । जसले विवाहीत युवती पनि आफ्नो संस्कार अनि मान्यता बिर्सेर परपुरुषसँग प्रेममा परेकी छे । त्यस्तो विकृति पछिल्लो समयमा नेपाली युवापुस्तामा मौलाएको छ, यस्ता विकृति देखि बेलैमा सजग हुनुपर्छ भन्ने सन्देशात्मक भाव देखाउनु यस कथाको उद्देश्य रहेको छ ।

### ३.३.३७ रोदिघरमा कथाको विश्लेषण

यो कथाको शीर्षक रोदी र घर मिलेर बनेको छ । नेपालको गुरुङ सामाजमा प्रचलीत रोदिघरलाई विषय बनाएको यस कथाले माइलीको रोदी घरमा आफ्नो लाहुरे श्रीमान् जस्तै केटो मिलेको त्यही केटाको जीउडाल रूप रङ्गले माइलीको मनलाई काउकुती लगाइदिएको छ । जुनसुकै समयमा पनि उसलाई रोदी घरको सम्झना आइरहेको छ । हरेक

पल एउटी युवतीको मनमा रोदिघरको सम्भना आइरहेको विषयले शीर्षक र कथा वस्तुबीच तालमेल भएकोले शीर्षक सार्थक रहेको छ ।

*रोदीघरमा* शीर्षक कथावस्तु लाहुरे गएर पाँच वर्ष वितिसक्दा पनि घर नफर्केको लाहुरेकी श्रीमती माइली रोदीघर गएको घटनाबाट कथाको आरम्भ भएको छ । त्यहाँ उसले रूप रङ्ग मिलेर हो या कामुक यौन चाहनाले हो आफ्नो लाहुरे श्रीमान् जस्तै केटो देख्छे र भित्रभित्रै मन पराउँछे भोलीपल्ट पनि उसँगै कुरा गर्ने हिसावले रोदीघरमा जादाँ सुरुमा त देख्दिन तर पछि देख्छे र "म तिमीलाई माया गर्छु" भन्छे  अनि कथावस्तुको अन्त्य हुन्छ ।

यस कथामा 'माइली लाहुर्नी' प्रमुख पात्रका रूपमा रहेको छे । ऊ अनुकुल, आधारमा मञ्चीय, बद्ध र यथार्थ पात्र हो । उसका अतिरिक्त उसको लोग्ने जस्तै देखिने सहायक पात्र हो । 'ऊ' पनि अनुकुल, यथार्थ, मञ्चिय बद्ध पात्र हो । दुवैका अतिरिक्त लाहुरे, रोदि घरमा देखिने अरु पात्रहरू सहायक पात्र हुन् । यी पात्रहरूको संयोजनमा कथाको विकासक्रम अगाडि बढेको छ ।

यस कथाको परिवेश शीर्षकबाट नै थाहा हुन्छ कि ग्रामीण परिवेश हो । गुरु समाजमा आज पनि रोदी बस्ने चलन प्रचलित छ । जहाँ युवा युवतीहरू नाचँ गान गरी रमाइलो गरिन्छ । त्यसैगरी नेपाली युवाहरू धन आर्जनका लागि लाहुर जाने परिवेशलाई पनि कथाले समेटेको छ । जसले यहाँको सामाजिक अवस्थाको पनि केही हदसम्म चित्रण गर्दछ । मुख्यतः लाहुर गएका लाहुरेका श्रीमतीले भोग्नुपरेका यौनकुण्ठालाई यस कथाले परिवेश बनाएको छ ।

यस कथाको भाषा सरल रूपमा बगेको छ । नेपाली जनजिब्रोमा प्रचलित पोइल, लाहुरे, रोदिघर ,लाहुर्नी, पोई जस्ता शब्द चयनको प्रयोगले कथा अभ्र सशक्त बन्न पुगेको छ ।कथामा संवादात्मका भाषा भन्दा आत्मालापिय भाषा प्रयोग भएको छ । जटिल अनि क्लिष्ट भाषा तथा आलङ्कारिक वाक्य गठनको प्रयोग नगरिएकाले र आदि,मध्य र अन्त्यको संरचनागत ढाँचाले यसको भाषाशैली सबल छ भन्न सकिन्छ ।

समग्रमा *रोदिघरमा* शीर्षकको यो कथा समाजमा धनोपार्जनका लागि युवाहरू विदेशिने र युवतीहरू वैंसमा कुण्ठित हुनुपर्ने वा परपुरुषसँग सम्बन्ध बनाउनु पर्ने अवस्थाको चित्रण यस कथामा देखाउन खोजिएको छ भने नारी यौनकुण्ठालाई पनि देखाउन खोज्नु यस कथाको उद्देश्य रहेको छ ।

## ३.३.३८ मन भाँचिएपछि कथाको विश्लेषण

यस कथाको शीर्षक द्विपदमिलित छ । कथामा प्रमुख रूपमा देखापरेकी नारी पात्र अजिताको आफ्नो श्रीमान्को मृत्युपछि देवरसँग घर बसाउने योजना भाँचिएपछिको घटनाले शीर्षक र विषय वस्तुको मेल खाएको छ । जसले गर्दा कथाको शीर्षक सार्थक बन्न पुगेको छ ।

*मन भाचिँएपछि* शीर्षकको कथावस्तुको उठान मैले एउटा निर्णय गरे नि भाउजू भन्ने देवर केशवको भनाईबाट भएको देखिन्छ । बिहे गरेको एक वर्षमा आफ्नो श्रीमान् मोटर साइकल दुर्घटना परि मृत्यु भए पछि केशब देवरलाई आफ्नो बनाउने भित्री इच्छ हुन्छ । केशवको भाउजू मैले एउटा निर्णय गरे नि भन्ने कुराले भाउजू अजिताको देवरसँगको घर बसाउने योजना टुट्न पुग्छ । र उनी घर छोडेर सोलुखुम्बु गएर शिक्षिका बनेर बस्छिन् । त्यसको छ वर्षपछि केशव आफ्ना परिवार सहित सोलुखुम्बु घुम्न जाँदा दुवैले देखेर पनि नदेखेझैँ गर्छन अनि कथानाकको अन्त्य हुन्छ ।

कथाको मुख्य पात्रका 'अजिता' भाउजू छिन् । उनी अनुकूल,बद्ध,मञ्चिय र यथार्थ पात्र हुन । त्यसैगरी सहायक पात्रका रूपमा देवर केशव रहेका छन् । उनी पनि अनुकूल, बद्ध,मञ्चिय र आदर्श पात्र हुन् । त्यसै गरी अजिताको श्रीमान् केशवको छोरो र पत्नि जिनि गौण पात्रहरू हुन् । यिनै पात्रहरूको केन्द्रीयतामा कथानकको विकास भएकोछ ।

कथाको परिवेश सहरिया र ग्रामीण दुवै रहेको देखिन्छ आरम्भमा सहरीया परिवेश छ, जसका कारण अजिताको लोग्नेको मोटर साइकल दुर्घटनामा मृत्यु भएको छ । अन्त्यमा भने अजिता सोलुखुम्बुमा गएर शिक्षिका बने पछि परिवेश ग्रामीण परिवेश छ । यसरी ग्रामीण अनि सहरिया दुबै परिवेशलाई कथामा चित्रण गरिएको छ ।

यस कथाको भाषा मिठासयुक्त छ । सामान्य लोकजीवनमा प्रचलित भाषाको कथामा प्रयोग गरिएको छ । तत्सम,तद्भव तथा आगन्तुक शब्दहरूको पनि प्रयोग गरिएको छ । जसले भाषिक कौशलता बढाउन मद्दत पुगेको छ । त्यसै गरी रैखिक ढाँचामा अर्थात आदि, मध्य र अन्त्यको शैलीमा कथानकको विकास भएको छ र भाषाशैली उत्कृष्ट बन्न पुगेको छ ।

नेपाली समाजमा देखापरेको सामाजिक समस्यालाई कथाले विषयवस्तु बनाएको छ। समय र भाग्यले गर्दा अल्पायुमा नै पतिबाट टाढिनु पर्ने अवस्था र देवरलाई पतिका रूपमा चाहना गर्दा पनि नपाउनु पर्ने अवस्थाबाट मनमा दुःख परेपछि मानिस कुन हदसम्म टाढिदो रहेछ भन्ने कुरा कथाबाट प्रस्ट हुन आउँछ। झिनो विषयवस्तुलाई पनि सरल अनि सबल भाषाशैलीबाट देखाउनु यस कथाको उद्देश्य रहेको छ।

## ३.३.३९ भ्रमित कथाको विश्लेषण

यस कथाको शीर्षक एक पदमा रचित छ। यसमा भर्खरको युवा पुस्ताले भोगेको एक दिनको घटना प्रस्तुत छ। जुन घटनामा ऊ भ्रम भएर तरुनी हेर्ने क्रममा आफ्नै छोरी अर्थात् दाइकी छोरी  हेर्न पुग्छ। जसले गर्दा कथाको शीर्षक सार्थक बनेको छ।

यस कथाको कथावस्तु कथाको पात्र राममानलाई केटी साथी बनाउन नसकेको पछुतोबाट आरम्भ भएको छ। ऊ रत्नपार्क नजिकैको सिनेमा हलमा जाँदा त्यो देखेर बारमा जान्छ। त्यहाँबाट भूगोल पार्क जान्छ र केहीबेर बस्छ। त्यहाँबाट बाहिर निस्केर अगाडि जाँदा दुइवटी केटीलाई पछाडिबाट देख्छ। ती केटीको जीउडालबाट आकर्षण भएर ऊ पछि लाग्दै जाँदा अन्तमा विश्वज्योति सिनेमा हलभित्रको कम्पाउन्डमा पुग्दा आफ्नै दाइका छोरीहरू पो हुन्छन् र कथानकको अन्त्य हुन्छ।

अत्यन्त लघु आयाममा संरचित यस कथामा 'राममान' मुख्य पात्रका रूपमा देखाएको छ। ऊ अनुकूल, आबद्धताका आधारमा बद्ध, मञ्चिय र यर्थाथ पात्र हो। त्यसै गरी सिनेमा हलमा टिकट काट्ने केटाकेटीहरू र दुई जना युवती गौण पात्रहरू हुन्। यी पात्रहरू कै केन्द्रीयतामा कथाको निर्माण भएको छ।

यस कथाको परिवेश काठमाडौँ सहरको रहेको छ। विशेष गरेर रत्नपार्कको सेरोफेरोमा कथाका पात्रहरू घुमेका छन्। त्यहाँ हिडिरहेका युवा-युवती सडक र गाडीहरू सिनेमा हल र टिकट काट्न व्यस्त युवा युवतीहरू र भूगोल पार्क तथा रेस्टुरेन्ट बार आदि नै कथाका परिवेश हुन। यिनै परिवेशलाई आधार बनाएर कथा रचना भएको छ।

प्रस्तुत कथाको भाषा बोधगम्य छ। जटिल शब्दहरूको जालो नभएर सामान्य पाठकले पनि बुझ्ने किसिमको भाषा कथामा प्रयोग भएको छ। अधिकांश तद्भव

शब्दहरूको प्रयोग गरीएको छ भने आगन्तुक शब्दहरूको पनि प्रयोग भएको देखिन्छ । शैलीका दृष्टिकोणले कथा आदि, मध्य र अन्त्यको ढाँचामा अगाडि बढेको छ ।

अन्तमा वर्तमान समयमा देखापर्ने युवा पुस्ता बीचको लैङिगक आकर्षणको विषयमा यो कथा संरचित छ । जसले युवा युवती बीचको माया प्रेम वा आकर्षण प्रतिको अवस्थालाई चित्रण गर्न खोजेको छ । वर्तमान समयका युवाहरू युवतीका लागि कति सम्म समय बर्बाद गर्दछन् र पछुताउँदैछन् भन्ने यस कथाको उद्देश्य रहेको छ ।

## ३.३.४० पहले कथाको विश्लेषण

कथामा प्रयुक्त पात्रका आधारमा कथाको शीर्षक राखिएको छ । यस कथाको शीर्षक एक पदमा रचित छ । यस कथाका प्रमुख पात्रका जीवनमा यो कथा आधारित रहेकाले र कथाको सुरुदेखि अन्तसम्म 'पहले' कै वर्णन गरिएकाले कथाको शीर्षक सार्थक रहेको छ ।

*पहले* शीर्षक कथा नेपाली जीवनमा अर्काको हलो जोती गुजारा चलाउनु पर्ने आर्थिक अवस्थाले विपन्न वर्गको चरित्रमा आधारीत छ । पहले ऊ आर्थिक अवस्थाले अत्यन्त कमजोर, साहुको खेतजोती जिविका निर्वाह गर्ने पात्र हो श्रीमती रोगी छे । छोराहरू विदेशिएका छन् । पहले बुढो भएको छ र काम पनि गर्न नसक्ने भएकाले मागेर गुजारा चलाएको छ । त्यस क्रममा उसको चौतारामा लास लडिरहेको छ र त्यसै बेला उसका छोराहरू आएका छन् अनि कथावस्तु टुङ्गिएको छ ।

यस कथामा 'पहले' प्रमुख पात्रका रूपमा रहेको छ । ऊ अनुकूल, यर्थाथ, बद्ध र मञ्चिय पात्र हो । त्यसै गरी उसकी श्रीमती सहायक पात्र हो । ऊ पनि यथार्थ,अनुकुल र मञ्चीय पात्र हो । त्यस्तै पहलेका छोराहरू, मुखिया, मुखिनी गाउबेसी गर्ने मानिसहरू युवक आदि गौण पात्र हुन् । पात्रकै आधारमा कथाको शीर्षक राखिएकाले पनि कथाको पात्रलाई महत्त्व दिइएको छ भन्न सकिन्छ ।

यस कथाको परिवेश ग्रामीण परिवेश रहेको छ । आर्थिक अवस्थाले कमजोर पहले जस्ता नेपालीहरूको दैनिकी र उनीहरूको दयनीय अवस्थालाई यो कथाले आफ्नो परिवेश बनाएको छ । गाउँमा साहुको हली बन्नु पर्ने, मुखिनीले थोरै खाला भनेर पनियो पातलो प्रयोग गर्ने, वृद्धावस्थामा पानी दिने पनि कोही नहुने जस्ता परिवेश कथाले समेटेको छ ।

यस कथाको भाषा सरल र सरस छ । कथाको आदि भागदेखि अन्त्यसम्म सामान्य जनमानसले बोल्ने प्रचलित नेपाली भाषाको प्रयोग कथामा गरिएको छ । आलङ्कारिक भाषा, विम्व, प्रतिक जस्ता अलङ्कारको प्रयोग नभएर साधारण पाठकले पनि बुझ्न सक्ने भाषा र रैखिक ढाँचाको भाषाशैली उत्कृष्ट बन्न पुगेको देखिन्छ ।

समग्रमा नेपाली समाजमा मुखियाको हली बनी परिश्रम गर्न सक्ने अवस्थासम्म गर्ने र वृद्धावस्थामा बेसहारा बन्ने विपन्न 'पहले' जस्ता पात्रहरूको जीवनमा आधारित यो कथा हो । जसले नेपाली समाजको दुखस्थाको चित्रण गरेको छ । हाम्रो समाजमा आर्थिक अवस्था र शोषक वर्गले उत्पीडित छ भन्ने देखाउनु सन्देश यस कथाको उद्देश्य रहेको छ ।

## ३.३.४१ एउटा युवक कथाको विश्लेषण

यसको शीर्षक द्विपदमिलित छ । 'म' पात्र हिउँदे विदामा भारत भ्रमणका क्रममा एउटा नेपाली युवकसँग भेट भएको प्रसङ्गमा कथा आधारित छ । कथाको प्रमुख पात्र एउटा युवकको सेरोफेरोमा कथा घुमेको छ । शीर्षक पनि त्यसैमा केन्द्रित भएकाले शीर्षक र विषयवस्तु बीच मेल खाएकाले शीर्षक सार्थक रहेको देखिन्छ ।

*एउटा युवक* शीर्षकको कथावस्तु नेपालको आर्थिक अवस्था कमजोर भएकाले नेपालीहरू रोजगारीको सिलसिलामा भारतको विभिन्न ठाउँमा विचल्ली परेको घटनाबाट आरम्भ भएको छ । 'म' पात्र र विपिन भारतको बनारस घुम्दा त्यहाँ नेपाली युवकसँग भेट हुनु, ऊ सँग कुराकानी गर्दा साहुको हप्की खानु र उसलाई नेपालमा नै गएर केही काम गर्ने सल्लाह दिनु जस्ता विषयवस्तु यस कथाका कथावस्तु हुन् ।

लघुआयाममा संरचित यस कथामा मुख्य गरेर 'म' पात्र, विपिन, जुनेली युवक र युवकका साहु गरी पाँचवटा पात्रहरूको प्रयोग गरिएको छ । 'म' पात्र प्रमुख पात्रका साथै बद्ध, मञ्चीय, प्रतिकुल हुन् भने युवक सहायक र अन्य गौण पात्रहरू हुन् । युवकको साहु प्रतिकुल पात्र हो भने अरु सबै अनुकूल पात्रहरू हुन् । सबै पात्रहरू मञ्चीय र यथार्थ पात्र हुन् ।

*एउटा युवक* शीर्षकको यस कथाको परिवेश प्रवासी भूमि बनारसको रहेको छ । जुन भूमिमा 'म' पात्र र विपिन भ्रमणमा जादाँ एउटा नेपाली युवक होटलमा काम गरिरहेको

अवस्थामा भेटिन्छ र कुराकानी हुन्छ । प्रवासी सहरिया परिवेश र कामको सिलसिलामा विदेश भौतारिनु पर्ने नेपाली जल्दाबल्दा युवाका बाध्यतालाई कथाले आफ्नो परिवेश बनाएको छ ।

छोटो आयाममा रचित यस कथाको भाषाशैली सरस अनि सरल किसिमको रहेको छ । छोटा  वाक्य गठन, सामान्य जनमानसले प्रयोग गर्ने सरल नेपाली भाषाको प्रयोग ले गर्दा र कतै कतै हिन्दी वाक्यांशको प्रयोग गर्दा कथा यथार्थको निकट पुगेको देखिन्छ । त्यसै गरी आदि, मध्य र अन्त्यको रैखिक ढाँचाभाषाले कथा सबल बन्न पुगेको छ ।

आर्थिक अवस्था कमजोर भएर प्रवासीनु पर्ने, प्रवासमा विचल्ली हुनुपरेका जुनेली जस्ता पात्रहरूका बारेमा चित्रण गरिएको कथा हो । शोषण र पीडामा नेपाली प्रवासमा काम गर्नु पेरेको, नेपालमा रोजगारी नभएर नेपाल फर्कन नसकेको नेपालीको पीडालाई कथाकारले कथामा सशक्त ढङ्गले प्रस्तुत गरी नेपाली सरकारलाई खबरदारी गर्नु यस कथाको उद्देश्य रहेको छ ।

## ३.३.४२ चिठ्ठाको टिकट कथाको विश्लेषण

यसको शीर्षक द्विपदमिलित छ । यसको शीर्षकबाट नै विषयवस्तुको बोध हुन्छ कि कुनै चिठ्ठासँग कथावस्तु सन्दर्भिक छ ।  यस कथाको प्रमुख पात्र टरवान डेटभरीले चिठ्ठाको टिकट किने पछि चिठ्ठा परे सम्मको मनमा उत्पन्न भाव कथामा उल्लेख गरिएको छ । त्यसैले पनि शीर्षक र कथावस्तुबीच मेल खाएको छ । यसर्थ शीर्षक सार्थक देखिन्छ ।

*चिठ्ठाको टिकट* शीर्षकको कथाको कथावस्तु कुनै सहरमा बस्ने टरवान डेटभरी पात्रको परिचयबाट सुरु भएको छ । जो मध्यम वर्गका व्यक्ति थिए । उनकी श्रीमतीले ३५६२ नं. को चिठ्ठाको टिकट काटेकी थिइन् । उक्त टिकट न. को चिठ्ठा पत्रिकामा छापिएकाले उनीहरू निकै खुसी देखिन्छन् । त्यसपछि दुबै जनाको तत्कालीन आवश्यकता पुरा गर्ने, ऋण तिर्ने, घर सजाउने, कोठाको भुइमा मलमल बिच्छाउने र जापनी फुलदानी किन्ने जस्ता भावी योजनामा केन्द्रित हुँदै कथानकको अन्त्य हुन्छ ।

यस कथामा मूतलः दुई पात्रहरू 'टरवान डेटभरी' र उनकी श्रीमती हुन् । दुवैमध्ये 'टरवान डेटभरी' प्रमुख पुरुष पात्र हुन् भने उनको श्रीमती माशाँ प्रमुख नारी पात्र हुन् । दुवै

अनुकूल, मञ्चीय, बद्ध र यथार्थ पात्र हुन् । यस कथामा कथाकारले पात्र छनौट गर्दा थोरै छनौट गरेको पाइन्छ ।

चर्चित कथाकार गोर्कीको कथाको अनुवाद रहेकाले कुनै मध्यम स्तरको सहरमा बस्ने परिवारको परिवेश जस्तो कथाको परिवेश देखिन्छ । जुन परिवार आर्थिक अवस्थाले सबल छैन र एकमै कमजोर पनि छैन । त्यस किसिमको पारिवारिक अवस्था र रहनसहनको परिवेश कथामा आएको देखिन्छ ।

यो कथा अनुवाद गरिएको भए तापनि भाषा सरस र सरल किसिमको नै रहेको छ । विदेशी कथाकारको कथा अनुवाद गरिएकाले कतिपय शब्दावली नेपाली भाषासँग अमिल्दो देखिन्छ । लेखकीय कौशल र भाषाशैलीका कारण कथा रोचक अनि उत्कृष्ट बन्न पुगेको देखिन्छ ।

समग्रमा म्याक्सिम गोर्कीद्वारा रचित र तुलसीप्रसाद न्यौपानेद्वरा अनुवादित यस कथामा मध्यमस्तरको पारिवारिक अवस्थाको चित्रण गरिएको छ । मानिस भाग्य अनि आशामा बाँचेको हुन्छ  र भविष्यको सोचमा रमाउँछ र सुखी हुन चाहन्छ भन्ने शिक्षा यस कथाले व्यक्त गर्न खोजेको देखिन्छ ।

## ३.३.४३ मसान घाटमा कथाको विश्लेषण

रचनाका हिसाबले कथाकार अज्ञात रहे पनि अनुवादक भने यसै सङ्ग्रहका कथाकार हुन् । यस कथाको शीर्षक द्विपदमिलित छ । यसको विषयवस्तु 'म' पात्रकी प्रेमीकाको मृत्युले गर्दा दुःखी भएर 'म' पात्र मसान घाटमा नै पुग्नु र आफ्नी प्रेमीकाको आत्मासँगको साक्षात्कार भएको विषय वस्तु अनुसार शीर्षक सार्थक देखिन्छ ।

यस कथाको कथावस्तु 'म' पात्रकी प्रेमीकाको मृत्युको अवस्थाको चित्रणबाट आरम्भ भएको देखिन्छ । आफ्नी प्राण प्रिय प्रेमीकाको वियोग सहन नसकेर 'म' पात्र उसको चिहान अर्थात मसान घाटमा पुग्छ । रातको पहर भएकोले एकाएक त्यहाँ गाडिएका लासबाट आत्माहर निस्कन्छन् र चिहानमाथि लेखिएको कुरालाई मेटेर साँचो कुरा लेख्छन्  । त्यसै क्रममा उसकी प्रेमीकाको आत्मा पनि निस्कन्छ र बोल्छ । जसले गर्दा म पात्र बिहानीको प्रहरसम्ममा मुर्छित अवस्थामा पुगेको हुन्छ अनि कथानकको अन्त्य भएको छ  ।

यस कथामा मुख्यरूपमा 'म' पात्रको प्रयोग भएको छ । ऊ अनुकुल, बद्ध, मञ्चीय, अस्थिर र आदर्श पात्र हो । यसै गरी उसकी प्रेमीका प्रमुख नारी पात्र हुन् । उनी यस कथाको सहायक पात्र हुन । प्रेमीका पनि अनुकुल, बद्ध, स्थिर पात्र हो । त्यसैगरी यसमा देखिएका नोकर्नी, गाउँलेहरू, मुर्दाहरू गौण पात्रहरू हुन् । पात्रको हिसाबले यो कथामा थोरै पात्र छनौट गरिएको छ ।

यस कथाको परिवेश आंशिक रूपमा शहरिया देखा पर्छ भने अर्को चिहान जसलाई मसान घाट पनि भनिन्छ । त्यसको पूर्ण परिवेश रहेको छ । जहाँ मानिसको बस्ति छैन त्यहाँ सुनसान निर्जन ठाउँ नै हो मसानघाट त्यही मसान घाटमा नै लासहरू गाडिएको छ । त्यस किसिमको परिवेश स्थलगत परिवेश हो भने 'म' पात्रको माया प्रिती, बिछोड, मृत्यु अनि बेहोस हुनु कथागत परिवेश हुन ।

यस *मसान घटमा* शीर्षक कथाको भाषाशैली साहित्यिक किसिमको रहेको छ । अनुवाद गरिएको भए पनि आलङ्कारिक वाक्य गठनका कारण कथा उत्कृष्ट बनेको छ भने अंग्रेजी तथा तत्सम शब्द चयनको प्रयोग अधिक रूपमा भएकाले कथाको भाषा केही जटिल भएको देखिन्छ । कथा आदि, मध्य र अन्त्यको रैखिक ढाँचामा संरचित भएकाले कथा मौलिक जस्तो र नेपाली परिवेश जस्तो पनि देखिएको छ ।

समग्रमा हरेक समाजमा देखा पर्ने युवा-युवती बीचको प्रेमको विषयलाई कथाकारले कथाको विषय बनाएका छन् । प्रेममा मानिस कतिसम्म दुखी अनि पागल बन्न सक्छन्, भन्ने देखाउनु यस कथाको उद्देश्य देखिन्छ ।

## ३.४ निष्कर्ष

एक्काइसवटा कथाहरूको कथासङ्ग्रह **मान्छेका कथा** (२०६४) जम्मा चौरासी पृष्ठमा समेटिएको छ । यसमा कथाकार तुलसीप्रसद न्यौपानेका उन्नाइसवटा मौलिक र दुईवटा अनुदित कथाहरू सङ्ग्रहित छन्, भने **नसम्झिएका कथा** (२०७०) बीसवटा कथाको सङ्ग्रह हो । यसमा पनि अठारवटा कथा मौलिक छ भने दुईवटा अनुदित नै छन् । लघु आकारमा कथा रचना गर्ने कथाकारले तेस्रो कथासङ्ग्रहमा रहेको बीसवटा कथालाई बैसठ्ठी पृष्ठमा समेटिएको छ ।

वि.सं.२०२३ सालदेखि नै नेपाली साहित्यको कथा विधामा कलम चलाएका न्यौपानेले वि.सं.२०६२/६३ को दोस्रो जनआन्दोलनसम्मको समसामयिक विषयवस्तुलाई कथामा समेटेका छन् । नेपाली कथाको समसामयिक धारा अन्तर्गत रहेर कथा लेख्ने न्यौपानेका **मान्छेका कथा** कथासङ्ग्रह, **नसम्भिएका कथाहरू** र संयुक्त कथा सङ्ग्रह *पुस्तान्तर* भित्रका कथामा यौनमनोविज्ञान, नारीमनोविज्ञान, गरिबी, शोषण, अन्धविश्वास, जातीय भेदभाव, नारीमाथि हुने अन्याय, पुरुषहरूको कामुक एवम् हैकमवादी प्रवृत्ति, भ्रष्टाचार, राजनीतिक परिवर्तनजस्ता विषयको चर्चा गरिएको छ । न्यौपानेका कथामा वर्णनात्मक एवम् संवादात्मक शैली, रैखिक र वृत्तकारीय दुवै ढाँचा, आन्तरिक र बाह्य दुवै कथनपद्धति, अङ्ग्रेजी शब्दको बढी प्रयोगजस्ता भाषाशैलीगत विशेषता पाउन सकिन्छ ।

समग्रमा हेर्दा प्रस्तुत कथासङ्ग्रहले तुलसीप्रसाद न्यौपानेलाई एक घटनाप्रधान, यौनमनोवैज्ञानिक, सामाजिक यथार्थवादी, आदर्शोमुख, प्रगतिवादी, नारीवादी कथाकार, सरलसहज भाषाशैलीको प्रयोग गर्ने कथाकार र राजनैतिक क्षेत्रका विकृतिलाई मुख्य विषयका रूपमा अवलम्बन गरी लेख्ने कथाकार, पात्रचयनगत विविधता अवलम्बन गर्ने कथाकार, सूक्ष्म परिवेश चित्रण र विषयगत विविधतामा रुचि राख्ने कथाकारका रूपमा चिनाएका छन् ।

## परिच्छेद : चार

# तुलसीप्रसाद न्यौपानेका कथागत प्रवृति

# परिच्छेद : चार

# तुलसीप्रसाद न्यौपानेका कथागत प्रवृत्ति

## ४.१ विषयप्रवेश

तुलसीप्रसाद न्यौपानेले वि.स. २०२३ सालदेखि विधागत रूपमा नै कथा क्षेत्रमा कलम चलाएको पाइन्छ । आफूले रचना गरेको कथालाई सङ्गृहीत गरी वि.स. २०६४ श्रावण महिनामा **मान्छेका कथा** कथासङ्ग्रह प्रकाशित भएको थियो । उक्त **मान्छेका कथा** न्यौपानको आफ्नो निजी कथासङ्ग्रह हो । **मान्छेका कथा**मा रहेको एक्काइसवटा कथामध्ये एउटा कथा *आन्दोलन, संस्कार* र *लोग्ने स्वास्नी* वि.स. २०६६ सालमा प्रकाशित **पुस्तान्तर** कथासङ्ग्रहमा राखेको पाइन्छ । **मान्छेका कथा** कथासङ्ग्रहमा रहेका एक्काइसवटा कथामध्ये अधिकांश आफ्नो भोगाइ अनुभव र विचारबाट रचना भएको पाइन्छ, भने दुईवटा कथा विश्वसाहित्यमा चर्चित कथाक्षेत्रका कथाकारहरू मार्कट्वीनको 'असत्यको प्रभुत्व' र मोपाशाँको 'जवाफ' लाई अनुवाद गरी प्रस्तुत गरेका छन् ।

यसरी आफ्नो जीवनमा आफूले भोगेका, देखेका, सुनेका र पढेका, कुराहरूलाई लेख्दै पाण्डुलिपिका रूपमा थन्काउँदै आएका कथाकारले चारवटा कृति प्रकाशन पश्चात् वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग, भरतपुर चितवनको स्नाकोत्तर तह द्वितीय वर्षको पाठयांश परिपूर्तिका लागि दशौं पत्रको प्रयोजनार्थ छात्र चेतनाथ पन्तले जीवनी व्यक्तित्व र कृतित्वको अध्ययनको प्रस्तावपछि भने आफ्नो दराजका पाण्डुलिपिलाई छापाखाना देखाउँदा वि.स. २०७० सालमा **नसम्झिएका कथाहरू** कथासङ्ग्रह बन्न पुग्यो ।

कथाकार तुलसीप्रसाद न्यौपानेले रचना गरेका **नसम्झिएका कथाहरू** दास्रो कथासङ्ग्रह हो । यस कथासङ्ग्रहमा रहेका बीसवटा कथाहरू मध्ये अठारवटा कथा आफ्नै विचारबाट, आफ्नै भोगाइबाट, नारीको मनोभावनाबाट, समाजको विकृतिबाट, विदेशी संस्कारले नेपाली सस्कृतिमा पारेको प्रभावबाट गाउँघरको अशिक्षित समाजमा जरो गाढेर बसेको रुढीवादी परम्पराबाट, देशका धनाढ्य परिवारको परिवेशबाट, धनी र गरिब बीचको वर्गीय विभेदको खाडलबाट, यौनकुण्ठाबाट महिलामा देखिने समस्याबाट, यौनकै कारणले समाजमा घट्ने जघन्य अपराधबाट देशको आर्थिक, राजनैतिक अस्थिरताले देखाएको

समस्याबाट प्रेरणा पाएर कथा रचना गरेको र कथामा त्यसको छाप परेको पनि कथाकार बताउछन्, भन्ने **नसम्झिएका कथाहरू** कथासङ्ग्रहमा नै रहेका अन्तिम दुई कथाहरू भने आफूले विश्वमा चर्चित हुन पुगेका जो कोही साहित्यकारहरूको पनि विश्व प्रख्यात कृति पढ्ने गरेको र त्यस मध्येमा मार्कटवीन, मोपाशाँ, मेक्सिम गोर्की पनि रहेका छन् । गोर्कीले नै रचना गरेको चिट्ठाको टिकट कथाबाट आफू प्रभावित भइ कथा अनुवाद गरेको कथाकारले बताएछन् । कथाकार नेपाली साहित्यमात्र नभई विदेशी साहित्यबाट पनि प्रभावित भएर आफूले धेरै कथा अनुवाद गरे पनि आफ्नो जतन गर्ने राम्रो बानी नभएकोले यसै कथासङ्ग्रहमा २०औँ अङ्कमा रहेको कथा अनुवाद गरेको भएपनि कसको कथा कहिले अनुवाद गरेको भन्ने कुरामा समेत कथाकार अलमलमा परेकाले  कथाको अन्त्यपछि एक छोटो अनुच्छेदमा कथाकारले उल्लेख गरेका छन् । **पुस्तान्तर** उनको संयुक्त कथासङ्ग्रह हो । उक्त कथासङ्ग्रहमा गोरखा जिल्लाका साहित्यिक स्रष्टाहरूको संयुक्त कथा रहेको पाइन्छ । यस कथासङ्ग्रहमा **मान्छेका कथा** कथासङ्ग्रह रहेको *आन्दोलन* र दुईवटा मौलिक कथा न्यौपानेले रचना गरेका हुन् । यो कथासङ्ग्रह वि.स. २०६६ सालमा प्रकाशित भएको पाइन्छ ।

यी तीन **मान्छेका कथा, नसम्झिएका कथाहरू, पुस्तान्तर** संयुक्त कथासङ्ग्रह, **मनको लहर, बिर्सिएका कविता महादेशीय यात्रा** निवन्धको सफलता पश्चात् कथाकारले थुप्रै कथा रचना गरेर छापाखाना पठाइ सकेकाले छिट्टै बजारमा आउने कुरासमेत जानकारी दिएका छन् (साहित्यकारसँगको अन्तरवार्ताबाट) ।

कथा लेख्ने, प्रकाशन गर्ने पत्रिकामा दिने, प्रकाशित रचनाहरू एकपटक पढ्ने तर सङ्कलन गरेर राख्ने बानी नभएकाले पनि आफ्नो कथायात्राको कहिले र कुन कथाबाट भयो भन्न नसक्ने कथाकार बताउँछन् । आफ्नो कथा प्रकाशित गर्नका लागि साहित्यकार शिव रेग्मीले सङ्कलन गरेर राख्नुभएका पूर्वप्रकाशित कथाका फोटोकपी, कटिङ आफूले ल्याएको तर ती सामग्रीहरू नष्ट भएकाले आफू झन् अलमल परेको कुरा कथाकार बताउँछन् । अतः यहाँ न्यौपानेका त्रिचालीसवटा कथालाई हरेक कोणबाट दृष्टि लगाउने प्रयास गरिएको छ ।

## ४.२ यौनमनोवैज्ञानिक कथाकार

फ्रायडवाद अनुसार मानवमनको गत्यात्मक पक्षलाई इद, अहम् र पराहम गरी तीन भागमा बाँडिएको हुन्छ भन्ने मनको स्थूल रूपात्मक पक्ष पनि अचेतन, चेतन र अर्धचेतन

गरी तीन प्रकारको मानिएको छ । मानिसभित्रको अचेतन मनोवृति इद हो, यो चेतना शून्य हुन्छ । विचार र विवेकदेखि पर रहन्छ  भने मानिसको चेतन मनोवृत्ति अहम् हो । यसले इदलाई नियन्त्रण गर्दछ । मानिसलाई आदर्शतत्त्व अभिप्रेरित गर्ने मानसिक वृत्ति पराहम् हो । यो नैतिक सिद्धान्तद्वारा सञ्चालित हुन्छ । विवशताले गर्दा व्यक्तिका दमित किंवा अतृप्त इच्छा एषणा मनका सबैभन्दा निम्न स्तरमा अर्थात् अचेतन मनमा जरा गाडेर बस्छन् र मौका पाउने बित्तिकै सक्रिय हुँदै जुर्मुराउछन् ।

नेपालमा वि.पी कोइराला, भवानी भिक्षु, विजय मल्ल, गोविन्द बहादुर मल्ल (गोठाले) र पारिजातले पनि अपनाउँदै आएको यौनमनोविज्ञानलाई कथाकार न्यौपानेले पनि आफ्नो कथाको मुख्य विषयवस्तु बनाएका छन् । जुनसुकै मानिसहरूमा धनी, बलवान मानिस  पनि यौनक्रियाको अगाडि नतमस्तक हुने कुरा पनि कथामा कथाकारले चिरफार गर्ने प्रयास गरेको देखिन्छ । कथाकारले यौनमनोविज्ञानलाई प्रस्तुत गर्दा पुरुष यौनलाई भन्दा नारी यौन कुण्ठा, कामवासना, दमित इच्छालाई बढी देखाएका छन् जस्तै **मान्छेका कथा** कथासङ्ग्रहभित्र सङ्गृहीत *सुर्खेतकी सुन्दरी* कथामा “यहाँ त राम्रो मान्छे देख्न पनि पाइँदैन कुरा गर्न पनि नपाइने”, “मेरो बुढो गएको धेरै भयो ........” ऊ बोल्दै जान्छे र मेरो हातमा बेस्सरी अचेट्छे (पृ. २३) । “हेर्नुहोस्, हामीले कमसेकम कुरा गरेर मात्र भने पनि मनलाई सन्तुष्ट पार्न खोज्छौ” (पृ. २४) । “जवानी सधै आउदैन एकवारको जुनी हेर्नुस्न हाम्रो खसम त बिहे गरेर सातै दिनमा विदेश गयो २ वर्ष भयो भेट्न पाइँदैन सम्झेर मात्र बस्यो” (पृ. २४) । “हिजो राती हामी कति कुरा गर्‍यौं तपाई डरायो हामी त दुवै तयार थियौं नि !” (पृ. २५) । ती युवती देख्दा मनमा कुतकुती लागेको थियो भन्ने जस्ता वाक्यहरू यस कथाका ज्वलन्त उदाहरण हुन्, यी वाक्यहरूका प्रयोगले पूर्ण कथालाई नै यौनमनोविज्ञानको कोटीमा राखेको छ ।

**मान्छेका कथा** सङ्ग्रहभित्र रहेको *लीना* कथा पनि यौनमनोविज्ञानमा आधारित कथा हो । जब यस कथामा सुवोधले एउटी सुन्दरी केटी लीनालाई देख्छ, तब उसका मनमा विभिन्न भावहरू उत्पन्न हुन्छ । लीनालाई बिहे गर्ने, अमेरिका जाने, अमेरिकामा मोज मस्ती गर्ने तर यो उसको कल्पना मात्र रहन्छ किनभने यो सब उसको यौनमनोविज्ञानका कारण उसका मनमा नकरात्मक भाव देखा परेको हो । अङ्ग्रेजी बोल्न सक्ने सुवोधसँग परिचय गरेपछि एक अर्काले साथी बनाउँछन् । एक आपसमा हेलमेल भएपछि केही

यौनमनोवैज्ञानिक भाव देखा पर्दछ । यस लीना कथाका केही उल्लेखनीय यौनमनोविज्ञानका उदाहरण देख्न सकिन्छ जस्तै- "असजिला ठाउँहरूमा लीना सुवोधको हातको सहारा लिन्छे सुबोध आफूलाई करेन्ट लागेको जस्तो अनुभव गर्छ" (पृ.८) । लीनाले आफूलाई अङ्कमाल गर्दा लीनाको शरीरबाट मिठो वासना आयो । लीना सधैँ जोडिएर सुत्न अनि विस्तारै आफ्ना हातहरू लीनाका अङ्गहरूमाथि चलाउँछ । तपाइँलाई सेक्सको इच्छा भए जस्तो छ आदि ।

**मान्छेका कथा** सङ्ग्रहभित्र सङ्गृहीत अर्को यौनमनोविज्ञानमा आधारित कथा *दरवारकी कली* पनि हो (पृ.१०) ।'दरबारकी कली' कथाका दुई पात्र अजया र विजया दुई युवतीहरूमा यौनका गुणहरू पूर्ण भइसकेका थिए । उनीहरूले आफूभन्दा कम उमेरका यौनअपरिपक्व केटाहरूलाई अङ्गालो मारेर, कोठाभित्र थुनेर एक आपसमा जिस्किएर यौनमनोविज्ञानको भाव अगाडि बढाएका छन् । यस कथामा प्रयोग भएका यौनसम्बन्धी केही वाक्यहरूलाई उदाहरण स्वरूप यहाँ देखाउन सकिन्छ, जस्तै- "युवतीहरू साह्रै चन्चले छिल्लिएका एउटा एउटाले एउटा एउटा केटालाई अंगालो हाल्ने" (पृ.४९) । "मेरो अल्लारे बुद्धि हाम्रो दरवारमा एउटा माली थियो साह्रै राम्रो, उसको गर्भ रहन गयो" (पृ.४४) । "अजयाले भोटुलाई खुब आँखा गाढेर हेरिन् र अङ्गमाल गरिन्, भोटु डरायो । उसले यस्तो अनुभव कहिल्यै गरेको थिएन" (पृ.४८) भन्ने जस्ता भनाइ र संवादबाट दरबारमा एउटा धनाढ्य परिवारकी छोरीमा उत्पन्न सेक्स हर्मोनका कारणले ठूला ठूला अपराध हुने कुरालाई देखाउन कथाकार यस कथाका माध्यमबाट सफल भएका छन् ।

कथाकार न्यौपानेको अर्को महत्वपूर्ण यौनमनोविज्ञानमा आधारित कथा 'पाँच वर्ष अघिको परिचित आवाज' हो । यसमा आफ्नो श्रीमान् कमाइको लागि हिन्दुस्तान तिर जाँदा घरमा बस्नुपरेकी उसकी श्रीमतीले श्रीमान्को पर्खाइमा बस्दा बस्दा थकित भई परपुरुषसँग यौनक्रीडामा बाँधिएर आफ्नै यौन छटपट्टीलाई मेटाएपछि आफ्नो श्रीमान् घर आएको घटना देखाउन कथाकार सफल भएका छन् । एउटा पूर्ण फक्रिएकी युवतीले आफ्नो श्रीमान् पर्खदा कस्तो पीडा हुन्छ भन्ने कुरा यी अंशबाट पनि बुझ्न सकिन्छ । हामी मात्र लोग्ने कुर्छौं उनीहरू किन सक्थे । पोइल ......धत्...... कस्तो नजाती कुरा किन मनभरि भइरहेछ (पृ. ३८) । पाँच वर्ष सम्म कुरेँ, ऊ कति वटीसँग ...लोग्ने मानिस हो (पृ. ३९) । "चमेली आफ्ना लोग्नेको अङ्गालोभरि.... आहा ! आनन्द !!!" (पृ. ३९), तन्नेरी दिनहरू लोग्नेसँग

शरीर सिरिङ्ग हुन्छ (पृ.३९) । चाहना तीब्र लोग्नेको गन्ध नाकभरि, बोल्नै नहुने बोलीमा शङ्का हँसाइमा शङ्का (पृ.३९) आदि ।

त्यस्तै *जवाफ* कथा पनि यौनमनोविज्ञानमा आधारित कथा नै हो । 'जवाफ' कथामा रहेका एक दम्पत्तिमा जब श्रीमान्ले परस्त्रीसँग आलिङ्गनमा बाँधिएर आफ्नी घरकी श्रीमतीलाई बेवास्ता गर्न थालेपछि घरकी श्रीमतीले पनि श्रीमान्को यौन चाहना बढ्दा श्रीमतीलाई सेक्स प्रस्ताव गर्छ तर श्रीमतीले श्रीमान्को सेक्स प्रस्ताव अस्वीकार गरी विभिन्न सर्तहरू राख्छे यौन चाहनाले चुर्लुम्म डुबेका पुरुष सर्त मान्न बाध्ये हुन्छ भन्नेकुरा यी संवाद तथा बाक्याशंले पनि देखाउन खोजेको छ । जस्तै- "मर्द जब भोका हुन्छन् असल खराब जस्तो पनि खानेगर्छन् ।" (पृ. ८२) । "हिसाब गरेर हेर तिम्रा प्रेमीका धेरै छन् की मेरा, मेरो प्रेमको अधिकारवाला व्यक्ति तिमीभन्दा ज्यादा संयमी, ज्यादा सुन्दर र ज्यादा साहसी हुनु पर्छ भन्ने मेरो चाहना छ" (पृ. ८१) । आज तिमी असीम सुन्दरी देखिन्छ्यौ अब मैले तिमीलाई प्रेम गर्नथालें (पृ. ८२) । "प्रत्येक छ महिनामा पाँच हजार अन्यथा अरू कसैको खोजी गर्नु" (पृ. ८४) । भन्ने भनाइहरू नै यस कथाको मुख्य अंश हो ।

**नसम्झिएका कथाहरू** कथासङ्ग्रहभित्र रहेको *रेखा* कथामा एउटी परस्त्री कोठा गरेर बसेकी त्यही युवतीलाई देखेपछि युवकमा भित्रभित्र प्रेम र यौनचाहना बढ्दै जान्छ । त्यो कुरा रेखाले पनि स्वीकार गर्छे । रेखा र त्यो केटा बीचको प्रेम चिठी पत्र हुँदै केटाको साथी समक्ष पनि पुग्छ । रेखा र युवक बीचको प्रेम यौन चाहना र विपरीत लिङ्गीप्रतिको आकर्षणले चुर्लुम्म डुबेका हुन्छन् । यस कथामा यौन मनोविज्ञानको प्रयोग भएको छ भन्ने देखाउन प्रयोग भएका केही संवाद, वाक्य र भनाइहरू उदाहरण स्वरूप देखाउन सकिन्छ । जस्तै- "मेरा कलेजमा कयौं राम्रा केटीहरू छन् मलाई कुनै पनि मन पर्दैनन् तर तपाईको सौन्दर्यले म बाँधिएको छु" (पृ. ३९) । "उसलाई सुन्दरता र आत्माको आनन्द केहीले छुन सक्दैनथ्यो" । "हुन त तपाई बसेको घरमा अरू पनि युवकहरू छन् तर तिनको हाउ भाउले पटक्कै मन परेन तपाई मात्र एउटा भलादमी देखें" (पृ. ३९) तर ऊ एउटी विवाहित केटी हो भन्ने कुराको बास्तविकता युवकको साथीबाट थाहा हुँदा युवक नतमस्तक हुन्छ । उसको मस्तिष्क शब्दतिर ध्यान दिनुभन्दा पनि रेखाको अङ्ग प्रत्यङ्ग नियाल्दामा व्यस्त भइदिन्थ्यो भन्ने वाक्यबाट पनि युवकले कति चाहन्थ्यो भन्ने कुरा प्रष्ट पर्न जान्छ ।

यौनमनोविज्ञानमै आधारित भएर लेखिएको धेरै कथाहरूमध्ये *रोदिघरमा* शीर्षक कथा पनि एक महत्त्वपूर्ण कथा हो । यस कथामा श्रीमतीलाई घरमा छोडेर विदेश गएर पछि भर्खरै यौनअवस्थामा रहेकी श्रीमतीलाई छाडेर विदेश गएका श्रीमान्‌को यादमा वर्षौं वर्ष सम्म कुर्नु पर्ने युवतीलाई श्रीमान्‌को यादले, यौनपीडा र यौनकुण्ठाले सताउने कुरालाई कथाकारले चटक्क मिलाउन सक्षम भएका छन् । यस कथामा यौनमनोविज्ञन झल्काउने केही अंश यहाँ उल्लेख गरिएको छ । जस्तै-प्रत्येक बैंसालु त्यहाँ पुग्नै पर्छ ।, रात उसैको लागि हो । माइली गाला मुसार्न थाल्छे (पृ.४१) । आज उसलाई लाहुरेको झभल्को एउटा केटाले ल्याइदियो पोइ एउटा आवश्यकता बैंसमा त हो, पोइ चाँहिने अहिले यस्तो बैसमा नपाएको पोइ पछि ....... सपनाको पोइ त्यो व्यर्थ (पृ.४२) । आज पनि हिजोको केटाको सम्झनाले माइली सबै तिर आँखा कुँदाउँछे (पृ.४२) । यताउता हेर्छे हेर्दाहेर्दै उसका आँखा हिजोको युवकमाथि पर्दछ । ऊ मजाले हाँसिदिन्छे र नजिकै गएर भनिदिन्छे म तिमीलाई माया गर्छु (पृ.४३) आदि ।

त्यस्तै *बिर्सिएको व्याथा* कथाले पनि विषयवस्तु यौनलाई नै जोडेको छ । यस कथामा पढाइका लागि काठमाडौं गएका होस्टेलमा बसेका केटीहरूको यौनकुण्ठाको दर्दानक स्थितिलाई देखाउने प्रयास गरेका छन् । जव युवती हरूमा यौनचाहना बढेपछि जस्तो सुकै मान्छेसँग पनि समाहित हुन सक्छन् भन्ने यौनमनोविज्ञानलाई यस कथाकी प्रमुख नारी पात्रको क्रियाकलापबाट बुझ्न सकिन्छ । तर यस कथाकी पात्र आफ्नो कमजोरी लुकाउन विभिन्न वाहना बनाउँछे र सफल पनि हुन्छे । यस कथामा यौन भाव झल्काउने बाक्यहरूलाई यसरी प्रस्तुत गर्न सकिन्छ । रोशनी जस्तै एक युवतीसँग त्यो मान्छेको सम्बन्ध रहेछ, कुनै सेक्स हाउस पुऱ्याउने (पृ.१७) । हिजो आजका ठिटाहरू र ती बुढाहरू बसमा पनि शरीरको स्पर्श नगराई छाड्दैनन्, जसले मलाई आगो नजिकैको घ्यु बनाइरहेझैं अनुभव गराएको छ (पृ.१५) । **नसम्झिएको कथाहरू** कथासङ्ग्रहमा रहेको *अन्तर वेदना* कथामा पनि यौनमनोविज्ञानको झलक पाउन सकिन्छ किनभने आफ्नो श्रीमान् बुढो भई आफूलाई यौनसन्तुष्टि दिलाउन नसकेपछि गाउँका, छरछिमेकका आवरा गुण्डा केटाहरूलाई दिउँसै घरमा ल्याई मोज मस्ती गर्ने गरेको विषयवस्तु यस कथामा रहेको छ । यस कथामा प्रयोग भएका लामा छोटा यौनका झलक देखाउने वाक्यहरू यसप्रकार छन् - जस्तै- मोजमजा गर्न थालें तरुनीहरू मेरा पैसामा हुत्तिन थाले (पृ.१०) । ऊ साह्रै राम्री थिई ।

खुलेआम तन्नेरी घरमा झुलाउन थाली (पृ. १०) आदि । त्यसै गरी 'ऊ साह्रैराम्री छे' पनि यौनमनोविज्ञानमा आधारित कथा हो । भर्खरै किशोर अवस्थामा प्रवेश गरेका छात्राहरूको रूप र सौन्दर्यबाट प्रभावित भएर विभिन्न वाहाना गर्दै गणेश मास्टर मालतीलाई यौनक्रियाकलापमा फसाउन सफल भएको छ । ट्युसन पढाउने वाहनामा निरन्तर यौन क्रियाकलापमा संलग्न भएका यी दुईबाट मालतीको कोखमा गर्भ रहन जान्छ । यी सब हुनु विपरीत लिङ्गीप्रतिको यौनचाहना नै हो । यस कथामा प्रयोग भएको यौन सम्बन्धी वाक्यहरू यस प्रकार छन्: मालतीले कयौं रक्सीका ओठहरूसँग माडिन पर्ला भन्ने सोचेकी थिइन होली । शिक्षित व्यक्तिबाट त्यति निस्ठुरी चुसाई, ऊ आगो नजिकैको घ्यु झैँ पग्लिदिई । मास्टर साहेव मभित्र त के के भए झैँ लाग्छ । मान्छे छ मान्छे तपाईको मान्छे (पृ.२५) । यो सब हुनु यौनमनोविज्ञानको कारण नै हो भन्न सकिन्छ । अर्को मनोविज्ञनमा आधारित कथा *रमेश* हो । *रमेश* कथामा पनि यौनमनोविज्ञनका कारणले एक साथीले अर्को साथीलाई आफ्नी श्रीमतीसँग शङ्का गर्न पुग्छ यस्तो शङ्का गर्नु पनि यौनमनोविज्ञान कै कारण हो भन्न सकिन्छ । *मन भाँचिएपछि* शीर्षक कथा यौनमनोविज्ञानमा आधारित कथा हो । यसमा एउटी युवती यौवन उमेरमा नै श्रीमान्को मृत्यु भएपछि आफ्नै देवरलाई आफ्नो श्रीमान् बनाउने चाहना भाउजूमा बढ्दै जान्छ यदि उसमा यौनचाहना बढ्ने थिएन भने पक्कै पनि देवरलाई यस्तो रूपमा हेर्ने थिइनन् । आफूले देवरलाई श्रीमान्को रूपमा स्वीकार गर्न तयार हुँदा देवरले अर्को केटीसँग विहे गर्ने निणर्यले गर्दा घर छोडेर हिड्नुको कारण पनि यौनमनोविज्ञान नै हो भन्न सकिन्छ ।

नसम्झिएका कथासङ्ग्रहभित्र रहेको 'भ्रमित' अर्को यौनमनोविज्ञानमा आधारित कथा हो । यस कथामा एउटा जवान केटाले आफू जवान र सुन्दर भए पनि एउटी केटी साथी बनाउन नसक्नुमा पछुतो लागेको छ । केटी साथी बनाउने दाउले बाटोमा हिडेकी केटीको पछि लागेर शहरको रोडरोडमा हिँड्दै जानु मनमा उत्पन्न यौनचाहनाको विकराल रूप हो भन्न सकिन्छ । आफ्नो मनमा यौनचाहना बढ्दै गएपछि आफ्नै भतिजीलाई पनि नचिनेर पिछा गर्नु यौनमनोविज्ञनको नमूना नै हो भन्न सकिन्छ । यस कथामा प्रयोग भएको यौनमनोविज्ञान झल्काउने केही नमूना वाक्य यस प्रकार छ जस्तै- उनीहरूले लगाएको पोसाक, कपालको पछाडि झरेको सलसलाउँदो दृश्य, चिटिक्क परेको शारीरिक बनावटले

ऊ झन् आकर्षित बन्यो (पृ. ४७) । यी माथि उल्लेख गरिएका वाक्य र संवादको प्रयोगले कथाकार यौनमनोविज्ञानका प्रयोक्ता हुन् भन्न सकिन्छ ।

## ४.३ नारीवादी कथाकार

नारीवादी कथालेखन न्यौपानेको अर्को महत्त्वपूर्ण विशेषता हो । उनका अधिकांश कथाहरूमा नारी पात्रलाई केन्द्रीय पात्रको रूपमा उभ्याइएका छन् । उनका कथामा नारीहरूले भोग्नु परेको अन्याय, अत्याचार, यौनशोषण, यौनकुण्ठा, आफू सक्षम हुँदा हुँदै श्रीमान्ले गर्ने अर्को विवाह, श्रीमान्ले परस्त्रीसँग राख्ने अबैध यौनसम्वन्ध, फक्रिसकेकी युवतीलाई एक चिम्टी सिन्दूरको बन्धनमा राखेर श्रीमान् विदेश हुँदा परपुरुषले गर्ने कु-व्यवहार, आफ्नो देशमा मात्र होइन परदेशमा रहँदा समेत आफ्नै नेपाली दाजुभाइबाट लुटिनु पर्ने नेपाली नारीको समस्यालाई मुख्य विषयवस्तु छनौट गरी कथा छोटो मिठो बनाएका छन् । उनले लेखेका *आमा बन्ने रहर, लीना, ऊ एक्लै रुन्छे, धोखा, प्रतीक्षा, जवाफ, लोग्नेस्वास्नी, मृत्यु किन ?, सुर्खेतकी सुन्दरी, अधुरो सपना, अन्तरवेदना, मनस्थिति, ऊ साह्रै राम्री छे, रेखा, मृत्यु किन ?, रोदिघरमा, मन भाँचिए पछि* आदि उनको नारीप्रधान कथा हो । यी कथामा छताछुल्ल रूपमा नारी वेदना पाउन सकिन्छ ।

यी कथाहरूमा नारीलाई प्रमुख पात्र, नारीचरित्रको बयान, नारी समस्या र नारीलाई प्रधान बनाएर अन्य कथामा नारीलाई सहायक बनाए पनि नारीलाई नै उजिल्याउने प्रयास भएको देखिन्छ । *आमा बन्ने रहर* कथामा एउटा नारीभित्र मातृ बात्सल्यता कतिरहन्छ भन्ने देखाइएको छ तर ती चाहनालाई नेपालमा चलेको दश वर्षे द्वन्द्वले एकाएक दुखमा बदले पछि नारीको चाहना चाहनामा मात्र सीमित हुँदा नारीले पिडाको घाउ सहन नसकेर बेहोस हुन पुगेको घटना देखाइएको छ । त्यसैले नारीको समस्या, व्यथा, पीडा, खुसी र चाहना देखाउन यो कथा सफल भएको छ भन्ने देखाउन प्रयोग गरिएका केही वाक्यहरू जस्तै- नीतिलाई आमा बन्ने रहर पुरा भएको छ (पृ. ११) । हैन हैन नीति तँ दुई जिउकी भएकी छस् धेरै कडा काम गर्नु हुँदैन, आज रोपाँईमा पनि नगएर घरै बसे हुँदैन ?, “त्यसो हो भने गएर खेतलाको हेरविचार गर्ने, खाजाको व्यवस्था गर्ने काम मात्र गर्नू” (पृ. १२), गाग्रीमा पानी ल्याउनु, भैँसीलाई कुँडो पकाउनु, घाँस हाल्नु, भैँसी दुहेर दूध तताउनु, दाउरा चिरेर

श्रीमतीलाई सघाउनु अदि यस कथामा कथाकारले नारीलाई प्रधानता दिनुको उदाहरण हो भन्न सकिन्छ । त्यस्तै *लीना* कथाकी प्रमुख नारी पात्रको नाम नै लिना रहेको हुन्छ । यस कथामा कथाकारले एउटी विदेशी केटीलाई आफ्नो कथाको प्रमुख पात्र बनाएर उसैको चरित्र र उसैको सामाजिक व्यवहारलाई विषयवस्तु बनाएर कथालेख्नुले नारीलाई जोड दिएको सोझै देख्न सकिन्छ । त्यसैगरी एउटी युवतीले सेक्सको प्रस्ताव अस्वीकार गरी आदर्श र नैतिकतातिर जोड दिएकोले नारीको सहन क्षमता र महानता पनि यस कथामा प्रष्ट देख्न सकिन्छ ।

लीना संयुक्तराज्य अमेरिकाकी विद्यार्थी नेपालमा आएर सामाजिक कार्य गर्न खटेकी हुन्छे । सोही क्रममा नेपालको शिक्षित एक युवा सुबोधसँग भेट हुन्छ । शिक्षित भएपनि अपरिपक्क व्यवहारले ऊ लीनासँग सेक्स गर्न खोज्दा लीनाको अस्वीकृतिबाट आफै लज्जित हुन पुग्छ भने यस कथाकी लीना सक्षम र सजग नारी पात्र हुन पुगेकी छे । जस्तै- सुबोध त्यो गोरी, कैलो कपाल र खैरो आँखा भएकी युवतीप्रति आकर्षित हुन्छ (पृ. ७) । "कस्ती राम्री गोरी सुन्दरी", "तपाईलाई सेक्सको ईच्छा भएको जस्तो छ, म त्यस्तो काममा तयार छैन" (पृ. १०) । सुबोध केही बोल्न सक्दैन एक किसिमको ग्लानि गर्छ । सुर्खेतकी सुन्दरी कथा कथाकार सरकारी कामको लागि सुर्खेत जाँदा त्यहाँ देखिएका दुई युवतीहरूलाई देख्दा आफूमा उत्पन्न भएको भावनालाई कथा बनाएका छन् भने कति युवतीको कृयाकलापबाट प्रभावित भइ कथा भरि उनीहरूकै चरित्र व्यवहार रूप रङ्ग र ढङ्गलाई विषयवस्तु बनाई त्यही नारी पात्रबाट कथाको नामकरण पनि गरिएको छ । सुर्खेतकी राम्रा युवतीहरू बिहे गरेको सातै दिन पछि श्रीमान्को बिछोडमा बस्नु पर्दा युवतीमा हुने यौनप्यास, यौनकुण्ठालाई यस कथामा देखाइएको छ । जस्तै- जवानी सधै आउँदैन एक बारको जुनी हेर्नुस् त हाम्रो खसम त बिहे गरेको सातै दिनमा पल्टन गयो । दुई वर्ष भयो भेट्नै पाउँदैन । सम्झेर मात्र बस्यो (पृ. २४) आदि । नारी समस्या, पीडा, यौनचाहना, कुण्ठा र समस्या नै हुन् । अर्को 'ऊ एक्लै रुन्छे' कथा पनि नारीप्रधान कथा हो । यस कथा मा एउटी नारी रश्मीको जीवनमा घटेको घटनालाई बृत्तकारीय ढङ्गबाट नारीमा आफ्नो सौन्दर्य मोहका कारण सुपर इगो बढ्दै गएको तर बाँदरले उसको अनुहारमा कोपरेको घटनाबाट उसको घमण्ड चकनाचुर भई पछुताउनु परेको यसमा देखाइएको छ । वास्तवमा ऊ साह्रै राम्री तरुनीमा गनिन्थी, ठूला ठूला आँखा, लामो कपाल, सलक्क परेको पाँच फिट चार इन्च

उचाइ र मिलेको शरीर त्यसमा पनि गोरी सलक्क परेको अनुहार, टलक्क टल्कने टमक्क मिलेको दाँत त्यसैले केटाहरू अनेक वाहानाले कुरा गर्ने सौन्दर्यलाई नजिकबाट हेर्ने(पृ.३३) आदि । बयानबाट पनि थाहा हुन आउँछ की कथामा पक्कै नारीको स्थान ठूलै रहन गएको छ ।

**नसभिएका कथाहरू** कथासङ्ग्रहमा रहेको *मृत्यु किन ?* नामक कथामा पनि एउटी नारीले आफू बाल्यकालमै बहत्तर वर्षको उमेरको बुढोसँग बिहे गर्नु परेको तर आफ्नो जवानी फकेको अवस्थामा विधुवा हुनुपरेको, जवानीको बैशमा आफ्नो मनलाई थाम्न नसकेर हाँस बोल गर्दा देवर सासु-सुराबाट अपमानित भई मृत्युको भुमरीमा पुग्नुपरेको, गाँऊ घरमा अशिक्षा, अज्ञानताका कारणले नारीहरू यस्ता विभिन्न सामाजिक, आर्थिक समस्याका सिकार बन्न पुगेका छन् भनी  सरल, सहज भाषाशैलीका माध्यमबाट देखाउन कथाकार खप्पिस देखिएका छन् । यसका केही नमूनालाई यसमा यसरी देखाएका छन् जस्तै-“हैन जेठा यो त विधुवा पो थिइ त सबै रातो गजब । लोग्ने जिमुवाल थिए, बहत्तर वर्षमा विहे गरे यिनी बालाखै थिइन् (पृ.२) । “बुवा आमा साह्रै दुष्ट सम्पतिका लागि साह्रै लोभी छोरी विहे गर्दा तीनहजार हात भरी” (पृ.२) । कस्ता स्वार्थी आमा बुवा सासु-ससुरा कस्ता स्वार्थी, देवरहरू धनको लागि जीवनसँग  खेलवाड उसलाई पनि आमा बन्ने चाहना हुँदो हो । माया दिने मन काखभरि ... गालाभरि... ओठ... सबै व्यर्थ । त्यो केटी कस्ती कमजोरी सङ्घर्ष किन गर्न सकिन ? हुन त सामाजिक पर्खाल भत्काउन नसक्ने पनि त हुन सक्छे (पृ. ३)  आदि । त्यस्तै उनका *रोदिघरमा, अधुरो सपना* र *ऊ साह्रै राम्री छे* नामक कथामा पनि एउटी नारीले श्रीमान्को पर्खाइमा बस्दा भोगेकी समस्यालाई नै नारी मुख्य पात्र बनाई देखाएका छन् । यस *रोदिघरमा* कथामा नारीको घटनालाई भन्दा मनोविज्ञानलाई चिरफर गर्ने प्रयास कथाकारले गरेका छन् । जब नारीहरूमा आफ्नो श्रीमान्बाट पाउने माया ममता र स्नेह ठीक समयमा पाउँदैनन् त्यसको विकल्प खोज्ने गरेको यथार्थता पनि यस कथामा पाउन सकिन्छ । जस्तै-लाहुरेलाई ऊ असाध्यै माया गर्छे त्यसैले त ऊ पाँच बर्षसम्म पनि पोइल नगई बसेकी । पोइ एउटा आवश्यकता, बैंशमा त हो नि पोई चाहिने, अहिले यस्तो बैंशमा नपाएको पोई पछि ...सपनाको पोई त्यो व्यर्थ त्यसको के..... त्यो पनि राम्रै हो (पृ.४२) । ऊ विचार गर्छे लड्न गएमा ऊ बाँच्नै सक्दैन, उसले आफ्नो शृङ्गार सबै फाल्नु पर्ने छ (पृ.४२) ।

न्यौपानेले रचना गरेका धेरै कथाहरूमध्ये *ऊ साह्रै राम्री छे* कथा पनि एक हो । यस कथामा पनि कथाकारले प्रमुख पात्र नारीलाई नै बनाएका छन् । कथालाई नारीप्रधान बनाउन नारीको रूप सौन्दर्य बयान गर्दै नारी रूप र सौन्दर्यको प्रतीक मात्र होइन मायाममता र सङ्घर्षकी प्रतिमूर्ति पनि हुन् भनि नारी महानतालाई देखाउन कथाकार सफल भएका छन् । एउटी राम्री छात्रामाथि आफ्नै गुरुबाट पनि विभिन्न बाहानाबाट लुटिनु परेको यथार्थ घटना कथाकारले रोचक ढङ्गबाट देखाएका छन् । जस्तै- छोराकी आमा भैसकेपछि पनि मालती साह्रै राम्री देखिन्छे (पृ.२३) । मन भरी अथाहा पीडा भएर पनि हाँसिरहन्छे ।, ऊसको छाला सुकिलो भएर नै ऊ मैलिएकी छे (पृ.२३), राम आफ्नी आमासँग खरको छानामा तारा गनेर बसेको छ (पृ.२३), तर आमाभित्र एउटा ज्वालान थियो, पीडा थियो, के थाहा थियो, र फक्रन लागेको उसको जीवनसँग त्यति निष्ठुरी चुसाई होला भनेर, “मास्टर साहेब मभित्र त के के भए झैं लाग्छ म भित्र त मान्छे छ मान्छे तपाइको मान्छे” (पृ.२५), ऊ हिँडी निकै पर कसैले नदेख्ने गरी हिँडी (पृ.२६) ।

‘अधुरो सपना कथा’ पनि नारीप्रधान कथा नै हो । यस कथामा कथाकारले नारीलाई प्रमुख पात्र बनाई नारीकै खुसी आनन्द र असह्य पीडालाई नारी विद्रोहलाई गाउँले परिवेश देखाएका छन । यस कथाकी प्रमुख पात्र चमेली लाहुर गएको श्रीमान्को यादले राती सपनामा पनि देख्ने र त्यही सपनाको मिठो यादले दिन बिताई रहेकी छे कथाभरी नारीको इच्छा चाहना र समस्यालाई देखाउन यो कथा सफल भएको छ । यस कथा नारीप्रधान हो भन्ने केही वाक्यलाई यहाँ प्रस्तुत गरिएको छ । जस्तै- चमेलीले दश वर्षसम्म एक पटकसम्म पनि उसलाई देखेकी छैन ।, मेरो मुटु आयो की जहाजमा (पृ.४) । “सबै मानिस चाँडै घर तिर लागे पनि हुने अनि आज घाम पनि कति ढिलो हिँडेका होलान्”(पृ.४) । साँच्चै लोग्ने मानिसहरू साह्रै निष्ठूरी हुँदो रहेछन् । श्यामको चिठी सुन्दा-सुन्दै चमेली मुर्छा हुन्छे (पृ.७) आदि । यी वाक्य सबै न्यौपानेका नारीप्रधान कथा हुन् भने यस भन्दा बाहेक अन्य कथामा पनि नारी समस्या, पीडा, वेदना र खुसी उल्लेख नभएको होइन तर यी कथामा जस्तो नारीप्रधानता छरपष्ट भने छैन । त्यसैले न्यौपानेका समग्र कथालाई विश्लेषण गर्दा उनी नारीप्रधान कथाकार नै हुन् भन्न सकिन्छ ।

## ४.४ घटनाप्रधान कथाकार

घटनाप्रधान कथाहरू घटना व्यावारलाई महत्त्व दिई लेखिएका हुन्छन् । यस्ता कथा घटनावलीको बाहुल्य रहेको हुन्छ । जसमा घटनाकै सहायकका रूपमा चरित्र परिवेश आदि

उपस्थित रहेको हुन्छन् । कथाका विषयवस्तुमा सामाजिक यथार्थ, शाहसिक, हिँसात्मक, षड्यन्त्रपूर्ण वा तुच्छ घटनाहरू देखाउने सन्दर्भमा कथाकारले त्यसलाई विभिन्न साहित्यिक ढङ्गबाट देखाउने प्रयास गरेका छन् । यस्ता कथाहरूमा कथानक तत्व नै केन्द्रीय रहेको हुन्छ ।

न्यौपानेका अधिकांश कथाहरू घटना प्रधान छन् । उनका हरेक कथामा समाजका कुरीति, नारीसमस्या, यौनकुण्ठा, वेरोजगारी समस्या, हत्या, हिंशा, राजनैतिक खिचतानी, देशविकासमा कम महत्त्व, आर्थिक पीडाले जन्मिएका परिणाम जस्ता घटनाहरूलाई विश्वसनीय ढङ्गले प्रस्तुत गरिएको छ । उनका कथाहरूमा पात्रहरूको चारित्रिक दोष आर्थिक विषमता, सामाजिक शोषण, कुरीति, कुसंस्कार र अत्याचारको चित्रण गरिएका न्यौपानेका कथाहरू बढी घटनाबहुल छन् । उनका *मान्छेका कथा* कथासङ्ग्रहभित्र रहेका कथामा आर्थिक पीडाले गर्दा पात्रहरू विभिन्न भुमरीमा परेर घटनाको सिर्जना भएको छ । *प्रतीक्षा, ऊ उक्लै रुन्छे, छोराको चिठी, धुपीको फेदमुनी, आन्दोलन,* **पुस्तान्तर** कथासङ्ग्रहभित्र रहेको *लोग्ने स्वास्नी* र **नसम्झिएका कथाहरू** कथासङ्ग्रहभित्र रहेका *मृत्यु किन, ऊ साह्रै राम्री छे, कागको कथा* आदि कथामा पूर्ण रूपमा घटना प्रधान छ भने अन्य कथामा पनि घटना नभएको भन्न मिल्दैन । यी कथामा एक पछि अर्को घटेका घटनाहरू सिलसिलाबद्ध घटे पनि कथाकारले उक्त घटनालाई रैखिक र वृत्तकारीय दुवै ढुङ्गबाट देखाएका छन् ।

*प्रतीक्षा* कथाकी मुख्य नारी पात्र प्रतीक्षाले प्रमुख पुरुष पात्र सरोजलाई आफ्नो बैवाहिक जीवनको लागि अयोग्य भनेको घटनाबाट सरोजमा देखिएको हिनताबोधले उसमा धेरै विकृति आएको छ जस्तै सरोज कमजोर बन्दै जान्छ । ऊ खुब नसालु पदार्थमा लाग्छ, नसामा लागेकाले उसले नसालु साथीहरू भेट्दै जान्छ । घरबाट पैसा माग्ने, पैसा नपाए सामान बेच्ने, अरु अपराध गरेर पनि पैसा लिने र नसा पिउने काममा लाग्छ (पृ.६७) । सरोजलाई अस्वीकार गरेपछि सरोजमा आएको विकृतिले प्रतीक्षामा पनि आत्माग्लानि भएको देखाइएको छ । यसमा रैखिक ढङ्गबाट नै घटना अगाडि बढाइएको छ भने *ऊ एक्लै रुन्छे* भन्ने कथामा पनि एउटा सानो घटनाबाटै मानिसको जीवनमा उल्लेख्य परिवतन भएको छ । *ऊ एक्लै रुन्छे* कथाकी रश्मी आफूले आफूलाई स्माट सम्झन्छे तर एक दिन पशुपतिको दर्शनमा निस्कदा बाँदरले उसमा गरेको हमलाबाट घटेको घटनाले उसको मनलाई विछिप्त

बनाएको छ । मनलाई मात्र होइन रूपलाई कुरूप बनाएको छ । कुरूपताको कारण क्याम्पस जान सक्दिन र ऊ चाहन्छे घर मै कोही भेट्न आओस् तर कोही नआएपछि ऊ आफैं अनुहार ऐनामा हेर्दै रुन्छे । त्यस्तै *धुपीको फेदमुनि* नामक कथामा पनि आफ्नो घरमा पालिएको पप्पि नामक कुकुरको मृत्युको घटनाले एउटी युवतीमा आएको एक्लोपना, धुपीको फेदमा कुकुर गाडेकाले धुपीको बोटप्रति बढ्दै गएको सामिप्यता एकपछि आर्को घटनासँग जोडिएर आएका छन् ।

*मृत्यु किन ?* कथामा पैसाको आशाले आमा-बुवाले कुमारी छोरीलाई बहत्तर वर्षको जिमुवालसँग बिहे गरिदिनु, बिहेगरेको केही समयमा नै श्रीमान्को मृत्यु हुँदा विधुवा बस्नुपरेको आफ्नो जवानीको बासनालाई कामुमा राख्न नसक्दा, कथित सानो जातिसँग आफ्नो नाम जोडिनु र सम्पत्तिका लागि देवरहरू र सासू-ससुराबाट हेलाँ र तिरस्कार हुँदा बिद्रोह गर्न नसकी मृत्युको लागि खोलामा हामफाल्नु परेको घटना, घटनाप्रधान कथाका नमूना नै हुन् । कथाकार कथाका पात्रको चरित्रलाई केलाउनुभन्दा घटनालाई जोड्न बढी प्रखर देखिन्छन् त्यसैले कथाकारलाई घटनाप्रधान कथाकारको संज्ञा दिनु उपयुक्त देखिन्छ ।

## ४.५ प्रगतिवादी कथाकार

समाजभित्रका शोषित, पीडित, मानिसहरूका पिर मर्का, कथा, व्यथा, पीडा र विरहलाई समेटेर समाजमा भएका कु-रीति, कु-संस्कार सामजिक विभेद अन्त्य भई समाज परिवर्तन हुनुपर्छ भन्ने चाहनाका साथ लेखिएका लेख रचनाहरू तुलसीप्रसाद न्यौपानेको प्रगतिवादको मुख्य वीज हो । कथाकार तुलसीप्रसाद न्यौपानेलेसमाजमा आफूले देखेका र भोगेका सामाजिक विकृतिको अन्त्य भई सभ्य समाजको निर्माण हुनु पर्छ भन्ने स्वर ओकलेका छन् । विशेषत तल परेका वर्ग, कथित साना जाति र महिलालाई समाजमा समान स्थान हुनु पर्छ भन्ने भाव उनका **मान्छेका कथा** कथासङ्ग्रहमा रहेका *संस्कार, जीवन, रूपनारायण, विवशता* र **नसम्झिएका कथाहरू** कथासङ्ग्रहमा रहेको *मृत्यु किन ?, ऊ साह्रै राम्री छे, प्रत्युत्तर, पहले, एउटा युवक* आदि कथाहरूमा प्रगतिवादी चिन्तन पाउन सकिन्छ । *संस्कार* कथा समाजमा परापूर्व कालदेखि जरो गाढेर बसेको जातीय विभेदका सिकार बन्न पुगेका दुई शिक्षित जोडी विद्या उपाध्याय र प्रभु शर्मा हुन् । उनीहरू आफू

शिक्षित र सभ्य भएर पनि बुवा आमा र समाजको कु-संस्कारले बिहे रोकिन सक्ने चिन्तामा पुगेका छन् । विद्याको बुवाको स्वीकृति बिना बिहे हुँदा बुवा बेहोस भएकोले यी दुई युवा जोडी झन् सङ्कटमा परेको देखाइएको छ कथाकारले समाजमा रहेको विकृतिलाई यस कथाको माध्यमले स्पष्ट देखाएका छन् भने समाधानको लागि विकल्प भने दिन सकेका छैनन् । यस कथामा रहेका केही प्रगतिवादी झलकहरू यस प्रकार रहेका छन्- प्रभुका बाबु सामान्य स्तरका व्यक्ति थिए भने विद्याका बुवा ठाँट-बाँठ वाला, राणाहरूको छाप परेका, आफूलाई ठूलो स्तरका खान्दानी सम्झने । एक किसिमका सामन्ती संस्कारयुक्त व्यक्ति । जमाना धेरै परिवर्तनशील भइसकेको भएपनि बडा हाकिमको संस्कारमा पुरानै परम्परावादी वडप्पना थियो (पृ. ४) । "डिठ्ठा भन्छन् हामी दार्जिलिङ्गमा बस्दा सबैले सबैको थर बदल्छौ । हाम्रो पुर्खा कामी संस्कारमा रहेकोले हामी कामी हौँ तर मैले आफ्नो थरलाई शर्मा बनाएको थिएँ । उहाँ त्यसलाई मान्यता दिनुहोला जस्तो लाग्दैन" (पृ. ५) ।,"प्रेम र जीवनलाई संकारले जित्नु हुँदैन नमिल्दा संस्कार परिवर्तन हुनुपर्छ बुवाले विरोध गरे पनि एक दिन त स्वीकार गर्नै पर्छ ।" भक्कानिदै भन्छन्- "पानी नचल्नेसँग ...." (पृ. ६) आदि वाक्य संस्कार कथामा रहेको जल्दो बल्दो प्रगतिवादको उदाहरण हो ।

**जीवन कथा**मा गरिबीका कारणले यस कथाको प्रमुख पात्र वीरेकी स्वास्नी मरेकी सात वर्ष भइसकेको छ । छोराहरू जागिरका सिलसिलामा आ-आफ्ना परिवारसहित बाहिर-बाहिरै छन् । छोरीहरू बिहे भएकोले वीरे बूढो एक्लै असहाय जीवन बिताइरहेको छ । त्यस्तैमा एड्स लागेर आफ्ना पति गुमाएकी कान्छी छोरी आफू एड्स बोकेर बुवा कहाँ आउँछे । उमेर छँदा सन्तान जन्मायो, पढायो, बढायो अनि बिहे गरेपछि पर-पर हुने, रोजगारीले गर्दा टाढा-टाढा जानुपर्ने अनि थोत्रो घर कुरेर रोग, भोक र शोकमा डुबेर मृत्युको प्रतीक्षामा बुढेसकालमा एक्लै बिताउनुपर्ने बाध्यताको दर्दानक अवस्था समेटेका छन् । एउटा गरीबमा एक पछि अर्को पीडा र समस्या थपिँदै जाँदा जीवन कस्तो हुन्छ भन्ने कुरालाई यस कथाले प्रष्ट पारेको छ । जीवन कथामा कथाकारले वीरेको जीवन र माग्ने आइमाइको जीवनबाट यस्तो मागी खाने अवस्थाको पुरै अन्त्य हुनुपर्छ भन्ने धारणा व्यक्त गरेका छन् । यस कथामा रहेका केही प्रगतिवादी वाक्यहरूलाई यस प्रकार देखाउन सकिन्छ- हिँजोदेखि खान पाएको छैन एक छाक खाना देउन, एउटी बूढी माग्न आएँछे । "म पनि त अब काम गरेर खान नसक्ने भएपछि यसरी नै मागेर खान पर्छ होला" (पृ. ३०), म सँग

केही छैन म के दिऊँ तिमीलाई । आदि यी बाक्यहरूले समाजमा अझै पनि वर्गीय विभेद रहेको छ त्यसलाई अन्त्य गर्नुपर्छ भन्ने भाव यहाँ देख्न सकिन्छ । न्यौपानेले रचना गरेका धेरै कथाहरू मध्ये प्रगतिवादी स्वर बोकेको अर्को महत्त्पूर्ण कथा 'विवशता' एक हो । यस कथामा गरिबलाई समाजका धनाढ्य व्यक्तिले गर्ने व्यावहारलाई प्रष्ट देखाएका छन् । गरिबको आफ्नो घर व्यवहार परिवार र योजना हुँदा हुँदै पनि अरुबाट सञ्चालन हुनु पर्ने, मिठो मसिनो खानुको लागि दिनभर मेलापात गएर एक छाक खान पनि ठूलै मौका पर्खनु पर्ने स्थिती अझै ग्रामीण समाजमा रहेको छ भन्ने कुरालाई यस कथाका प्रमुख पुरुष पात्र चन्द्रे र प्रमुख नारी पात्र देवकीका माध्यमबाट देखाउने प्रयास गरेका छन् । चन्द्रे, देवकी र साहिँला मुखियाको क्रियाकलापले समाजमा हुनेगरेको बर्गीय विभेद यसमा प्रस्ट देख्न सकिन्छ । यस कथाका केही नमूना उदाहरणहरू- विर्ताको एउटा साने कटेरो गुजाराको लागि एउटा महल समान देखिन्थो, चन्द्रे र देवकीको निमित्त (पृ. ५०) । यी शोषकले जीवनमा सारै निरसता ल्याइदिन्छ । "चामल छैन के के छैन के के चन्द्रे सुन्नै सक्दैन", "आज त मेला जाने र स्वादिलो खोले खाने" (पृ. ५१) । चन्द्रेको हातले पातीले बारेको झुप्प्रो पटक्कै मन पर्दैन र ऊ अहिले त्यता हेर्न पनि सक्दिन (पृ. ५२), भने *रूपनारायण* कथामा पनि समाजमा गरिबीका तथा बेरोजगारीका कारण युद्धमा होमिनुपरेको, युद्धमा होमिएपछि घर तर्फ श्रीमती सुन्तली र दुई छोराको विजोग भएको, सम्पतिको नाममा केही नभएको, त्यसैले विद्रोहमा होमिनु परेको देखाइएको छ । यसमा आफ्नो गरिबीका कुरा सम्झन्छ । उसको एउटा कटेरो घरमात्र छ (पृ. ४८), भन्ने भनाइबाट दर्दानाक स्थिति देखिन सक्छ ।

त्यसैगरी उनको दोस्रो कथासङ्ग्रह **नसम्झिएका कथाहरू**मा रहेको *मृत्यु किन ?, ऊ राम्री छे, पहले, एउटा युवक, अन्तरवेदना* जस्ता कथामा पनि चरम प्रगतिवाद देख्न सकिन्छ । *मृत्यु किन ?* कथाकी प्रमुख नारी पात्र बाल विधुवाले समाजको कुसंस्कारको लागि संघर्ष गर्न नसकेर मर्नु परेको, दलित केटासँग हाँस बोल गर्दा समाजले कुरा काटेको यस कथाले देखाएको छ । लोग्ने जिमुवाल थिए, बहत्तर बर्षमा विहे गरे यिनी बालाखै थिइन् (पृ. २) आदि । यस कथाको नमूना उदाहरण नै हुन् । *ऊ राम्री छे* कथाकी रामेकी आमा सुकिलो छाला भएकैले आफ्नै मास्टर साबबाट मैलिनु परेकोले गाउँछोडी टाढा तार मण्डल छानामा छोरा देलाउँदै पढ्ने उमेरको छोरालाई पनि विद्यालय पठाउन नसक्नु, "पख बा पैसा कमाउँ

अनि तिमीलाई पढाउँला” (पृ. २३) । “छ मास्टर साहेब तर म सँग पैसा छैन र मेरो आमा सँग पनि पैसा छैन म पढ्न चाहन्छु” (पृ. २४) आदि । *अन्तरवेदना* शीर्षक कथामा आफ्नै श्रीमतीले खुलेआम तन्नेरी घरमा भुलाउन थाले पनि आफु बुढो भएकोले केही गर्न नसकेको, श्रीमतीसँग केही सल्लाह गर्दा श्रीमतीबाट आफू पिटिनु परेको दयानीय अवस्था देखाएका छन् । ‘पहले’ कथामा भएको पहले दिनभरी हलो जोतेर थकित भएर घर पुग्दा स्वास्नी भोकले पर्खिरहकी हुन्छे ऊ घर भित्रबाट हाँडी झिक्छ र मकै भुट्छ (पृ.४९) । मुखिनी भात कम खाओस् भनेर पनियाँले मसिनो चोइली बनाएर दिँदा उसलाई दिक्क लाग्छ, (पृ. ४८) भन्ने वाक्यले पनि गरिबीलाई देखाई प्रगतिवादको स्वर ओकेलेको छ । त्यसैले कथाकार न्यौपाने प्रगतिवादी कथाकार हो भन्ने प्रमाण अरू थप जुटाई रहनु नपर्ला ।

## ४.६ सामाजिक यथार्थवादी कथाकार

साहित्य समाजको ऐना हो । तत्कालीन समाज फर्केर हेर्न नसकेता पनि इतिहास र साहित्यको अध्ययनबाट तत्कालिन समाज कस्तो थियो पत्तालगाउन सकिन्छ । किनभने हाम्रो सामाजिक जन-जीवनमा रहेका घटनाहरूलाई सूक्ष्म-सूक्ष्म ढङ्गबाट टिपेर साहित्यको माध्यमबाट जस्ताको त्यस्तै देखाउनु सामाजिक यार्थवादी शैली हो । हुन त न्यौपाने भन्दा धेरै अग्रज कथाकारहरूमा पनि सामाजिक यथार्थवादी शैली व्यापकता पाइन्थ्यो त्यही प्रभावबाट लेखीएका न्यौपानेका कथामा पनि सामाजिक यथार्थवादी प्रवृत्ति पाउन सकिन्छ । उनले लेखेको त्रिचालीसवटा कथाहरूमध्ये केही कथामा नारीमाथि हुने सामाजिक अन्याय, बर्गीय विभेदका कारण हुने सामाजिक भेदभाव कथित जातीय विभेद, भूत प्रेत, बोक्सी, डङ्किनीप्रति गरिने अन्धविश्वास, देशको आर्थिक, सामाजिक राजनैतिक कारणले समाजका युवा विदेश पलायन हुनु परेको समस्या यी सबै समग्रमा सामाजिक यथार्थनै हुन् । न्यौपानेका कथामा यस्तै घटनाको बाहुल्यता पाइन्छ ।

न्यौपाने समाजमा घटेका घटनालाई टपक्क टिपेर कथा बनाउन सिपालु छन् । **मान्छेको कथा** कथासङ्ग्रहमा रहेको *संस्कार, आन्दोलन, दबाव, रूपनारायण, भूतको कथा, सुर्खेतकी सुन्दरी* र **नसम्झिएका कथाहरू** कथासङ्ग्रहमा रहेको *मृत्यु किन ?, ऊ साह्रै राम्री छे, कागको कथा, पहले, अन्तर वेदना* आदि । संस्कार कथामा कथाकारले समाजिक यथार्थ

देखाउन निम्न वाक्यांश प्रयोग गरेका छन् । जस्तै पढेलेखेका युवा जोडीलाई समस्या पर्‍यो के गर्ने ? घर परिवारको स्वीकृति नपाएपछि निकै समस्यामा परे । अर्को अंश बुवाले भक्कानिदै भन्छन्-पानी नचल्ने जातसँग भन्दै उनी पुर्छा भएर जमिनमा ढल्छन् (पृ. ६) । यी वाक्यांश संस्कार कथामा पहिलो पुस्ताको संस्कार र अहिले पढेलेखेका युवापुस्ता बीचको बेमेल हो भन्न सकिन्छ । जुन समाजको तितो यथार्थ हो । अर्को दबाव कथामा विभिन्न बाध्यताले ऊ धनी बन्नका लागि समाजमा भ्रष्टचार जस्तो नराम्रो काममा पनि हातहालेर जेलको चिसो छिडिमा थुनिए पछि पछुताउने दीनानाथ जस्तो सक्षम व्यक्ति देखाउनु सामाजिक यथार्थको थप अर्को पाटो हो । यसै कथामा रहेको दीनानाथ अफिस गए पछि भवानी साथीहरू जम्मा गरेर सिनेमा हल लाग्ने रेष्टुराँ तिर जाने बजार घुमघाम गर्दै नयाँनयाँ कुराहरू हेर्ने गर्दै समय बिताउन थालिन् । दीनानाथ थुनियो भवानीले थाहा पाई, तै पनि यो खबर थाहा पाएर पनि दीनानाथलाई भेट्ने इच्छा गर्दिन (पृ. ५७) । यो वाक्यांशबाट के बुझ्न सकिन्छ भने हाल यो समयमा आइपुग्दा समाजमा पति पीडित महिलाभन्दा पत्नी पीडित पुरुष कम छैन भन्ने समाजको तितो यथार्थ बुझ्न सकिन्छ ।

समाजमा रहेको सामाजिक अन्धविश्वास देखाउन पनि उनको 'भूतको कथा' सफल भएको छ । किन भने भूतको विश्वासले मानिस विरामी हुँदा पनि अस्पताल र औषधि उपचारको साटो चामल, बेसार, कालामासका गेडा, पाँचपैसा आदि राखेर पन्छाउन डाँडा घरे न्यौपानेका घरमा लैजानुले यस ठाउँको सामाजिक यथार्थ देखाउन थप अर्को प्रमाण चाहिँदैन भन्न सकिन्छ । यस कथामा भएका केही नमूना उदाहरणहरू जस्तै- तर पनि कसैलाई त भूतको रोग लाग्ने त्यो भूतलाई खरानीको धुलोले रेखाहरू बनाएर बेसार र अक्षेता मिलााएर पन्छाउनुपर्ने, त्यो भूत पन्छाएपछि रोग पनि ठीक हुने प्रचार भयो ।, अहिले पनि गाउँ गाउँमा रोग पत्ता नलागेर मरेका छन् (पृ. ७१) । धामी, झाँक्री, बोक्सी, भूत जस्ता संस्कारमा मानिस विश्वास गर्छन् (पृ. ७१) ।

**नसम्झिएका कथाहरू** कथासङ्ग्रहमा रहेको *मृत्यु किन ?* कथामा एउटी बालिकाले धन सम्पत्तिका नाममा त्रिहत्तर वर्षको बुढोसँग विवाह गरी बालविधुवा हुनु परेको र धनकै कारण सासू-ससुरा तथा देवरबाट अपमानित भएर कथित तल्लो जातको केटासँग हाँस बोल गर्दा पनि समाज तथा पविरबाट हेलाँ हुँदा मृत्युको मुखमा पुग्नु परेको देखाउनु समाजिक यथार्थको ठूलै प्रमाण हो भन्न सकिन्छ यी यथार्थ हिजो पनि थियो र आज पनि छ भन्न

सकिन्छ यो समाजबाट कहिल्लै बाहिरीन सकेको छैन । त्यसैले उनका सबै कथामा सामाजिक यथार्थवाद नभए पनि धेरै कथामा यथार्थवादका प्रमाण पाउन सकिन्छ ।

## ४.७ सरल, सहज भाषा शैलीको प्रयोग गर्ने कथाकार

तुलसीप्रसाद न्यौपाने साहित्यमा मुख्यतया कथाकारका रूपमा स्थापित भएका छन् । उनले प्रकाशन गरेका त्रिचालीसवटा कथाहरूलाई विश्लेषण गरेर हेर्दा उनका कथामा प्रयोग भएको भाषा सरल सहज भाषाका साथै छोटा वाक्य रहेका छन् । कथामा सरल भाषा, छोटा वाक्य भएकोले पनि कथा वोधगम्य रहेको छ ।

न्यौपानेको केही कथा वृत्तकारीय शैली रहेपनि धेरै कथा रैखिक ढङ्गमा लेखेका छन् । कुनै कुनै कथामा प्रथम पुरुष दृष्टि विन्दु रहे पनि धेरैजसो तृतीय पुरुष दृष्टि विन्दुमा संरचित भएको छ । कथाकार न्यौपानेका कथामा सरल सहज र बोधगम्यता हुँदा हुँदै पनि उनका कथाहरूमा अनहाइजनिक, रेस्टुराँ, लञ्च, मास्टर्स, डिप्लोम्याटिक, यु फ्रम ? युनिभर्सिटी, क्यारियर, प्राइभेट, मास्टर, साइन्स, आइ.एस.सी., कण्डक्टर, इन्टेग्रिटी, डायरी, च्यालेन्ज, कलेज, फिस, इन्च, डाक्टर, टेलिफोन, मोवाइल, प्लाष्टिक, किस, केमिकल, ब्रिटिस रिटायर, रोदी, टर्च लाइट, इन्सोमनिया, मैचा, प्लेन, क्याम्प, मजदुरी, हुलिया, लज, होटल, स्टेज, नर्भस, रिसर्च, प्लेट, ओभरकोट आदि अङ्ग्रेजी वा आगन्तुक शब्द प्रयोग गरिएको छ भने कही स्थानीय भाषाको लवाजको प्रयोग भएकोले भाषा दुरुह पनि देखिएको छ । क्यार, गाँठे, जस्ता शव्दको प्रयोग, अमानक भाषा, अनि साहित्यिक भाषाको प्रयोग जस्तैः “काखभरी ....... गालाभरि ..... ओठ ............. सबै व्यर्थ ।”जस्ता भाषिक प्रयोगले कथाको भाषा मीठो बनेको देखिन्छ । ‘सुर्खेतकी सुन्दरी’ कथामा ‘खाने भए खाऊ पानी सारेर, जाने भए जाऊ माया मारेर’(पृ.२३) जस्तो समाजमा प्रचलित गीत कथामा राखेर लोकोक्ति अलङ्कारयुक्त भाषा प्रयोग गर्नुले भाषिक सुन्दरता बढाएको छ ।‘जीवन’ कथामा रहेको संवादका केही नमूना- ‘बस, तिमी सन्चै छौ ?’ ‘बा के भनौ सन्चै छु ।’ ‘के भएको नि तिमीलाई ?’ खै के हो एड्स’ भन्छन् (पृ. ३२) । ‘धोखा’ कथामा रहेको संवादका केही नमूनाबाट यस कथाको भाषाशैलीलाई नियाल्न सकिन्छ :

‘विनिता हामी बच्चा जन्माउने कुरामा विचार गरौँ’

'किन ?'

'बच्चा भए पछि धेरै झञ्झट र समस्या आउने भएकाले हाम्रो जीवन रमाइलो राख्न बच्चा नजन्माऊँ'

'होइन तिमी किन त्यस्तो कुरा भन्दैछौ ?"म त नारी हुँ, धरतीसरह मलाई एउटा सन्तान त चाहिन्छ । म बाँझो धर्ती बन्न चाहन्न"(पृ.२५) ।'सङ्गीत मोह' कथामा रहेकोटुक्का- उचालेर पछार्नु रउपमा अलङ्कारको प्रयोग - लुकेका प्रतिभाहरू पनि फूलका थुँगा फक्रेझैं फक्रने रहेछन(पृ.७५) । उदहरणीय छन् ।'असत्यको प्रभुत्व'कथामा भएको संवादका केही नमुना-अरु केही भन्नु छ ? मैले ज्यादै रुखो स्वभावमा सोधेँ ।केही भन्नु ? हो ... एकैछिन पख त । अहिले तिम्रो खल्तीमा केही छ ? हो केही चीज छ । रुमाल छ, नोटबुक छ, चुरोट राख्ने बट्टा छ अरु ...। म रूपैयाँको कुरा सोध्दैछु । केही नगद छ ? (पृ. ७७) आदि कथामा प्रयोग भएको उखान टुक्काहरू तथा अलङ्कार आदिले भाषालाई सुनमा सुगन्ध थपे जस्तै भएको छ ।

## ४.८ राजनैतिक क्षेत्रका विकृतिलाई मुख्य विषयका रूपमा अवलम्बन गरी लेख्ने कथाकार

कथाकार न्यौपानेमा पनि राजनैतिक चेतना तीव्र रूपमा भएको कुरा उनले राजनैतिक विषयवस्तु, राजनीतिका घटना, सङ्घर्ष, समस्या, विकृतिलाई अँगाली लेखेका कथाबाट अवगत हुन्छ । न्यौपानेको कथालेखन यात्राको लामो समयमा देशभित्र विभिन्न राजनैतिक परिवर्तनहरू आए । तिनै राजनैतिक घटनाहरूलाई टिपेर न्यौपानेले कथाको सृजना गरेका छन् । उनले देशमा तत्कालीन राजाले चालेको कु-कदम र तत्कालीन ने.क.पा.माओवादीले थालेको जनयुद्धलाई आफ्नो कथाको विषयवस्तु बनाएका छन् । उनको *रूपनारायण* कथामा सरकार र विद्रोहीहरू बीचको युद्ध र त्यसले पुऱ्याएको असर समेटिएको छ भने *आन्दोलन* कथामा राजाले चालेको कु-कदमको बिरोध जनाउँदै समपूर्ण नेपालीले गरेको आन्दोलनलाई समेटिएको छ । त्यस्तै 'कागको कथा'मा देशका ठूला नेताहरूले कुर्चीका लागि गरेको झगडा कुकुरसँग दाँजेर देखाएका छन् । 'रूपनारायण' कथामा रूपनारायणले गरेको बालबच्चा र परिवारलाई छाडेर युद्धमा होमिएको र वीर गति प्राप्त

गरेको तर त्यो खबर घर परिवारमा नआएको घटना उल्लेख छ भने 'आन्दोलन' कथामा आन्दोलनमा उत्रेका नेपाली जनतालाई दयानीय अवस्थामा गाडीमा कोचेर पिट्दै जेलमा पुऱ्याउका छन् । त्यसमा महिला, गर्भवती कोही पनि छुट्न सकेका छैनन्, यसरी कथाकार न्यौपानेले आफ्नो कथाको विषयवस्तु राजनीतिलाई पनि समेटेकोले उनलाई राजनैतिक क्षेत्रका विकृतिलाई मुख्य विषयका रूपमा प्रयोग गरी कथा लेख्ने कथाकार हुन् भन्न सकिन्छ ।

## ४.९ पात्र चयनगत विविधता अवलम्बन गर्ने कथाकार

न्यौपानेले रचना गरेका कथाहरूका आधारमा थप अर्को पात्रचयनगत विविधता पनि देखिएको छ । उनका कथाहरूमा पात्र चयनगत एकरूपता देखिदैंन किनभने उनका कथामा रहेका पात्र ग्रामीण परिवेशका, अशिक्षित, वृद्ध, गरिब, बालबच्चा, युवायुवती, धनाढ्य, शोषक, विदशी, शिक्षितवर्ग, समाजसेवीदेखि हरेक क्षेत्र, वर्गका मानिसलाई कथाका पात्रका रूपमा राखिएको छ । उनका कथामा कथावस्तु, परिवेश, भाषशैली, उद्देश्य अनुसार पात्रको चयन भएको छ । यसरी हरेक तत्त्वलाई सुहाउँदो पात्र छनौट भएकोले पनि पात्र चयनगत विविधता देखिएको हो । न्यौपानेका कथामा एक दुई पात्रदेखि बहुल पात्र समेत कथामा प्रस्तुत भएका छन्, भने सामान्य माग्नेदेखि दरबारिया रहन शहनमा हुर्किएर बैंशले उन्मत्त भएका युवतीहरू, विहे गरेको सातै दिनमा छोडेर विदेश गएका लाहुरे र लाहुरेकी श्रीमती, आफ्नो श्रीमान् हुँदाहुँदै बाहिरी केटाहरूसँग लाग्ने केटीहरू, घरमा आफ्नी श्रीमती भएर पनि परस्त्रीको पछि लागेर हिड्ने केटाहरू, कसैको दबाव अनि धनसम्पत्तिको लोभमा भ्रष्टचार जस्तो कुकाममा लाग्ने कर्मचारी, निरङ्कुशतन्त्रका बिरुद्धमा आन्दोलनदेखि बन्दुक उचाल्ने नेपाली नागरिकसम्म उनको कथामा पात्र रहेका छन् ।

न्यौपानेको **मान्छेको कथा** कथासङ्ग्रहमा रहेको बीसवटा कथा, **पुस्तान्तर** संयुक्त कथासङ्ग्रहमा रहेको **दुईवटा** *र* **नसम्भिएका कथाहरू** कथासङ्ग्रहमा रहेको एक्काईसवटा कथाका पात्रका केही उदाहरण यहाँ देखाइएको छ :प्रभुका बावु सामान्य स्तरका व्यक्ति थिए भने विद्याका बुवा ठाँट-वाँठ वाला, राणाहरूको छाप परेका, आफूलाई ठूलो स्तरका खान्दानी सम्भने । एक किसिमका सामन्ती संस्कारयुक्त व्यक्ति । जमाना धेरै परिवर्तनशील भइसकेको

भएपनि बडा हाकिमको संस्कारमा पुरानै परम्परावादी वडप्पना थियो (पृ. ४) । "डिठ्ठा भन्छन् हामी दार्जिलिङ्गमा बस्दा सबैले सबैको थर बदल्छौँ । हाम्रो पुर्खा कामी संस्कारमा रहेकोले हामी कामी हौँ तर मैले आफ्नो थरलाई शर्मा बनाएको थिएँ । उहाँ त्यसलाई मान्यता दिनुहोला जस्तो लाग्दैन" (पृ. ५) । "प्रेम र जीवनलाई संस्कारले जित्नु हुँदैन नमिल्दा संस्कार परिवर्तन हुनुपर्छ बुवाले विरोध गरे पनि एक दिन त स्वीकार गर्नै पर्छ ।" भक्कानिदै भन्छन्- "पानी नचल्नेसँग ...." (पृ. ६) । आदि वाक्यले दुई फरक वर्ग, जाती र पुस्तालाई प्रतिनिधित्व गर्ने पात्रलाई देखाएको छ । त्यसै गरी लीना कथामा दुई साथी लीना र सुबोधसँगै सुत्दा सुबोधले लीनालाई सेक्सको प्रयास गर्दा प्रयोग भएको वाक्य यहाँ उल्लेख गरिएको छ- "तपाई त्यस्तो नगर्नुस् हामी साथी हो, तपाईलाई सेक्स इच्छा भएजस्तो छ, म त्यस्तो काममा तयार छैन" (पृ. १०) । यस भनाइबाट पनि यहाँ फरक विचार र परिवेशका पात्र देखिन्छ ।

'सुर्खेतकी सुन्दरी' कथामा "यहाँ त राम्रो मान्छे देख्न पनि पाइँदैन कुरा गर्न पनि नपाइने", "मेरो बुढो गएको धेरै भयो ........" ऊ बोल्दै जान्छे र मेरो हातमा बेस्सरी अचेट्छे (पृ. २३) । "हेर्नुहोस्, हामीले कमसेकम कुरा गरेर मात्र भने पनि मनलाई सन्तुष्ट पार्न खोज्छौ"(पृ २४) । "जवानी सधैं आउदैन एकवारको जुनी हेर्नुस्न हाम्रो खसम त बिहे गरेर सातै दिनमा विदेश गयो २ वर्ष भयो भेट्न पाइदैन सम्झेर मात्र बस्यो" (पृ. २४) । "हिजो राती हामी कति कुरा गऱ्यौँ तपाई डरायो हामी त दुवै तयार थियौँ नि" (पृ. २५) । यसकथामा जवानीले यौनधान्न नसकेका लाहुरेकी श्रीमतीहरू पात्रका रूपमा आएका छन् भने म पात्रजस्तो संयमित पात्र पनि यस कथामा रहेका छन् ।'विवशता' कथामा पनि फरक अवस्थाका शोषकदेखि शोषितवर्गका पात्रहरू चयन गरिएको छ जस्तै "यी शोषकले जीवनमा सारै निरसता ल्याइदिन्छ ।" "चामल छैन के के छैन के के चन्द्रे सुन्नै सक्दैन", "आज त मेला जाने र स्वादिलो खोले खाने"(पृ.५१), चन्द्रेको हातले पातीले बारेको झुप्रो पटक्कै मन पर्दैन र ऊ अहिले त्यता हेर्न पनि सक्दिन (पृ.५२),भने 'रूपनारायण' कथामा पनि समाजमा गरिबीका तथा बेरोजगारीका कारण युद्धमा होमिनुपरेको, युद्धमा होमिएपछि घर तर्फ श्रीमती सुन्तली र दुई छोराको विजोग भएको, सम्पत्तिको नाममा केही नभएको, त्यसैले विद्रोहमा होमिनु परेका गरिब पात्र देखाइएको छ । 'पहले' कथामा भएको पहले दिनभरि हलो जोतेर थकित भएर घर पुग्दा स्वास्नी भोकले पर्खिरहकी हुन्छे ऊ घर भित्रबाट

हाँडी भिक्छ र मकै भुट्छ (पृ.४९) । यो वाक्याबाट समाजमा रहेका दयानीय पात्रको प्रयोग भएको देख्न सकिन्छ । **नसम्भिएको कथाहरू** कथासङ्ग्रहमा रहेको *अन्तर वेदना* कथामा पनि मोजमजा गर्न थालेँ तरुनीहरू मेरा पैसामा हुत्तिन थाले (पृ. १०) । ऊ साह्रै राम्री थिई । खुलेआम तन्नेरी घरमा भुलाउन थाली (पृ. १०) । आदि उदाहरणले समाजमा रहेका खराब र असल दुबै पात्र प्रयोग भएको देख्न सकिन्छ ।

त्यसै गरी *ऊ साह्रै राम्री छे* कथामा भर्खरै किशोर अवस्थामा प्रवेश गरेका छात्राहरूको रूप र सौन्दर्यबाट प्रभावित भएर विभिन्न वाहाना गर्दै गणेश मास्टर मालतीलाई यौन क्रियाकलापमा फसाउन सफल भएको छ । ट्युसन पढाउने वाहनामा निरन्तर यौन क्रियाकलापमा संलग्न भएका यी दुईबाट मालतीको कोखमा गर्भ रहन जान्छ । यस कथामा प्रयोग भएको वाक्यहरू यस प्रकार छन्: मालतीले कयौँ रक्सीका ओठहरूसँग माडिन पर्ला भन्ने सोचेकी थिइन होली । मास्टर साहेव मभित्र त के के भए भैँ लाग्छ । मान्छे छ मान्छे तपाईको मान्छे (पृ. २५) । यस कथाका पात्रले पनि कथाकारको पात्र चयनमा विविधता छ भन्ने पाउन सकिन्छ ।

## ४.१० सूक्ष्म परिवेश चित्रण गर्ने कथाकार

कथामा पात्रले कार्यव्यापार गर्ने र घटना घटित हुने जगतलाई परिवेश भनिन्छ । परिवेशभित्र देश, काल र परिवेश पर्दछ । कथा कहिले र कहाँ रचना भएको हो भन्ने जानकारी कथामा प्रयोग भएको परिवेशको आधरमा थाहा पाउन सकिन्छ । कथामा प्रयोग भएको कथानक र परिवेश बीच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ किनभने परिवेश बीना कथाको घटना घट्न सक्दैन । घटना घट्नको लागि समय र स्थान अनिवार्य आवश्यकता रहेको हुन्छ ।

कथाकार न्यौपानेले आफ्ना कथामा परिवेशलाई प्रयोग गर्दा सूक्ष्म अतिसूक्ष्म परिवेशलाई पनि उल्लेख गराएर पाठकलाई कथाको यथार्थता प्राप्त गरेको अनुभूति दिलाएका छन् । कथामा कथाकारले सूक्ष्म परिवेशलाई पनि देखाएर मानिसले आफ्नो जीवनको हरेक पलमा भोगेको कुरालाई पुन स्मरण गराइदिएका छन् । मानिसले आफ्नो जीवनमा धेरै कुराको अनुभव लिएको हुन्छ तर त्यसलाई सामान्य मानेर कुनै वास्था नगरे

पनि त्यसले जीवनमा ठूलै महत्व राखेको हुन्छ । त्यही सानासाना कुराको ठूलै महत्वलाई बुझेर न्यौपानेले आफ्ना कथामा सानासाना परिवेश अर्थात् सूक्ष्म परिवेशलाई उल्लेख गरेका छन् ।

न्यौपानेको चिन्तन एउटै मात्र वाद, एउटै मात्र उद्देश्य नभएकोले पनि उनका कथाको परिवेश सामान्य गाउँले, अशिक्षित समाज, रुढीवादी परम्पराले ग्रसित समाजदेखि सहरिया, दरबारीया हुँदै विदेशी जीवनशैली तथा रहन सहनलाई पनि कथामा परिवेशको रूपमा समेटिएको छ । कथाकारले यस्ता परिवेशको पनि सूक्ष्म ढङ्बाट प्रयोग गरेका केही उदाहरणीय कथालाई यहाँ उल्लेख गर्न सकिन्छ **मान्छेका कथा** कथासङ्ग्रहभित्र सङ्गृहीत *संस्कार, आमा बन्ने रहर, लीना, धोखा, प्रतीक्षा, आन्दोलन, कान्छा मुखिया अकमक्कै, सुर्खेतकी सुन्दरी* र **नसम्झिएका कथाहरू** कथासङ्ग्रहमा रहेका *अधुरो सपना, पाँच रूपियाँको नोट भए, ऊ साह्रै राम्री छे, पहले, रोदिघरमा* अदि ।

माथि उल्लेख गरेका कथामा रहेका केही सूक्ष्म परिवेश चित्रण भएका उदाहरण जस्तैःसमाजमा भूत, बोक्सी, झरफुक जस्ता परम्परावादी परिवेश विद्यमान छ ।आइमाई केटाकेटीहरू त झन् त्यो ठाउँ आएपछि तर्सन्थे (पृ. ६९) । अर्को ‘कान्छा मुखिया अकमक्कै भए’ कथामापनि भूत र अशिक्षाकै परिवेश रहेको छ । “भोलीपल्ट बिहान मैले मन्त्रले बाँधेको ठाउँमा गएर हेरेँ, एउटा ढुङ्गा थियो । त्यो ढुङ्गामा एउटा धागाको त्यान्द्रा भेटियो म त्यो त्यान्द्रा हेर्दै अगाडि बढेँ र नदीको किनारमा पुगेँ त्यहाँ धागो भएको ठाउँमा उदिनेर हेरेको त एउटा हड्डी रहेछ”(पृ. ६३) । यसरी सानासाना परिवेशको पनि यस कथामा चित्रण भएको छ ।

उनको संयुक्त कथासङ्ग्रह **पुस्तान्तर** कथासङ्ग्रहभित्र रहेको संस्कार कथामा एउटी श्रीमतीले श्रीमान्को अनुपस्थितीमा घरमा भएको घटनाका केही उदाहरणी वाक्यहरू “चार बट्टा चुरोट त्यो मैले सधैँ खाने गरेको के, त्यो र चार बोतल वाइन र पाँच बोतल वियर लिएर आइज । आज घरमा तास खेल्ने साथीहरू आउँछन्”(पृ.२२) ।

“फ्रीजमा होला राम्रो सेकुवा बनाएस्, ऐले देखि नै सुरु गर । नोकरलाई आदेश दिन्छे”(पृ.२२) । अर्को विवशता कथामा रहेको परिवेशलाई पनि सूक्ष्म ढङ्गबाट देखाउने प्रयास गरिएको छ :“चामल छैन के के छैन के के चन्द्रे सुन्नै सक्दैन”, “आज त मेला जाने र स्वादिलो खोले खाने” (पृ. ५१) । चन्द्रेको हातले पातीले बारेको झुप्रो पटक्कै मन पर्दैन र

ऊ अहिले त्यता हेर्न पनि सक्दिन (पृ. ५२) । भने 'रूपनारायण' कथामा पनि समाजमा गरीबका कारण युद्धमा होमिनुपरेको, युद्धमा होमिएपछि घरतर्फ श्रीमती सुन्तली र दुई छोराको विजोग भएको, सम्पतिको नाममा केही नभएको, त्यसैले विद्रोहमा होमिनु परेको देखाइएको छ । यसमा आफ्नो गरिबीका कुरा सम्भन्छ । उसको एउटा कटेरो घरमात्र छ भन्ने भनाइबाट दर्दानाक स्थिति र सूक्ष्म परिवेशका चित्रण देख्न सकिन्छ (पृ. ५८) ।

## ४.११ विषयगत विविधतामा रुचि राख्ने कथाकार

तुलसीप्रसाद न्यौपानेका अन्य कथागत प्रवृत्ति भए जस्तै विषयगत विविधता पनि एक हो । विषयगत विविधता भन्नाले आफ्नो कथाहरूमा रहेको विषयवस्तु फरक फरक क्षेत्रबाट समावेश गरिएको हुन्छ मने त्यसलाई विषयगत विविधता भनिन्छ । न्यौपानेले तीनवटा कथासङ्ग्रहमा त्रिचालीसवटा कथा प्रकाशन गरेका छन् । यस मध्यका हरेक कथाको विषयवस्तु विविध भएको पाइन्छ । यी हरेक कथाको विषयवस्तु फरक फरक सन्दर्भमा, फरक परिवेशमा रफरक विचारमा देखिएको छ । न्यौपानेले रचना गरेका कथाहरूको विषयवस्तु यौनसँग सर्न्दभित, गरीब अशिक्षित गाउँलेसँग सर्न्दभित, नारीसँग सर्न्दभित, देशमा रहेको बेरोजगारका कारण युवा विदेश पलाएन हुनु परेको, समाजमा रहेको अन्धविश्वास आदि उनको कथाको विषयगत विविधता हो । **मान्छेको कथा** कथासङ्ग्रहमा रहेको *संस्कार, जीवन, रूपनारायण, विवशता* आदि कथामा गरिबी, नयाँ पुस्ता र पुरानो पुस्ता बीचको बेमेल देखाएको छ । उदाहरणकालागि केही नमूना कथावस्तुहरू यहाँ प्रस्तुत गरिएको छ-संस्कार कथा नितान्त जातीय भेदभावको पृष्ठभूमिमा तयार पारिएको कथा हो । अभिभावकको स्तरबाट विवाहको कुरा नमिले पछि प्रभु र विद्या विचलित नभई सामजिक क-संस्कारलाई चुनौती दिँदै गुह्यश्वरी मन्दिरमा आफैँ गइ दाम्पत्य जीवनमा बाँधिएर आशीर्वाद लिन बडाहाकिम साहेवकहाँ जाँदा उनी मुर्च्छा परेर ढलेका कथावस्तु छ भने'जीवन' कथामा प्रमुख पात्र वीरेकी स्वास्नी मरेकी सात वर्ष भइसकेको छ । छोराहरू जागिरका सिलसिलामा आ-आफ्ना परिवारसहित बाहिर-बाहिरै छन् । छोरीहरू बिहे भएकोले वीरे बूढो एक्लै असहाय जीवन बिताइरहेको छ । थोत्रो घर कुरेर रोग, भोक र शोकमा डुबेर मृत्युको प्रतीक्षामा बुढेसकाल एक्लै बिताउनुपर्ने बाध्यता र विवशता कथामा यस कथामा

गरिबलाई समाजका धनाढ्य व्यक्तिले गर्ने व्यावहारलाई प्रष्ट देखाएका छन् । चन्द्रे, देवकी र साहिँला मुखियाको क्रियाकलापले समाजमा हुनेगरेको बर्गीय विभेद यसमा प्रष्ट देख्न सकिन्छ । यस कथाका केही नमूना उदाहरणहरू विर्ताको एउटा सानो कटेरो गुजाराको लागि एउटा महल समान देखिन्थो, चन्द्रे र देवकीको निमत्त (पृ. ५०) । "चामल छैन के के छैन के के चन्द्रे सुन्नै सक्दैन", "आज त मेला जाने र स्वादिलो खोले खाने" (पृ. ५१) । चन्द्रेको हातले पातीले बारेको झुप्प्रो पटक्कै मन पर्दैन र ऊ अहिले त्यता हेर्न पनि सक्दिन (पृ. ५२) । उनका कथामा नारीहरूले भोग्नु परेको अन्याय, अत्याचार, यौनशोषण, यौनकुण्ठा, आफू सक्षम हुँदा हुँदै श्रीमान्ले गर्ने अर्को विवाह, श्रीमान्ले परस्त्रीसँग राख्ने अबैध यौनसम्वन्ध, फक्रिसकेकी युवतीलाई एक चिम्टि सिन्दूरको बन्धनमा राखेर श्रीमान् विदेश हुँदा परपुरुषले गर्ने कु-व्यवहार, आफ्नो देशमा मात्र होइन परदेशमा रहँदा समेत आफ्नै नेपाली दाजुभाइबाट लुटिनु पर्ने नेपाली नारीको समस्यालाई मुख्य विषयवस्तु छनौट गरी कथा छोटो मिठो बनाएका छन् । उनले लेखेका *आमा बन्ने रहर, लीना, ऊ एक्लै रुन्छे, धोखा, प्रतीक्षा, जवाफ, लोग्नेस्वास्नी, मृत्यु किन ?, सुर्खेतकी सुन्दरी, अधुरो सपना, अन्तरवेदना, मनस्थिति, ऊ साह्रै राम्री छे, रेखा, मृत्यु किन ?, रोदिघरमा, मन भाँचिएपछि,* आदि कथामा करिब करिब विषयवस्तु मेल खान जान्छ । न्यौपानेले रचना गरेका *पुस्तान्तर* कथासङ्ग्रहमा रहेको *संस्कार* कथाका नमूना वाक्यः"अब सुन "तिमी बानी सुधार्ने कि हामी पारपाचुके गर्ने, यो मेरो अन्तिम भनाइ हो ।" "तिम्रा माइतको संस्कार, तिम्रा साथी, मेरो जीवनको मार्गसँग पच्ने म देख्दिन"(पृ. २३) आदि । *आन्दोलन, रूपनारायण, कागको कथा*मा राजनीति र देशको निरङ्कुशतालाई विषयवस्तु बनाएको छ । *रूपनारायण* कथामा सरकार र विद्रोहीहरू बीचको युद्ध र त्यसले पुऱ्याएको असर समेटिएको छ भने *आन्दोलन* कथामा राजाले चालेको कु-कदमको बिरोध जनाउँदै समपूर्ण नेपालीले गरेको आन्दोलनलाई समेटिएको छ । त्यस्तै *कागको कथा*मा देशका ठूला नेताहरूले कुर्चीकालागि गरेको झगडा कुकुरसँग दाँजेर देखाएका छन् । यसरी कथाकार न्यौपानेले आफ्नो कथाको विषयवस्तु राजनीतिको विकृतिलाई पनि समेटेको देखिन्छ । **नसम्झिएका कथाहरू** कथासङ्ग्रहमा रहेको एक्काईसवटा कथामा पनि फरक फरक विषयवस्तु रहेको छ । यी सम्पूर्ण कथाका विषयवस्तुका आधारमा कथाकार न्यौपाने विविध विषयवस्तु छनौटमा रुचि राख्ने कथाकारका रूपमा चिनिन्छन् ।

## ४.१४ निष्कर्ष

तुलसीप्रसाद न्यौपानेको साहित्यिक योगदान विश्लेषण गर्दा उनको कथाकार व्यक्तित्व निकै प्रभावशाली देखिन्छ । न्यौपानेको तीनवटा कथा सङ्ग्रहमा सङ्गृहीत रहेका कथाहरूलाई अध्यन गर्दा विभिन्न किसिमका प्रवृत्तिहरू पाइन्छ । मनोवैज्ञानिक प्रवृत्ति पाइन्छ । मनोवैज्ञानिक प्रवृत्तिमा यौनमनोवैज्ञानिक र त्यसमा पनि नारी यौनमनोवैज्ञानलाई कथावस्तु बनाउनु उनकोप्रवृत्ति देखिन्छ । न्यौपानेको यौनमनोवैज्ञानिक प्रवृत्तिप्रति धेरै नै झुकाब भए पनि अन्य प्रवृत्तिमा उनले कथा रचना गरेका छन् त्यसैले उनलाई नारीवादी कथाकार, घटनाप्रधान कथाकार, सामाजिक यथार्थवादी कथाकार, सरल, सहज भाषाशैली प्रयोग गर्ने कथाकार, राजनैतिक क्षेत्रका विकृतिलाई मुख्य विषयका रूपमा अवलम्बन गरी कथा लेख्ने  कथाकार, सूक्ष्म परिवेश चित्रण गर्ने कथाकार, विषयगत विविधतामा रुची राख्ने कथाकारका रूपमा देखिन्छ ।

# परिच्छेद : पाँच

# सारांश र निष्कर्ष

# परिच्छेद : पाँच

# सारांश र निष्कर्ष

## ५.१ सारांश

यहाँ कथाकार तुलसीप्रसाद न्यौपानेको कथाकारिताका सन्दर्भमा अघिल्ला परिच्छेदमा गरिएका अध्ययन विश्लेषणको परिच्छेदगत सारांश प्रस्तुत गरिएको छ ।

पहिलो परिच्छेदमा **कथाकार तुलसीप्रसाद न्यौपानेको कथाकारिता** शीर्षक शोधपत्रको विषय परिचय, समस्याको कथन, शोधको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, शोधको औचित्य र महत्त्व, शोधकार्यको सीमाङ्कन, सामग्री सङ्कलन विधि, शोध विश्लेषण विधि, शोधपत्रको रूपरेखा उल्लेख गरिएको छ ।

दोस्रो परिच्छेदमा कथाकार तुलसीप्रसाद न्यौपानेको जीवनी र व्यक्तित्व अन्तर्गतका मूलभूत कुराहरू विषयप्रवेश, जीवनी, वंशपरम्परा र नामकरण, बाल्यकाल र उपनयन, शिक्षारम्भ, वैवाहिक तथा पारिस्थिति, आर्थिक अवस्था, उच्चशिक्षा, पेसा, लेखनमा प्रेरणा र प्रभाव, रुचि र स्वभाव, अविस्मरणीय घटना, भ्रमण, संघ-सस्थासँग आवद्धता, सम्मान तथा पुरस्कार, चिन्तन, विचार र दर्शन, व्यक्तित्व (बाह्य व्यक्तित्व, आन्तरिक व्यक्तित्व), साहित्यिक व्यक्तित्व (निवन्धकार व्यक्तित्व, कथाकार व्यक्तित्व, समालोचक व्यक्तित्व, कवि व्यक्तित्व, गीतकार व्यक्तित्व), साहित्येतर व्यक्तित्व (सामाजिक व्यक्तित्व, प्रशासनिक व्यक्तित्व, राजनैतिक व्यक्तित्व) र निष्कर्ष उल्लेख गरिएको छ, जसले न्यौपानेको जीवनी र व्यक्तित्वबारे अध्यनलाई सजिलो बनाएको छ ।

तेस्रो परिच्छेदमा कथाकार तुलसीप्रसाद न्यौपानेद्वारा रचित तीनवटा कथासङ्ग्रहमा सङ्गृहीत त्रिचालीसवटा कथालाई विधा तत्त्वका आधारमा विश्लेषण, विषयप्रवेश, कथातत्त्वको परिचय र निष्कर्ष उल्लेख गरिएको छ । यसबाट कथातत्त्वको जानकारी तथा न्यौपानेका कथा के-कस्ता रहेका छन् सहजै बुझ्न सकिन्छ ।

चार परिच्छेदमा तुलसीप्रसाद न्यौपानेको कथामा पाइने कथागत प्रवृत्ति केलाउन विषयप्रवेश, यौनमनोवैज्ञानिक कथाकार, नारीप्रधान कथाकार, घटनाप्रधान कथाकार, प्रगतिवादी कथाकार, सामाजिक यथार्थवादी कथाकार, सरल, सहज भाषाशैली प्रयोग गर्ने

कथाकार, राजनैतिक क्षेत्रका विकृतिलाई मुख्य विषयका रूपमा अवलम्बन गरी कथा लेख्ने कथाकार, पात्रचयनगत विविधता अवलम्बन गर्ने कथाकार, सूक्ष्म परिवेश चित्रण गर्ने कथाकार विषयगत विविधतामा रुचि राख्ने कथाकार, निष्कर्ष आदि प्रस्तुत गरिएको छ । यसबाट न्यौपानेका कथागत प्रवृत्ति प्रस्ट बुझ्न सकिन्छ ।

## ५.२ निष्कर्ष

कथाकार तुलसीप्रसाद न्यौपाने लामो समयसम्म नेपाली साहित्यमा साधानारत एक विशिष्ट प्रतिभा हुन् । न्यौपानेले साहित्यका विविध विधामा कलम चलाएर नेपाली साहित्यलाई धनी बनाएका छन् । उनले साहित्यका धेरै विधामा कलम चलाए तापनि आफ्नो साहित्यिक जीवनको मुख्य क्षेत्र कथालाई नै बनाएका छन् । उनका केही कथामा यौनमनोविज्ञानको झलक पाउन सकिन्छ भने केहीकथामा नेपालको राजनैतिक, आर्थिक, सामाजिक र व्यक्तिगत समस्याको झलक पनि प्रस्तुत गरेका छन् । गाउँले जीवनको अन्धविश्वासले मस्तिष्कमा पारेको छाप, गरिबहरूको आर्थिक पीडा, शोषक वर्गका अन्याय अत्याचार, नारीका नैसर्गिक इच्छाहरू, व्यक्तिगत समस्याहरू यौन, प्रेम आदिको अति सूक्ष्म गहन तथा संवेदनशील मौलिक विषयवस्तु प्रस्तुत उनका कथामा गरेका छन् ।

सामाजिक यथार्थवादी कथाकारको रूपमा रहेर कथालेख्ने न्यौपानेले कथागत विषयवस्तु पनि ठीक-ठीक छनौट गरेको पाइन्छ । उनको कथाकार व्यक्तित्वको मूल्याङ्कन गर्दा कथागत विषयवस्तु, शैली, उद्देश्य तथा कालगत परिवेशलाई समेत आधार लिइन्छ तर उनको कृति रचनाको वास्तविक समय कहिले हो भन्नेमा स्वयम् कथाकार पनि अनविज्ञ रहेकोले कालगत रूपमा मूल्याकन गर्न कठिन परेको छ । कथाकारले वि.सं. २०२३ सालदेखि कथा क्षेत्रमा कलम चलाउन थालेको पाइन्छ । सोही समयमा नेपाली जनमानसमा भएका सामाजिक यथार्थ चित्रण उनका अघिल्ला कथामा पाइन्छ भने पछिल्ला समयका कथाहरूमा आइपुग्दा उनले विदेश भ्रमण गरेपछि विदेशी संस्कारले पारेको प्रभाव अनि नारीहरूमा शिक्षाका कारण बढेको विद्रोह, शाहस र आँट पनि कथामा देखिन्छ । न्यौपानेले रचनागरेका त्रिचालीसवटा कथा मध्येमा चारवटा अनूदित र उनान्चालीसवटा कथा मौलिक नेपालीपनका छन् । त्यसमध्ये संस्कार शीर्षक दुईवटा भइ मेल खान गएपनि त्यसको

विषयवस्तु भने बिलकुल फरक छ । उनले रचना गरेको त्रिचालीसवटा कथा तीन कथासङ्ग्रहमा प्रकाशन गरेका छन् । जसमध्ये **मान्छेको कथा** कथासङ्ग्रहले बीसवटा कथा बोकेको छ र दोस्रो संयुक्त कथासङ्ग्रह **पुस्तान्तर** कथासङ्ग्रह हो । **पुस्तान्तर** कथासङ्ग्रहभित्र तीनवटा न्यौपानेको कथा रहेको छ । यो पुस्तक गोरखा साहित्यिक मञ्चले २०६६ साल मंसिर १ गते प्रकाशन गरेको हो । तेस्रो **नसम्भिएका कथाहरू** कथासङ्ग्रहले एक्काईसवटा कथा बोकेको छ ।

माथिका त्रिचालीसवटा कथा बाहेक न्यौपानेको कथाहरू पहिला पहिला पत्र-पत्रिकाबाट प्रकाशन भएपनि कथाकारले सङ्कलनका अभावले सङ्ख्या तोक्न सक्नुभएन । त्यसैले यी सम्पूर्ण कथाहरू एकै चोटी पुस्तकका रूपमा देखा पर्न सफल भयो ।साहित्यिक जीवनमा कलम चलाउन सफल न्यौपानेले आफ्नो साहित्यिक यात्राको सुरुवात आफ्ना आइ.ए. पढ्दाका नेपाली गुरु कृष्णचन्द्रसिंह प्रधानबाट भएपनि केदारमान व्यथित, सिद्धिचरण श्रेष्ठ, कृष्णचन्द्रसिँह प्रधान, चूडानाथ भट्टराई, धरणीधर कोईराला, गोपालप्रसाद रिमाल, विजय बहादुर मल्ल, मदनमणि दीक्षित, बासुशशी, परशुप्रधान, कृष्णभक्त श्रेष्ठ, मदन रेग्मी, रामचन्द्र न्यौपाने जस्ता साहित्यिक हस्तीहरू सँगको सम्पर्क तथा सहवासले गर्दा झन् तिखारिन पुगेको कथाकार आफैले बताउनु भएको छ । कथाकारले यसरी साहित्यिक क्षेत्रमा लागेर कलम चलाएपछि पूर्ण सफलता प्राप्त गरी नेपाली जनताको पीडा कथामा प्रष्टाएका छन् ।

कथाकार न्यौपानेले वि.पी. कोइराला, गुरूप्रसाद मैनाली, गोविन्द बहादुर मल्ल ( गोठाले ) रमेश विकल, भवानी भिक्षु, मनु बाज्राकी, पारिजात आदि कथाकारले देखाएको बाटोमा हिड्दा हिड्दै पनि अझै फरक बाटो पनि समाएको देखिन्छ । कथाकारले केही कथाहरूमा गुरूप्रसादको सामाजिक आदर्शोन्मुख यथार्थबादलाई थोरबहुत अनुसरण गर्दा उनले कथामा राम्रा र नराम्रा दुबै पक्षलाई आफ्ना कथामा छर्लङ्ग उतारेका छन् ।

समाजमा व्याप्त अन्धविश्वास, रुढिवादी, विधवासमस्या, आर्थिक स्थिति, पारिवारिक समस्या, धनी र गरीबबीचको वर्गीय द्वन्द्व आदिको उनका कथामा सजीव चित्रण पाइन्छ । न्यौपाने समाजको चित्रण गर्दा सामान्य गरीब परिवारदेखि दरवारका परिवार सम्म छनौट गरेका छन् । समाजमा विद्यमान समस्यालाई छनौट गर्दा आर्थिक कमजोर भई विदेश पलायन हुनुपर्ने युवाको समस्यालाई नै बढी जोड दिएका छन् ।

कथाकार न्यौपाने कथाका क्षेत्रका पछिल्ला अर्थात् आधुनिक कालको पनि पाँच दशक पछाडिका कथाकार हुन् । उनले आफूभन्दा अगाडिका मैनाली, कोइराला, विकल, मल्ल दाजुभाइ, पुष्करशमशेर, देवकोटा, सम, पारिजात जस्ता कथाकार र विदेशी मोपाशाँ, गोर्की, मार्कटवेन आदि को कथा पनि अध्ययन गरेकाले उनको कथा सङ्ग्रहमा प्रभाव पर्नु स्वभाविकै लाग्छ । उनका केही कथामा आदर्श तिर गएर टुङ्गिएको छ । कुनै यौन कुण्ठाका कारण बैमनश्य, आर्थिक कमजोरीका कारण बिद्रोह, अन्याय अत्याचारका कारण आन्दोलन जस्ता विभिन्न धार कथामा पाउन सकिन्छ ।

न्यौपानेको कथालेखन शैली सरल भएपनि रैखिक र वृत्तकारीय दुवै ढङ्गबाट लेखिएको छ । न्यौपानेले समाजको चित्रण गर्दा प्रायः गाउँलाई नै कार्यपीठिका बनाएका छन् । समाजका दुःख सुख हाँसो-रोदन व्यक्त गरिएका छन् । उनका कथामा प्रथम पुरुष र तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । समाजको यथार्थ चित्रण भएकोले उनका कथाहरू पढिसकेपछि पाठकलाई करुणाको भाव गराई सहानुभुति बटुल्न सफल भएका छन्, जुन उनको कथागत वैशिष्ट्य हो । उनले कथामा व्याकरण सम्मत सरल एवम् सम्प्रेष्य भाषाको प्रयोग गरेका छन् ।

न्यौपानेको कथालाई विश्लेषण गर्दा शिल्पगत पक्ष कमजोर भएपनि कथावस्तु मजबुत छ । न्यौपानेका कथामा रहेको भाषा शैली र संवाद जीवन्तता अपेक्षाकृत नै देखिन्छ । कथा रोचक समय सान्दर्भिक भए पनि कथाको मुख्य आसय बुझिए पनि समाधानार्थ विकल्पको टुङ्गो धेरै कथामा पाइदैन । सामाजिकता, यथार्थता, यौनमनोविज्ञान, प्रगतिवादी सोचको प्रस्तुतिमा सरलता पाइन्छ । कथाकार न्यौपानेले नेपाली कथामा कुनै वाद वा प्रवृत्तिलाई आमन्त्रण नगरे पनि उनले नेपाली कथाको क्षेत्रलाई समृद्ध पार्ने काम गरेका छन् । न्यौपानेले मनोवैज्ञानिक लगायत विविध विषयवस्तुको प्रयोग कथामा गरेकाले पहिलो वि.पि., मल्ल गोठाले, भिक्षु, मैनाली, विकलका अनुयायी हुन् भन्न सकिन्छ ।

सामाजिक राजनैतिक चेत भएका न्यौपानेले कथामा सरल भाषाको प्रयोग गर्दा गर्दै कहीँ कतै सामान्य शब्दको पनि अङ्ग्रेजी शब्द छनौट गरेका छन् । देशको आर्थिक कमजोरी का कारण युवा अर्थात् श्रीमान् विदेशी हुनुपरेपछि नेपाली नारीहरूका समस्यामा केन्द्रित भई नारीका अन्य समस्याहरूमा विधवा, श्रीमान्को बहुविवाह, पुरुषको अनैतिक यौन व्याभिचार, अवैध गर्भ धारण आदि जस्ता समस्याका साथै आर्थिक रूपमा विपन्ता वर्गको चित्रण र

जातीय तथा अन्धविश्वासमा ग्रसित समाजको बढी रुचि भएका न्यौपानेमा नारीवादी चेत र वर्गीय चेत प्रखर रूपमा रहेको छ । उनी अग्रज कथाकारहरू जसरी युगान्तकारी कथाकारका रूपमा स्थापित भएर लाखौँ कथाकारमध्ये एक अवश्य हन् । साहित्यमा न्यौपानले विगत वर्तमान र भविष्यमा अझै ठूलो योगदान पुऱ्याउने प्रयासमा देखिन्छ । साहित्य क्षेत्रमा लागेर कथा क्षेत्रलाई नै बढी महत्त्व दिँदै साना-साना विषयलाई कथागत रूपमा ढाली त्यसको प्रसङ्ग अनुसार व्याख्या गर्नु, मिठो र रसिलो बनाउन उखानटुक्का प्रयोग गर्नु, उपयुक्त शीर्षक राख्नु, कथाकार न्यौपानेको निजत्व हो । उनको कथा वृत्तकारीय भएकोले बुझ्न झञ्झटिलो छैन त्यसैले कथा सरल पनि देखिन्छ । उनको कथामा बोलीचाली भाषा, शैलीगत सरलता, विषय, चयनको गहनाता र सूक्ष्म विश्लेषणात्मकता, परिवर्तन शीलता, यौनमनोविज्ञानको सूक्ष्म अध्ययन कथाकारको पहिचान हो भने ती विशेषतालाई सरल, सहज र कोमल भाषा एवम् छरितो शैली व्यक्त गर्नु न्यौपानेको कथाकारिताको वैशिष्ट्य हो ।

# सन्दर्भसूची

# सन्दर्भसामग्री सूची


अधिकारी, गोविन्द (२०६६), *उकालो लागिरहँदा* (भूमिका), **पुस्तान्तर,** लेखक : तुलसीप्रसाद न्यौपाने (संयुक्त लेखन), काठमाडौँ : गोरखा साहित्यिक मञ्च ।

अधिकारी, सीताराम (२०६४), *मन्तव्य,* **मनका लहर**, लेखक : तुलसीप्रसाद न्यौपाने ललितपुर : बगलामुखी अफसेट प्रेस ।

अधिकारी, सीताराम (२०६४), *मनका लहर सरसर्ती हेर्दा,* **मनका लहर,** लेखक : तुलसीप्रसाद न्यौपाने, ललितपुर : बगलामुखी अफसेट प्रेस ।

अधिकारी, हेमङ्गराज र भट्टराई, बद्रीविशाल (२०६१), **प्रयोगात्मक नेपाली शब्दकोश,** काठमाडौँ : विद्यार्थी प्रकाशन प्रा.लि. ।

उचै, बेलकुमारी (२०५७), **कृष्णबम मल्लको कथाकारिता,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), कीर्तिपुर : केन्द्रीय नेपाली विभाग ।

कोइराला, कुलप्रसाद (२०६६), *आधुनिककाल र गोरखाली स्रष्टा,* **नेपाली साहित्य र गोरखाली स्रष्टाहरू,** काठमाडौं : दीपकिरण प्रिन्टिङ एण्ड ट्रेडस अनामनगर ।

खनाल, नारायणप्रसाद (२०६१), *एक झलक केही गोरखाली साहित्यकारहरू,* **गोरखाको डायरी,** गोरखा : हरि सांस्कृतिक केन्द्र ।

जोशी, सत्यमोहन (२०६६), *दुई शब्द* (भूमिका), **महादेशीय यात्रा,** लेखक : तुलसीप्रसाद न्यौपाने, ललितपुर : जगदम्बा प्रेस ।

न्यौपाने, कमला (२०६६), *प्रकाशकीय,* **मान्छेका कथा,** लेखक : तुलसीप्रसाद न्यौपाने, ललितपुर : बगलामुखी अफसेट प्रेस ।

न्यौपाने, कमला (२०६४), *प्रकाशकीय,* **मनका लहर,** लेखक : तुलसीप्रसाद न्यौपाने, ललितपुर : बगलामुखी अफसेट प्रेस ।

न्यौपाने, तुलसीप्रसाद (२०६४), **मनका लहर,** ललितपुर : बगलामुखी अफसेट प्रेस ।

———————— (२०६४), **मान्छेका कथा,** ललितपुर : बगलामुखी अफसेट प्रेस ।

———————— (२०६६), **पुस्तान्तर,** काठमाडौँ : गोरखा साहित्यिक मञ्च ।

———————— (२०६६), **महादेशीय यात्रा,** ललितपुर : जगदम्बा प्रेस ।

पन्त, चेतनाथ (२०६७), **साहित्यकार तुलसीप्रसाद न्यौपानेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), चितवन : वीरेन्द्र बहुमुखी क्याम्पस, नेपाली विभाग ।

पोखरेल, भानुभक्त (२०४५), **बोध, शैली र अभिव्यक्ति,** सप्तम संस्करण, विराटनगर : श्याम पुस्तक भण्डार ।

भट्टराई, तुलसीप्रसाद (२०६६), *'मान्छेका कथा'भित्रको कथा,* **मान्छेका कथा,** लेखक : तुलसीप्रसाद न्यौपाने, ललितपुर : बगलामुखी अफसेट प्रेस ।

रिसाल, राममणि (२०६६), *यात्रा फेरी यात्रा जीवनयात्रा,* **महादेशीय यात्रा,** लेखक : तुलसीप्रसाद न्यौपाने, ललितपुर : जगदम्बा प्रेस ।

शर्मा, तारानाथ (२०६६), *सार्थक र पठनीय यात्रात्मक प्रस्तुती,* **महादेशीय यात्रा,** लेखक : तुलसीप्रसाद न्यौपाने, ललितपुर : जगदम्बा प्रेस ।

शर्मा, दीननाथ पण्डित (२०५४), *नेपाली साहित्यको आधुनिककाल र गोरखाको साहित्य सिर्जना परम्परा,* **नेपाली साहित्यमा गोरखा,** गोरखा : हरि सांस्कृतिक केन्द्र ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०७०), **नेपाली कविता, नाटक र इतिहास,** काठमाडौं : नवीन प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०६०), **नेपाली कथा** भाग-४, दोस्रो संस्करण, ललितपुर : साझा प्रकाशन ।

# परिशिष्ट

# परिशिष्ट

## अन्तरवार्ताका लागि तयार पारिएको प्रश्नावाली

कथाकार **तुलसीप्रसाद न्यौपानेको कथाकारिता** शीर्षक चयन गरिएको यस शोधपत्रमा स्वयम् कथाकारका लागि तयार पारिएको नमुना प्रश्नावाली यसप्रकार छ :

१. तपाइँको जन्म कहिले र कहाँ भएको हो ?

२. आफ्नो नामकरण, पुर्ख्यौली र वंशपरम्पराका बारेमा केही बताइदिनु हुन्छ कि ?

३. आफ्नो बाल्यकाल र शिक्षा-दीक्षाका बारेमा केही बताइदिनु हुन्छ कि ?

४. तपाइँले साहित्यलेखन कहिलेबाट सुरू गर्नुभयो ?

५. तपाइँले क-कसबाट साहित्यलेखनमा लाग्ने प्रेरणा पाउनुभयो ?

६. तपाइँ कुन-कुन साहित्यिक सस्थासँग संलग्न हुनुहुन्छ ?

७. तपाइँलाई कथा प्रकाशन गर्न क-कसले सहयोग गरेका थिए ?

८. अब तपाइँको थप कृति प्रकाशन गर्ने विचार छ कि छैन ?

९. तपाइँलाई मन पर्ने विधा कुन हो ?

१०. तपाइँले यौनमनोविज्ञानलाई प्रधानता दिनुको कारण के हो ?

११. तपाइँले नारीलाई प्रधानता दिनुको कारण के हो ?

१२. तपाइँले विविध विषयवस्तुलाई समेटेर कथा लेख्नुको कारण के हो ?

१३. तपाइँले आफ्नो कथाका पात्र छनौट गर्दा सामान्यदेखि उच्चस्तरका सम्म रहेका छन् किन ?

१४. साहित्यको क्षेत्रमा तपाईले गरेको योगदानको कदर र मूल्याङ्कन भएको ठान्नुहुन्छ ?

१५. तपाइँलाई साहित्यको क्षेत्रमा अब के गर्ने विचार छ ?

१६. साहित्यको क्षेत्रमा बाहेक अन्य क्षेत्रमा तपाइँले गरेको योगदानको कत्तिको कदर र मूल्याङ्कन भएको ठान्नुहुन्छ ?

१७. विदेशी कथाकारको कथा अनुवाद गरेर प्रकाशन गर्नुको कारण के हो ?

१८. तपाइँले आफ्नो कथाको विषयवस्तु कहाँ-कहाँबाट प्राप्त गर्नु भयो ?

१९. तपाइँले कुन-कुन देशको भ्रमण गर्नु भएको छ ?

२०. तपाइँले नेपालको कुन-कुन जिल्लाको भ्रमण गर्नु भएको छ ?

२१. तपाइँको दुःखलाग्दो र अविस्मरणीय घटना के-के हुन् ?